Digitized by Arya Samaj Foundation Chennai and eGangotri

हाम्रा चाडपर्वहरू

२४.२६०९५४६
व १६८ का

रत्न पुस्तक भण्डार
काठमाण्डौं, नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो चाड-पर्व

लेखक

पुण्यरत्न वज्राचार्य एम० ए० (संस्कृति)

डिप्० इन-मण्ट० एन० एन० ए० एड्० (सेकेण्ड क्लास)

प्रकाशक

रत्न पुस्तक भण्डार

काठमाण्डौं, नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :

रत्न पुस्तक भण्डार

भोटाहिटी, काठमाडौं।
(नेपाल)

३९४.२६०९५४९६
व १६६ हा

पाँचौं संस्करण ।०४३

सर्वाधिकार लेखकमा सुरक्षित

मूल्य : रु० १२·००

मुद्रक :
सूरज प्रसाद गुप्त
राजेश प्रिंटिंग वर्क्स
त्रिलोचनघाट, वाराणसी।

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

नेपाली
संस्कृतिका प्रतीक
स्व० श्री ५ महाराजाधिराज
महेन्द्रवीरविक्रम शाहदेवका
स्मृतिमा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

हामी नेपालीहरूले मानेका चाडबाडको सुन्दर वर्णन तथा तिनका उत्पत्तिको धार्मिक विवरण भएको यो पुस्तक बडो उपयोगी तथा रोचक छ। समयको प्रभावले हामी नेपालीहरूको जीवनमा पनि तीव्र गतिले परिवर्तन आउँदै छ तथा संस्कृतको पठन पाठन पनि घट्दै छ। यसले गर्दा स्वभावतः हामी आफ्ना अनेक सांस्कृतिक तथा धार्मिक व्यवहारसम्बन्धी घेरै कुरा बिसंदै छौं।

कुनै जातिका विशेषताको रक्षा उसको संस्कृतिबाट नै हुन्छ। हामी कुन चाडबाड कसरी मान्छौं तथा त्यसको उत्पत्तिको विषयमा पुस्ता दरपुस्तादेखि हाम्रा के विचार रहेछ तिनको हाम्रा सांस्कृतिक जीवनमा आफ्नै महत्व छ। त्यो महत्व राम्ररी बुझ्न यो पुस्तकबाट ठूलो सहायता प्राप्त हुन्छ।

अहिले चलेको धार्मिक रूपभन्दा माथिल्लो तहमा हाम्रा चाडबाडको अर्को रूप हुनु पनि सम्भव छ तर सांस्कृतिक दृष्टिले तिनका धार्मिक रूपसितको परिचय नै पर्याप्त छ। वर्तमान चाडबाडहरू आजभन्दा सय दुइ सय वर्षअघि वा सम्म, त्योभन्दा पनि अघि हाम्रा पुर्खाहरू कसरी मनाउँथे त्यसको ज्ञान हुनु बडो असल कुरा हो। तर आधुनिक शिक्षा तथा पारिपार्श्विक अवस्थाले गर्दा प्राचीन चलनअनुसार हामी-हरूले कुनै चाड मनाउन नसके तापनि आज फलानो चाड हो भन्ने सम्झी त्यसलाई आफ्नो अनुकूल ढाँचाले भनाएमा पनि संस्कृतिको परम्परा कायम रहने हुन्छ।

बाल्यअवस्थादेखि नै यो विषयको ज्ञान हुनु आवश्यक छ तथा यसैले यो पुस्तकले प्रत्येक पाठशालामा, पुस्तकालयमा आदरणीय स्थान पाउनु पर्छ। हाम्रा पाठशाला-हरूमा जातीय चाडहरू समुचित रीतिले मनाउने व्यवस्था हुनुपर्छ। यसो भयो भने हाम्रा बालक-बालिकाहरू सानै उमेरदेखि जातीय चाडबाडको महत्व बुझ्ने हुन्छन्।

आफ्नो संस्कृतिको रक्षा गर्नु नेपालीमात्रको परम कर्तव्य हो। त्यो कार्यमा यो पुस्तकले ठूलो सहायता गर्नेछ भन्ने कुरामा केही सन्देह छैन। श्री पुण्यरत्न वज्राचार्यले अग्रगामी भै यो सुन्दर पुस्तक लेखी हामी नेपालीहरूलाई पथप्रदर्शन गर्नुभएको छ। यस्ता अनेकानेक पुस्तक नेपाली भाषामा शीघ्रातिशीघ्र लेखिनु उचित छ। नेपाली राष्ट्रको एकीकरण तथा यसको विकासका निम्ति यो तथा यस्तै अरू अनेक पुस्तकको पठनपाठनमा हुर्केका युवक तथा युवतीहरूको आवश्यकता छ।

CC-0. In Public Domain. Digitization by eGangotri

जातीय दृष्टिले यस्तो उपयोगी काम यसरी सुन्दरतापूर्वक गर्ने श्री पुण्यरत्न वज्राचार्यको हामी सबै नेपालीले अभिवादन गर्नुपर्छ तथा वहाँबाट जातीय भावना जागरित गराउने यस्ता अरू अनेक पुस्तकको रचना होलान् भन्ने आशा हामी सबैले गरेका छौं।

—सूर्यविक्रम ज्ञवाली

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो धारणा

संसारको जुनसुकै भागमा बस्नेहरूले पनि आ-आफ्नो सम्प्रदायअनुसार आ-आफ्नै तरीकाले चाड-पर्वहरू मनाइआइरहेका छन्, जसलाई संस्कृतिको मुख्य अंग मान्न सकिन्छ। त्यसमा हामी नेपाली पनि पछि परेका छैनौं। तर अहिले बढ्दो पाश्चात्य शिक्षा-प्रणालीले गर्दा हाम्रो देशका नवयुवक-नवयुवतीहरूले यसप्रति अनास्था जनाउँदै आएको बुझिन्छ यो बडो खेदको कुरो हो। अंग्रेजी शिक्षा अंग्रेज बन्न लिइने होइन भन्ने बुझेर आ-आफ्नो संस्कृतिको पूर्णतया पालन गर्नुपर्छ भन्ने सम्झनु र तदनुरूप काम गर्नु पनि सबैको परम कर्तव्य हो। तर अहिले त्यसो नभएर आधुनिक शिक्षित व्यक्तिहरूको विचारधारा उल्टो दिशातिर मोडिन लागेको छ।

"स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः" भन्ने भगवान् श्रीकृष्णको अमरवाणीले हामीलाई "धर्म, संस्कृति र आचारप्रति अटल श्रद्धा राख" भन्ने संकेत गरिरहेको छ। यसलाई हामीले बेवास्ता गरेमा हामी "न हाँसको न कागको हिँडाइ" जस्तै हुनेछौं। यो सबैले विचार गर्नुपर्ने कुरो छ।

आफ्नो संस्कृति अनुरूपका चाडपर्वहरू अन्धपरम्पराबाट मनाउनुभन्दा त्यसको रहस्य बुझेर मनाउनु नै धेरै श्रेयस्कर हुने कुरा पनि निर्विवाद सिद्ध छ। त्यसैले मेरा परम मित्र श्री पुण्यरत्न वज्राचार्य एम० ए० ले लेखनुभएको यो वर्षभरका चाड-पर्वको ऐतिहासिक तथ्यले सुसम्पन्न 'हाम्रो चाड-पर्व' नामको पुस्तक हाम्रो संस्कृति-को महत्व दर्शाउन निकै सफल छ र यसलाई सबै नेपालीहरूले राम्ररी पढेर तदनुरूप आफ्नो संस्कृतिको सुरक्षा गर्नु परम कर्तव्य हुनेछ भन्ने मेरो धारणा छ।

अब यस पुस्तकलाई पाठ्यक्रममा राखिदिएमा पढ्ने या पढ़ाउने सबैलाई यसको मनन गर्ने मौका प्राप्त हुने हुनाले एकातिर आफ्नो धर्म-संस्कृतिको महत्व सबैले बुझ्ने र अर्कोतिर लेखकको प्रयास खेर नजाने हुनाले यसो गर्दा संस्कृतिको सुरक्षा-कार्यमा ठूलो टेवा मिल्नेछ भन्ने पनि धारणा छ।

संस्कृतिको सुरक्षा गराउने एकमात्र उद्देश्यले यो पुस्तक लेख्न प्रयास गर्ने लेखकज्यू धन्यवादको पात्र हुनुहुन्छ।

— श्री यदुनाथ आचार्य
प्राध्यापक,
त्रिचन्द्र कालेज
काठमाडौं, नेपाल।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

राष्ट्रको जीवनमा प्राण-सञ्चार गरी राष्ट्रिय भावना जगाउन, देश, काल र परिस्थितिअनुसार मनाउने गरिएमा भूत, भविष्य र वर्तमानको विचार राखी समाज-लाई विकासोन्मुख पार्न तथा राष्ट्रभित्रका विभिन्न तत्वलाई तितर-बितर हुन नदिई एक सूत्रमा उन्न चाड-पर्वोत्सवको अत्यन्त ठूलो महत्व छ। र साथै विभिन्न समस्यामा जकडिएका सर्वप्रथम जीवनलाई केही दिन केही क्षण मात्र भए पनि दैनिक जीवनको परिश्रम र कार्यभारबाट मुक्त गराई समयान्तरमा आनन्द, उमङ्ग तथा जीवनोपयोगी शिक्षा-दीक्षा प्रदान गर्नमा पनि चाड-पर्वोत्सवको ठूलो देन छ चाड-पर्वोत्सवको बखत प्राप्त हुने वा थोरै समयको विश्रान्तिले मनुष्यमात्रको जीवनलाई नया जोश, नयाँ शक्ति, नयाँ स्फूर्ति, नयाँ प्रेरणा तथा नयाँ धारणा दिन्छ। जुन राष्ट्रले जति यस्ता चाडपर्वोत्सवरूपी महासागरमा गोता मारेको हुन्छ त्यो त्यत्तिकै सशक्त, सभ्य र प्राणवान मानिन्छ। राष्ट्रविशेषको सामाजिक तथा सांस्कृतिक उच्चता र सभ्यता पनि चाड-पर्वोत्सवबाटै प्रकट हुन्छ। किनभने चाड-पर्वोत्सव संस्कृतिको एक प्रमुख अङ्ग तथा विकसित समाजको प्रतीक हो।

यी उपर्युक्त कारणले गर्दा संसारका जुनसुकै राष्ट्र वा देशमा पनि त्यस देश वा राष्ट्रको भौगोलिक स्थिति, जलवायुको प्रकृति तथा जन-जीवनको गतिविधि अनुसार चाडपर्वोत्सव हुने स्वाभाविक कुराको अनुरूप संसारको सर्वोच्च शिखर सगरमाथासहित सयौं सरोवर, नदीनाला, पहाड़, पर्वत, झरना आदिले सुशोभित भई प्राकृतिक सौन्दर्यले परिपूर्ण भएको प्राचीन संस्कृति भिजेको शैव, वैष्णव, बौद्ध आदि धर्मावलम्बीहरूले काँधमा काँध मिलाई बास गरेको—एशिया महाद्वीपको मुटुमा ५ ६,००० वर्गमील क्षेत्रभित्रको परिधिमा गौरवका साथ असल हावापानीले युक्त भई फैलिएर रहेको कृषिप्रधान पर्वतीय राष्ट्र नेपाल अधिराज्यमा स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आधुनिक चाड-पर्वोत्सवहरूका अतिरिक्त अति प्राचीन समयदेखि असंख्य परम्परागत स्थानीय तथा राष्ट्रिय चाड-पर्वोत्सवहरू छन्। त्यसैले यस देशको नाम चाडै-चाडको देश भनी संसारमा प्रसिद्ध छ।

नेपालका चाडपर्वोत्सवहरू माथि उल्लेख गरिएका कुरासँग मिल्ने गरी देशको भौगोलिक स्थिति, जलवायुको प्रकृति र जन-जीवनको गतिविधिअनुसार आफ्नै मौलिक विशेषता भएका छन्। यहाँका चाड-पर्वोत्सवहरू वास्तविक दृष्टिकोणबाट

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्दा मनोवैज्ञानिक, वैज्ञानिक, आर्थिक, राजनीतिक, सामाजिक, कुटनीतिक, मनोरञ्जक तथा स्वास्थ्य-रक्षा आदि अनेक कारणहरूबाट उत्पन्न भइरहेका हुन् भन्न सकिने खालका छन् । तर बाह्य दृष्टिकोणबाट मात्र हेरी विचार गर्दा र यहाँका चाड-पर्वोत्सवहरूको महत्वबारे लेखिएका धर्मग्रन्थ, पुराण तथा तन्त्र आदिका पुस्तकहरू मात्र हेर्दा वा चाड-पर्वोत्सवहरूको बखत गरिने प्रमुख व्यावहारिक कार्यहरूउपर ध्यान राख्दा यहाँका चाड-पर्वोत्सवहरू धार्मिक रङ्गमा रङ्गिएका पाइन्छन् र वस्तुभन्दा परन्त सुधार्ने आध्यात्मिक कारणबाट मात्र नै यहाँका चाड-पर्वोत्सवको उत्पत्ति भइराखेको हो कि भन्ने भान पर्दछ । किनभने नेपालमा वर्ष दिनभरिका प्रत्येक दिनलाई पवित्र ठानिन्छ र प्रत्येक दिन भने झैं नै सानो वा ठूलो पर्वोत्सव मनाइन्छ । अनि पाश्चात्य विद्वान्हरूले समेत जनालय जति छन् त्यति नै देवालय र जनता जति छन् त्यति नै देवताका मूर्तिहरू भएको देश भनी मुक्तकण्ठले प्रशंसा गरेका कुरासँग मिल्ने गरी असंख्य देवदेवीहरूका मूर्ति भएका र धार्मिक प्रवृत्तिका मानिसहरू धेरैले वास गरेको देश भएकोले यहाँ प्रत्येक चाड-पर्वोत्सवको समयमा विभिन्न देवदेवीहरूका अतिरिक्त मानिस, पशुपक्षी र कीट-पतङ्गको समेत पूजा गरिन्छ । उदाहरणार्थ, गुरु-पूजाको दिन आफूलाई शिक्षा-दीक्षा दिने गुरुको, कुशेऔंसी र मातृ औंसीको दिन क्रमशः आफूलाई जन्म दिने बाबु र आमाको, घोडेजात्रा र महानवमी आदिमा बाल-बालिकाहरूको, तिहारमा लक्ष्मीपूजाका दिन छोरीहरूको, गोवर्धनपूजाको दिन क्रमशः कुकुरको कागको, नागपञ्चमीको दिन नागको, गाईजात्राको बखत गाईको र त्यस्तै प्रकारसँग गाईजात्राभन्दा केही दिनअगाडि भ्यागुतोको समेत पूजा गरिन्छ । फेरि चाड-पर्वोत्सवहरूमा अरू अरू कार्यका साथ विशेष गरीकन स्नान, दान, ध्यान, पठन पाठन, कीर्तन र यज्ञयागादि गरिन्छ । यी कारणहरूले गर्दा नेपालको चाड-पर्वोत्सवको उत्पत्ति धार्मिक तथा आध्यात्मिक कारणहरूबाट मात्र भएको हो कि भन्ने भ्रम पर्न गएको हो । तर वास्तवमा, नेपालका चाड-पर्वोत्सवहरूको उत्पत्ति उस बेलामा विना धार्मिक भावना कुनै कुरामा पनि आस्था तथा विश्वास नराख्ने धार्मिक प्रवृत्तिका मानिसहरूको मनोभावनासँग मिल्ने गरी धार्मिक रङ्गमा रङ्गिई अरू नै कारणहरूबाट उत्पन्न भएका हुन् भन्ने कुरा सप्रमाण देखिन आउँछ ।

सर्वप्रथम हामीले आमोद-प्रमोद विषयका कुरा नै लिऔं । अन्न-जलको शरीरलाई सधैं जोताई मात्र राखेर कल्याण हुँदैन । त्यसैले दिनभर अनेक परिश्रम गरिसकेपछि रातमा विश्राम गर्ने प्राकृतिक नियम बनि रहेको छ । शारीरिक विश्रामले मात्र पुग्दैन, शारीरिक विश्रामको साथै मानसिक विश्राम पनि बेला बेलामा हुनु नितान्त आवश्यक छ । किनभने मन र शरीरको घनिष्ठ सम्बन्ध छ र मन शरीर दुवै

CC-0. In Public Domain. Digitization by eGangotri

मिलेर नै संसार चलिरहेको छ। ख्याल ठट्टा, हँसी-दिल्लगी, लहर-बहड आदि मानसिक विश्रान्ति प्राप्त गर्ने मुख्य साधनहरू हुन्। कुनै कुनै मानिसहरू खान, पिउन र लाउन पाइएमा अरू समस्या त्यसै हल भइहाल्दछ भन्दछन्, तर यो गलत धारणा हो। मनुष्यमात्रको जीवनलाई खान, पिउन र लाउन पाएर मात्र हुँदैन, मनलाई पनि सन्तुलित तुल्याएर राखिछाड्नुपर्दछ। अनि मात्र चाहिएको वेला मनले उचित ठहर निकाली आवश्यक काम सफलतापूर्वक गर्न सकिन्छ। मनलाई विश्रान्ति दिई सन्तुलित मन तुल्याई राख्न आमोद-प्रमोदको ठूलो आवश्यकता छ। आमोद-प्रमोद प्रदान गर्ने कार्यमा चाड-पर्वोत्सवको ठूलो हात छ। त्यसैले संसारका धेरैजसो मुलुकका चाड-पर्वोत्सवको उत्पत्ति आमोद-प्रमोदको लागि भइराखेको पाइन्छ। पाश्चात्य विद्वान्हरूको कथनानुसार त चाड-पर्वोत्सवहरूका उत्पत्तिका विभिन्न कारणहरूमध्ये आमोद-प्रमोद पनि एउटा भइरहेको छ, किनभने नेपालमा पहिले आजकाझैं आमोद-प्रमोदका साधन धेरै नभएकोले आमोद-प्रमोद अर्थात् लहडबहड प्राप्त गर्ने साधन यिनै चाड-पर्वोत्सवलाई गरिराखेको थियो। यो कुरा हामीले चाड-पर्वोत्सवका वेला गरिने खटयात्रा, रथयात्रा आदि विभिन्न ऋतुअनुसारका गाना, विभिन्न प्रकारका बाजाहरू तथा अनेक तरहका किसिम किसिमका नाचहरूबाट थाहा पाउन सक्तछौं। उदाहरणार्थं, गाईजात्रा र इन्द्रजात्राको बखत आठ आठ दिनसम्म नाच गान प्रहसन, यात्रा आदि कार्य गरिने, फागुको बखत आठ दिनसम्म अबीर खेली गाना गाई दिन बिताइने, तीजको दिन नारी जातिले नाचगान गर्ने, त्यस्तै प्रकारसंग तिहारको दिन दिन भैलो र धौसी मागने कार्य गरिने इत्यादि कुराहरूको उल्लेख गर्न सकिन्छ। अनि यिनै प्रमाणहरूले गर्दा नेपालका चाड-पर्वोत्सवको उत्पत्तिको एउटा कारण मनोरञ्जन अर्थात् आमोद-प्रमोद पनि हो भन्न सकिन्छ।

अर्को कुरो, हामीले चाड-पर्वोत्सवको वेला नेपालमा खाइने वस्तु र गरिने कार्य-हरूको आधार-विचार गर्दा नेपालका चाड-पर्वोत्सवको पृष्ठभूमिमा अहिलेको यो आणविक तथा वैज्ञानिक युगलाई सुहाउँदो स्वास्थ्य-रक्षासम्बन्धी अनेक शिक्षा तथा प्रेरणादायक कारणहरू पनि भेट्टाउन सक्तछौं। किनभने नेपालमा प्रत्येक चाड-पर्वोत्सवको बखत सर्वप्रथम गरिने कार्यहरू लिपपस, नुहाइ-धुवाइ तथा सफा-सुग्घर र शुद्धयाईका कार्यहरू हुन्। यी कार्यहरू जम्मै स्वास्थ्यरक्षाका लागिनै हुन्। यसमा दुइ मत निस्कन सक्तैन। त्यस्तै प्रकारसंग नेपालमा विभिन्न चाड-पर्वोत्सवको बखत विभिन्न प्रकारका खानेकुराहरू ऋतु काल र समयसंग मिल्ने गरी खाइन्छन्। प्रत्येक चाडमा एकै किसिमको मात्र खाने कुरो खाइन्न। कुनै चाडमा कन्दमूल मात्र खाइन्छ त कुनै चाडमा रोटी खाइन्छ, फेरि कुनै चाडको बखत रोटो खाइन्छ त कुनै चाडको बखत मासु खाइन्छ। यस प्रकार विभिन्न चाडमा विभिन्न प्रकारको खाने कुरो

CC-0. In Public Domain. Digitization by eGangotri

खाइन्छ । त्यो पनि खानेकुरोलाई खानेकुरोको दृष्टिकोणबाट मात्र हेरेर होइन; खानेकुरोलाई औषधि-मूलोको दृष्टिकोणबाट समेत हेरीकन मात्र । प्रमाणको लागि हामीले शरीरमा अग्नि मन्द भइरहने आषाढ़ र श्रावणको बखत घण्टाकर्णको चाड मानी अग्नि बलियो पारी खाएको वस्तुलाई हजम गर्ने र पाचनशक्ति बढाउने छयारी, लसुन आदि खाद्य वस्तुहरू र पेट गोलमाल भई घरैजसो मानिसहरूलाई विसूचिका आदि रोग लाग्न सक्ने श्रावण भाद्रतिर गाईजात्रा तथा जनै पूर्णिमाको चाड-पर्वोत्सव मनाई अनेक मसला मिलाएर केराउ, बोडी, चना आदि पदार्थलाई पकाई त्यसको रसलाई क्वाथको रूपमा क्वाटी भनी लिइने आदि कुराको उल्लेख गर्नु नै पर्याप्त हुन्छ । अतः नेपालका चाड-पर्वोत्सवको उत्पत्तिको अर्को प्रमुख कारण स्वास्थ्य-रक्षासम्बन्धी कुरा भनी निस्सङ्कोच भन्न सकिन्छ ।

यस प्रकार नेपालका चाड-पर्वोत्सवको उत्पत्तिका कारणहरूमा सामाजिक, राजनीतिक, वैज्ञानिक, मनोवैज्ञानिक, आदि कारणहरू पनि छन् भनी रत्तीभर नहिचकिचाई भन्न भनिन्छ । यस विषयका कुराहरू क्रमैसँग भिन्न भिन्न चाड-पर्वोत्सवको वर्णनका प्रसंगमा पूर्ण तरहले उल्लेख गरिनेछ ।

यस प्रकारसँग अनेक प्रामाणिक कुराहरूको कसीमा घोटेर हेर्दा नेपालका चाड-पर्वोत्सवहरू बेकारका रहेनछन् भन्न सक्तछौं र साथै यस्ता चाड-पर्वोत्सवका प्रवर्तक हाम्रा पूर्वजहरू आजकालका पाश्चात्य विद्वानहरूभन्दा कम विद्वान् रहेनछन् भन्ने कुरा पनि थाहा पाउन सकिन्छ । अनि ती हाम्रा विद्वान् पूर्वजहरूले बहुजन हिताय र बहुजन सुखायको हेतुले मानव कल्याणकारी युक्तिहरू भेट्टाएर ती युक्तिहरूलाई व्यावहारिक रूपमा कार्यान्वित गराउन त्यस बेलाको देश, काल, परिस्थिति र मानिसहरूको विचारधारासँग अनुकूल हुने गरी पूरापूर तथ्य कुरो नबताई भावनात्मक कुरोलाई ठोस कुरामा परिणत गरी बताएर चाड-पर्वोत्सवको सृष्टि गरिराखेका हुन् भन्ने कुरा स्पष्ट बुझिन्छ । अतः नेपालका पर्वोत्सव विषयका वास्तविक उपादेयतालाई बुझी देशको विशेष किसिमको संस्कृतिको संरक्षण गर्न र समाजलाई घुमाउरो तवरबाट शिक्षा-दीक्षा तथा प्रेरणा दिई विकसित पार्न विशुद्ध तवरबाट चाड-पर्वोत्सव मनाउनाले लाभदायक नै हुन्छ । अरू समयको प्रभावले गर्दा यस्ता चाड-पर्वोत्सवमा मिसिरहेका विकृतिलाई हटाउनु आवश्यक छ । वास्तविक तथ्य कुरोको खोज-तलाश गरेर नेपालका चाड-पर्वोत्सव विषयमा ज्ञान प्राप्त नगरी अरूले घोडा चढेको देखी आफूले घरी चढ्न खोज्ने प्रवृत्तिका मानिसहरूले झैं चाडलाई भाँड भनी छोडनु आफू चढिरहेको रुखको टुप्पो आफैंले काटेर खोज्नुजस्तो हुन जानेछ भनेमा कुनै अत्युक्ति हुनेछैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुपर्ने कुरो

चाड-पर्व संस्कृतिको एक अङ्ग भएको हुँदा संसारको जुनसुकै भागमा पनि आ-आपनो मौलिक गुणले युक्त भएका चाड-पर्वोत्सवहरू हुन्छन्। हिमालयको काखमा रहेको पुण्य प्रकृतिले संयुक्त हाम्रो देश नेपालका पनि अनेक परम्परागत चाड-पर्वहरू छन्। यिनीहरूको वर्णन पत्र-पत्रिकाहरूमा फाटफुट मात्र पढ्न पाइने र कुनै कुनै बूढापाकाहरूको मुखबाट सुनिनेसिवाय सिगे पुस्तकरूपमा देख्न पाइएको छैन। त्यसैले हाम्रो संस्कृति-विषयक ज्ञान भएका विद्वान्हरूलाई कृतकृत्याउने र नहुनु मामाभन्दा कानो मामा बेस भन्ने उद्देश्यले चाड-पर्वको छोटकरी वर्णन तयार पारी यो पुस्तक प्रस्तुत गरेको छु। पुस्तकमा नेपाल अधिराज्यभरका राष्ट्रिय र स्थानीय चाड-पर्वहरूको समावेशले गर्दा पुस्तक वृहत्तर हुन जाने हुँदा ती विषयहरूको अर्को भाग खडा गर्ने उद्देश्य राखेको छु। फेरि यस विषयमा भन्नुपर्ने केही कुराहरू प्राक्कथनमा उल्लेख गरिसकेकोले यहाँ फेरि दोहऱ्याइरहनु उचित देख्तिनँ।

अन्तमा, आपनो अमूल्य समय गुमाई यस पुस्तकको भूमिका लेखिदिनुभएकोमा राष्ट्रिय पञ्चायतका सदस्य तथा नेपाल एकेडेमीका सदस्य सचिव आदरणीय श्री सूर्यविक्रम ज्ञवालीज्यूलाई र यो पुस्तक तयार पार्न सहयोग गर्नुभएका सर्वश्री हरिहर, गो० प० का सहायक सम्पादक ऋषभदेव शास्त्री, ने० अ० सांस्कृतिक केन्द्रका सचिव सत्यमोहन जोशी तथा दरबार हाईस्कूलका शिक्षकगणका साथै यो पुस्तक छापिदिनुभएकोमा रत्न पुस्तक भण्डारका साहू श्री रत्नप्रसाद श्रेष्ठलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। फेरि यो पुस्तक लेख्नमा काम लाग्ने अनेक कुरा मलाई बाल्यकालमा सुनाइ-राख्नुभएका बाजेहरू स्व० श्री कुलरत्न, बज्यैहरू श्री तधिमाया, श्री वसुन्धरामाया, पिता श्री गजरत्न तथा माता श्री जोगमायाप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु।

—लेखक

सकोछें, नं० ५/७७१ वसन्तपुर,

काठमाडौं, नेपाल।

मेष संक्रान्ति : २०२० साल

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो भन्नुपर्ने केही कुरा

हाम्रो चाड पर्व—को यो तृतीय संस्करण हो। चाड-पर्वसम्बन्धी कुरा लेखिएको यस्तो पुस्तक पाठकवर्गले यसरी रुचाउलान् भन्ने कुरो मैले कमै आशा राखेको थिएँ। पाठकवर्गले यो पुस्तकप्रति आ-आफ्नो अभिरुचि देखाएकोले 'नेपाली संस्कार' र 'नेपालमा मेला-सम्बन्धी' अरू एक-दुइ पुस्तक लेखेर पाठकवर्गको सेवा गर्न मलाई ठूलो प्रोत्साहन मिलेको छ। "हाम्रो चाड–पर्व" लाई जस्तै उक्त ती एक-दुई पुस्तक-लै पनि नयाँ-नयाँ संस्करण प्रकाशित गर्न पाठकवर्गबाट सुअवसर प्राप्त हुनेछ भन्ने आशा र विश्वासमा छु।

अन्त्यमा यो संस्करणको लागि आफ्नो मन्तव्य प्रकट गरी केही कुरा लेखिदिनुभएकोका परम हितैषी मित्र प्रा० यदुनाथ आचार्यप्रति कृतज्ञता ज्ञापन गर्नुको साथै भाषाको संशोधन गरी नयाँ रूप दिनु मिहनत गर्नुभएकोमा हितचिन्तक मित्रवर श्री ओजराज पन्तप्रति पनि म आफ्नो कृतज्ञता ज्ञापन गर्दछु।

—लेखक

५।७७१ सकोछें,
वसन्तपुर, काठमाडौं।
वि. सं २०४३, मकर संक्रान्ति

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

विषय	पृष्ठ
प्राक्कथन	क
१. मेष संक्रान्ति	१
२. बुद्ध जयन्ती	८
३. अक्षय तृतीया	१३
४. मातृ औंसी	१५
५. सिठी चाड	१७
६. कर्कट संक्रान्ति	२०
७. गठांमुगल	२२
८. नाग पञ्चमी	२८
९. गाईयात्रा	३१
१०. कृष्णाष्टमी	३७
११. पञ्चदान	४१
१२. कृशे औंसी	४४
१३. हरितालिका (तीज)	४७
१४. गणेश चतुर्थी (चथा)	५०
१५. ऋषि पञ्चमी	५३
१६. इन्द्रयात्राको परम्परा	५५
१७. दशैं	६३
१८. तिहार	६८
१९. धान्य पूर्णिमा	८१
२० मकर संक्रान्ति	८४
२१. श्रीपञ्चमी	८६
२२. शिवरात्रि	८९
२३. फागु-महोत्सव	९२
२४. घोडे यात्रा र पिशाच चतुर्दशी	९६
२५. चैत्रदशैं र रामनवमी	१०२

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

: १ :

मेष-संक्रान्ति : वैशाख-संक्रान्ति

वैदिक कालीन संस्कृतिको अवशेष अझसम्म पनि पूर्वरूपमा भने झैं बाँकी रहि-रहेको नेपाल अधिराज्यमा चान्द्रतिथिमुताबिक धेरैजसो दिनलाई पवित्र मानी ती दिनहरूमा कुनै कुनै धार्मिक कार्य गर्ने तथा चाड-पर्वोत्सव मनाइने प्रथा तथा परम्पराको अनुरूप सौर तीथिअनुसार प्रत्येक महीनाको पहिलो दिन अर्थात् संक्रान्ति नामक दिनलाई पनि पवित्र मानी ती दिनहरूमा उपर्युक्त किसिमका कार्य गर्ने प्रचलन छ। त्यसमा संक्रान्ति नामक दिनहरूमध्ये सूर्यले मेषराशिमा प्रवेश गर्ने दिनको नाम-बाट नामकरण भइरहेको 'मेष संक्रान्ति'को पनि ठूलो महत्व छ। यो संक्रान्ति प्रत्येक वर्षको पहिलो दिनमा पर्दछ।

यस दिन नेपाल अधिराज्यमा धार्मिक कार्य गर्ने र चाड-पर्वोत्सव मनाउने प्रथा छ। सर्वप्रथम मानिसहरूले यस दिन बिहान सबेरै उठी नुहाइ-धुवाइ सफा-सुग्घर तथा सुध्याइँ-कार्य गरिसकेपछि विभिन्न देव-देवीको दर्शन, पूजन, भजन, पठनपाठन आदि कार्य र देवस्थल तथा तीर्थस्थानहरूको भ्रमण गर्दछन्। यस दिन विशेष गरीकन श्री नारायण तथा श्री सत्यनारायणको पूजा गरिन्छ। कुनै कुनै मानिसहरू व्रतोपवास पनि बस्दछन्। नेपाल उपत्यक निवासी नेवार जातिले यस दिन "योगतन्त्रे बुद्ध वचनम्" भन्ने वचनको अनुसरण गरी वर्ष दिनभरि शरीरमा उत्पन्न भइरहेका अनेक रोग व्याधिलाई निर्मूल पार्ने भनी मूलाको सब्जना (लइँया कछे), केराउको कोसा, नीमको पात, चव पू घाँस, मुगी तथा चामलको पीठो हाली पकाइएको क्वाँटी पिउने गर्दछन्। बबाथ तीतो हुन्छ। यसकारण त्यसै क्वाँटीको नामबाट यस मेष-संक्रान्तिलाई नेवार जातिहरू 'खायूसंन्हू' अर्थात् 'तीतो संक्रान्ति' भन्दछन्। किनभने नेपाल भाषा (नेवारी भाषा)-को अनुसार 'खायू' को मतलब तीतो र 'सन्हू'को मतलब संक्रान्ति हो।

फेरि यसै मेष-संक्रान्तिदेखि नेपाल अधिराज्यमा नेपालका राजा अंशुवर्माको राज्यकालमा भारतका राजा विक्रमशील वा विक्रमाजित नेपाल आई चलाएको सम्वत् भनी कुनै कुनै वंशावलीमा लेखिएको तथा विक्रम सम्वत् नामले प्रख्यात स म्वत्अनुसार नववर्षारम्भ हुन्छ। त्यसैले यस दिन सारा नेपालवासीहरूले नव

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षारम्भको उपलक्षमा परस्परमा शुभ कामना व्यक्त गर्दै हर्षोल्लासका साथ सुख ऐश्वर्यको कामना गर्दछन्। यसै दिन श्री ५ महाराजाधिराजबाट राष्ट्रका नाममा शुभ कामना सन्देश बक्सिन्छ।

यस दिनलाई कर्मचारीहरू 'एकम् वैशाख' भन्दछन्। नेपाल अधिराज्यभरका सारा अड्डाखाना, स्कूल पाठशाला तथा कलेजहरूलाई यस दिन विदा हुन्छ।

यस मेष-संक्रान्तिका दिन नेपाल अधिराज्यको एक प्रमुख शहर भक्तपुरमा योभन्दा एक दिनअगाडि विश्वध्वजोत्थान, भैरव र महाकालीको रथजात्रा तथा अनेक भजन, कीर्त्तन; पूजन, पठनपाठन र भोजन आदि विभिन्न कार्य गरी मनाइने दुइ वर्षे यात्रा 'बीसिका यात्रा, विश्वखवाल यात्रा वा बिस्केट यात्रा' जस्ता अनेक नामले प्रख्यात यात्रा समाप्त हुन्छ। त्यस यात्राको विषयमा निम्नलिखित कथन तथा वचनहरू छन् :—

सर्वप्रथम त्यस बिस्केट यात्राबारे 'गौतम पुराणे मनुवचनम्' भनी चैत्र मसान्तको दिनमा विश्वध्वजोत्थान गरी पताका फरफराएर उत्सव मनाउनाले देशमा कल्याण र सुभिक्ष हुन्छ भन्ने कुरा लेखिएको छ। यस वचनमा विश्वध्वज भनी उल्लेख गरिएको कुराअनुसार विचार गर्दा विश्वध्वजोत्थान गरी यात्रा गर्ने प्रथा वैदिक कालदेखि मनाउने गरिएको यात्रा हो र यसको प्रचलन नेपाल एक ठाउँमा बाहेक अरू कहीं पनि बाँकी छैन भन्ने कुरासँग ठ्याक्क मिल्न आउँदछ।

फेरि यसै बिस्केट यात्राको माहात्म्यबारे वंशावलीमा यस्तो कुरा लेखिएको छ— परापूर्वकालमा खादगाउँ शहर एक साधारण किसिमको गाउँ मात्र भइरहेको बखत राजाहरू धेरै दिनसम्म बाँच्न नसक्ने भई सुतेको सुत्यै भएर मर्ने भइरहेको थियो। त्यस अवसरमा संयोगवश एकजना सूर्यवंशी राजा भक्तपुरमा आएर राजा हुन कबूल गरी राज्य चलाए। तो राजाले भक्तपुरमा राजा नअडी मर्ने के कारण रहेछ भन्ने कुराको विचार गरेर राजा भएकै दिनको रातमा ननिदाईकन बसिरहे। त्यसै बखत आफ्नो रानीको नाभिबाट एक सूक्ष्मनाग निस्की भयङ्कर रूप धारण गरेर राजालाई हमला गर्न खोज्दा राजाले तरवारले त्यस नागलाई काटेर मारिदिए। अनि त्यसको भोलिपल्ट यस विषयका कुरा सबै प्रजागणले थाहा पाउन् भन्ने उद्देश्यले त्यस मृत नागको शरीरलाई एक लामो काठमा झुण्डचाएर प्रदर्शन गरिराखे। त्यो प्रदर्शन हेर्न धेरै मानिसहरू र मनुष्यरूपी तेत्तीस कोटी देवताहरूसमेत त्यस ठाउँमा जम्मा भइरहेका थिए। त्यस बखत मुनि आचार्य नामक एकजना तान्त्रिकले उक्त प्रदर्शन कस कसले हेर्न आएका रहेछन् भनी विचार गर्दा काशीका श्री विश्वनाथ पनि हेर्न

CC-0. In Public Domain. Digitization by eGangotri

आउनुभएको कुरा थाहा पाई उहाँलाई नेपालमै राख्न पाए हुँदो हो भनी तन्त्रका जोड-ले तारण राखी समात्न खोज्दा मनुष्यरूपी श्री विश्वनाथ भाग्न थालनुभयो । त्यस बखत श्री मुनि आचार्यले पनि भाग्न लाग्नुभएका श्री विश्वनाथलाई लखेट्दै गएर समात्न लाग्दा हाल भैरवनाथ रहेको स्थानमा पुग्नासाथ मनुष्यरूपी श्री विश्वनाथले भैरवरूप धारण गरी पृथ्वी फटाई त्यहीं लोप हुन लाग्नुभयो । तर ती मुनि आचार्यले लोप हुन लाग्नुभएका भैरवरूपी श्री विश्वनाथको टुपी समाती शिर छेदन गरिलिए । आङ जति लोप गरी आफ्ना स्वस्थान काशीमा जानुभयो । त्यसैले काशीका काल भैरवको शिर छैन भन्दछन् । त्यसपछि त्यसै शिर मात्रको भैरव मूर्तिलाई स्थापना गरिदिएका थिए । पछि कलिगत ४१८७ सालमा राजा श्री आनन्ददेवले सूक्ष्म मन्दिर बनाई श्री भैरवलाई देशको बीचमा पारी बाह्र हजार घर भएको एउटा शहर बसाए । यिनै राजाका सन्तान जगत्ज्योति मल्लले नेपाल सम्वत् ६९० सालमा काल भैरवको रथ बनाई मेषसंक्रान्तिको दिन शत्रुहन्ता योगले लिंगो ढाल्ने रीत गरी भैरव र कालीको रथयात्रा गर्ने प्रथा चलाए । साथै भैरवलाई अनेक शक्ति विषय गमन इच्छा गरिएको लीलाभावले भैरव र कालीको रथ परस्पर जुधाउने प्रथा पनि चलाइ-दिए । पछि राजा श्री भूपतीन्द्र मल्लले अति रमणीय मन्दिर बनाइदिएका थिए । सो मन्दिर जीर्ण भई भत्कन लाग्दा राजा श्री भूपतीन्द्र मल्लले नै तन्त्रोक्त विधिपूर्वक पहिलेको भन्दा ज्यादै राम्रो बनाइदिए । यिनै मन्दिरमा राजा श्री रणजित मल्लले मन्दिरका अगाडि पश्चिमतर्फ सुनको छाना छाइदिए । यस कथनको आधारमा विचार गर्दा बिस्केट यात्राको शुद्ध नाम 'विश्वखवाल यात्रा अर्थात् विश्वनाथको अनुहारको यात्रा' भन्ने रहेछ भन्न सकिन्छ र यस यात्राको प्रचलन पनि ३९१-९२ वर्ष अघि-देखिन् मात्र भएको भनी निश्चय गर्न सकिन्छ ।

यस्तै प्रकार यस बिस्केट यात्राको विषयमा यस्तो एक कथन पनि छ—"धेरै धेरै सयमअगाडि नेपालमा लिच्छवी वंशका शिवदेव नामक एकजना राजाले भक्तपुरलाई राजधानी तुल्याई राज्य गरिरहेको बखत एकजना किराँती राजाले २४०० फौज लिएर नेपालमा हमला गर्न आए । आफ्नो फौज थोरै भएको र किराँती राजाको फौज धेरै भएकोले लडाई गर्न नसक्ने सम्भावना देखी ती शिवदेव राजा श्री वज्र-योगिनी देवीको शरण पर्न गए । श्री वज्रयोगिनीबाट राजा श्री शिवदेवलाई तिम्रा फौज थोरै भए तापनि तिम्रा गुरु शेखर आचार्यको रायबमोजिम लडाई गर, तिमी-लाई उनैले सहायता दिनेछन् भन्ने आज्ञा भयो ।

श्री वज्रयोगिनीको आज्ञाबमोजिम राजा श्री शिवदेवले भक्तपुरमा आएर आफ्ना गुरु श्री शेखर आचार्यलाई बोलाई श्री वज्रयोगिनीबाट आज्ञा भएको कुरा सबै बताए ।

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु शेखर आचार्यले पनि राजालाई उत्साह प्रदान गर्दै श्री वज्रयोगिनीको आग्रहबाट हजार बाघको रूप धारण गरी ती किरातीहरूलाई धपाएर पठाउने प्रतिज्ञा गरे। साथै काम सिध्याइसकेर बाघको रूप धारण गरी आउँदा आफूलाई अक्षताले हानेर मानिसको मानिस नै तुल्याउनू भनेर एक मुठ्ठी अक्षता मन्त्रेर राजाका हातमा दिए। अनि मन्त्रेर राखेको एक गेडा अक्षता मुखमा हाली ती गुरु शेखर बाघ भए। एकै छिनमा एकको सहस्र बाघ भई किराँती राजासहित सारा फौजलाई धपाएर पठाइदिए। त्यस कार्यबाट राजा साह्रै खुशी भई मन्त्रेर राखेको अक्षताले हानी आफ्ना गुरु शेखरलाई मानिसको मानिस नै तुल्याई सिन्दूर-यात्रा गरी घर पुऱ्याए।

यसका केही दिनपछि गुरु शेखरकी स्वास्नी नररूपाले आफ्ना पतिदेवले विभिन्न रूप धारण गर्न सक्छन् भन्ने कुराको चाल पाइन्। एकदिन उनले आफ्ना पतिदेवले अजिगरको रूप धारण गरेको हेर्ने इच्छा गरिन् र सोही कुराको आग्रह गरी उनले आफ्ना पतिदेवलाई बिन्ती चढ़ाइन्। गुरु शेखरले पनि आफ्नी स्वास्नीलाई अजिङ्गरको रूप देखाउने विचार गरी भने—"प्रिये! तिमीले अजिङ्गरको रूप हेर्ने इच्छा गऱ्यौ। तिमी नडराउने भए म अजिङ्गरको रूप देखाउँछु।" आफ्ना पतिदेवको कुरा सुनी नररूपाले पनि डराउन्नँ भनी कबूल गरिन्। अनि गुरु शेखरले एक मुट्ठी अक्षता मन्त्रेर आफ्नी स्वास्नीको हातमा राखिदिएर हेर्ने मन लागेसम्म हेरेर हेरिसकेपछि यो अक्षताले अजिङ्गर रूपी मेरो शरीरमा हान्नू, अनि म मानिस हुनेछु भने। यति भनेर एक गेडा अक्षता आफ्नो मुखमा हाले। शेखर तुरन्त अजिङ्गर भए। अजिङ्गरको रूप देखेर नररूपा डराएर भागिन्। नररूपा भागेकी देखेर अजिङ्गररूपी शेखरले पीछा गरे। यसरी अजिङ्गररूपी आफ्ना पतिदेवले आफ्नो पीछा गरेको देख्ता आफूलाई नै खान आएको हो कि भनी नररूपा खूब जोडसँग दौड्न थालिन्। दौड्दा दौड्दै पटुका फुस्कँदा नररूपाले पटुका सँभाल्न अक्षता मुखमा हाल्दा तिनी पनि अजिङ्गरनी भइन्। दुवै स्त्री र पुरुष अजिङ्गर र अजिङ्गरनी बने। यो कुरो कसैलाई थाहा भएन। अजिङ्गररूपी गुरु शेखर र उनकी स्वास्नी नररूपा दुवै जना आजकल लिगो ठड्याउने ठाउँमा बसी राजा शिवदेवले अक्षताले हानी मानिसमा परिणत गरिदेला कि भन्ने आशा लिई रोजको एक पटक पुच्छरले जमीनमा टेकी राजदरबारतिर हेर्ने गरेर बस्न थाले। राजा शिवदेवले तिनीहरूलाई आफ्नो गुरु शेखर र उसकी स्वास्नी अजिङ्गर भएका हुन् भनी थाहा पाउन सकेनन्। राजाले ती अजिङ्गरहरूलाई केही चोटपटक गर्न नलगाई राखिछोडे। आखिरमा निराश भई ती अजिङ्गर र अजिङ्गरनी भएका गुरु शेखर र उनकी स्वास्नीले आत्महत्या गरी प्राणत्याग गरे। त्यस वर्ष अनावृष्टि भई हाहाकार

CC-0. In Public Domain. Digitization by eGangotri

अच्चियो। त्यसकारण शान्ति-स्वस्ति गर्नुपन्यो भनी राजा शिवदेव र यिनका दुई जना मन्त्री गई गुरु शेखरलाई बोलाउन जाँदा शेखरको घरमा कोही देखेनन्, यताउति निहारेर हेर्दा राजा र मन्त्री दुवै जना अजिङ्गर बनेको चिह्न मात्र देखे। अनि त्यही चिह्न भएको ठाउँबाट आउँदा आउँदै राजा र मन्त्री दुवै जना त्यही अजिङ्गर र अजिङ्गरनी भएको ठाउँमा आइपुगे। राजालाई बल्ल यी अजिङ्गर र अजिङ्गरनी आफ्नै गुरु शेखर र उनकी स्वास्नी नररूपा रहेछन् भन्ने कुराको ज्ञान भयो। त्यसकारण राजा शिवदेवले आफ्नो पुरुषार्थी गुरु र उनकी स्वास्नीको नाम चिरस्मरणीय पार्न त्यसै वर्षदेखिन् अजिङ्गर र अजिङ्गरनी भएर परलोक भएका गुरु शेखर र उनकी स्वास्नी नररूपाको प्रतीक बर्सेनि लिंगो उभ्याउने तथा ढाल्ने यात्रा चलाए। त्यो यात्रा अद्यापि बिस्केट यात्राको नामले प्रख्यात भई चलिरहेछ।

यस कथनमा उल्लेख गरिएअनुसारका कुरासँग बिस्केट यात्राको बखत लिंगो उभ्याउने व्यावहारिक कार्य मिल्छ। फेरि यसै बिस्केट यात्रालाई कुनै कुनै मानिसले 'बीसिका यात्रा अर्थात् सब मरिसकेपछिको यात्रा' भन्ने कुरा पनि यस कथनमा वर्णन गरिएको कुरा पनि मिल्छ। अर्को कुरा के भने यस कथनको आधारमा विचार गर्दा यो बिस्केट यात्रा गर्ने प्रथा नेपालमा लिच्छवी राजाहरूले राज्य गर्न थालेको समयदेखि चलेको हुनुपर्दछ भनी अनुमान गर्न सकिन्छ, किनभने यस कथनमा नाम उल्लेख गरिएको राजा भनिएको छ। यस प्रकार बिस्केट यात्रा विषयमा विभिन्न कथन छ। यी कथनहरूमध्ये कुनचाहिं सत्य हो भनी छुट्टयाउन साह्रै गाह्रो छ। त्यसकारण बिस्तार बिस्तारै भए पनि यस विषयमा खोज-तलाश गर्नु हामी सबैको कर्त्तव्य हो। बिस्केट-विषयक कुरालाई यतिकैमा छोडी हामी फेरि हाम्रो मूल विषयतर्फ लागौं।

यसै मेष-संक्रान्तिको दिन "नेपाल उपत्यकामा काठमाडौंदेखि दुइ कोस जति पर उत्तर टोखा स्वास्थ्य निवासनिर रहेको सपनतीर्थ नामक तीर्थमा मेला लाग्दछ। त्यस मेलामा यस संक्रान्तिको एकदिनअगाडि बाग्मती नदीको उद्गम स्थान बाग्द्वारमा नुहाएर आएका तथा अरू अरू पनि नेपाल उपत्यका र पहाडी क्षेत्रका धेरै नर-नारीहरू भेला भई त्यस तीर्थमा नुहाउने गर्दछन्। किनभने त्यस सपनतीर्थको माहात्म्यबारे किंवदन्ती छ—"प्राचीन समयमा टोखा नामक स्थानबाट केही उत्तर-तिर एउटा खहरे कुलो थियो। त्यस कुलोको किनारामा रहेको एउटा पाटीमा कुष्टरोग लागी झार-खुट्टासमेत झरिसकेको एकजना महारोगी र त्यसकी स्वास्नी बस्दथे। स्वास्नीले दिनदिनै भिक्षाटन गरी आफ्नो र आफ्ना लोग्नेको जीवन-निर्वाह गर्दथी। एकदिन त्यस महारोगीले सुतिरहेको बेला आफूहरू बसिरहेको

CC-0. In Public Domain. Digitization by eGangotri

पाटीनेरको कुलोमा मेष-संक्रान्तिको दिन नुहाएमा कुष्टरोग निको हुन्छ भनी कसैले भनेको सपना देखेछ। तर त्यसले कुष्टरोगबाट उत्पन्न पीडाले गर्दा सपनाको कुरा संझन सकेन। एकदिन दुइदिन भन्दाभन्दै मेष-संक्रान्तिको दिन आइपुग्यो। त्यस दिन महारोगीको स्वास्नीले अरू दिनभन्दा संक्रान्तिको दिन बढी भिक्षा पाउँला भन्ने आशा लिँदै आफ्नू लोग्नेलाई पाटीमा छोडेर भिक्षा माग्न गई अनि त्यो महारोगी एकलै पाटीमा बसिरहेको बेला त्यस पाटीनिरको चउरमा गाई बाखा चराउन आएका दुइ चार जना गोठालाहरूमध्ये एक जनाले आफ्ना आँगमा बस्न आएको एउटा फटचांग्रोलाई हातले झट्का दिई झार्न खोज्यो। त्यस कार्यले गर्दा फटचांग्रोको खुट्टा भाँचियो र खुट्टा भाँचिएको फटचांग्रोलाई त्यस गोठालाले त्यही महारोगी बसिरहेको पाटी निर बगिरहेको कुलोमा फ्याँकिदियो। तर अनौठो लाग्ने गरी त्यस कुलोमा फ्याँकिएको खुट्टा भाँचिएको फटचांग्रो पहिलेझैं सद्दे भई उफेर आयो। त्यो देखेर गोठालाहरूले अरू फटचांग्राहरूलाई पनि खुट्टा भाँचेर त्यही कुलोमा फ्याँकिदिए। तर ती फटचांग्राहरू जम्मै सद्दे भई कुलोबाट उफ्रेर भागेर गए। त्यसले गर्दा ती गोठालाहरू अचम्म मानेर परस्परमा कुरा गरिरहे। गोठालाहरूको त्यो काम देख्दा त्यस महारोगीले आफूले सपना देखेको झट्ट सम्झ्यो अनि चल्दै गई त्यसले आफूहरू बसेको पाटीनेरबाट बगिरहेको कुलोमा नुहायो। त्यहाँ नुहाउनासाथ त्यस महारोगीको रोग निको भयो र झरिसकेका हात-खुट्टासमेत पलाएर आई त्यसको शरीर राम्रो भयो। त्यस महारोगीकी स्वास्नीले यो कुरो थाहा पाएकी थिइन। त्यसो हुनाले भिक्षा मागेर फर्केर आएकी स्वास्नीचाहिले महारोगबाट मुक्त भई सुन्दर शरीर प्राप्त गरेका आफ्ना लोग्नेलाई चिन्न सकिन। अनि लोग्ने-चाहिले स्वास्नीलाई म तिम्रो लोग्ने हुँ र त्यस कुलोमा नुहाउँदा यसरी रूपवान भएँ भनी सम्झाउँदा पनि स्वास्नीचाहिले पत्याइन। अनि एक कान दुइ कान मैदान हुँदा हुँदै त्यो कुरा राजा र रानीका कानमा समेत पुग्यो। त्यो कुलोमा नुहाउनाले जुनसुकै अङ्गभङ्ग भएका मानिसहरू र रोगमा अति भयानक रोग महारोग लागेका मानिसहरूसमेत सद्दे हुन्छन् भन्ने कुरा सुनेर छक्क परी राजा र रानी दुवै जना केही भारादार साथमा लिएर त्यहाँ आइपुगे। कुरा सत्य हो वा होइन भनी जान्न एकजना लङ्गडो मानिसलाई त्यस कुलोमा नुहाउन लगाएर हेरे। लङ्गडो मानिस सद्दे भयो। यो देख्दा राजा र रानीसहित त्यस महारोगीकी स्वास्नीले त्यसबारेको कुरा पत्याउन थाली। साथै त्यस महारोगीकी स्वास्नीले आफ्नो लोग्ने त्यही कुलोमा नुहाएर महारोगबाट मुक्त भएको रहेछ भन्ने कुरामा विश्वास गर्न थाली। त्यस पछि राजा र रानी दुवै जनाले टोखानिवासी सारा लुला, लङ्गडा, काना, डेढा सबैलाई त्यस कुलोमा नुहाउन लगाई सद्दे तुल्याउन लगाए। यसै रीतले मेष-

CC-0. In Public Domain. Digitization by eGangotri

संक्रान्तिको दिन बिग्यो, त्यसको भोलिपल्ट पनि टाढादेखि लुला, लङ्गडा, डेढा मानिसहरू आई त्यस कुलोमा नुहाउन आए। तर संक्रान्तिको दिन त्रितिसकेको हुनाले त्यस दिन नुहाउने अङ्गभङ्ग भएका कुनै व्यक्तिहरू पनि सद्दे भएनन्।"

सबैका मनमा वैशाख संक्रान्तिको दिनमा मात्र त्यस कुलोमा त्यस्तो शक्ति हुँदो रहेछ भन्ने विश्वास पऱ्यो। त्यसकारण त्यसै वेलादेखि त्यस कुलोको नाम 'सपन-तीर्थ' रहेर प्रत्येक वर्ष मेष-संक्रान्तिको दिन त्यहाँ मेला लाग्ने प्रथा चलेको हो

यी माथि उल्लेख गरिएका बिस्केट यात्रा, सपनतीर्थ मेला, नव वर्षारम्भ, व्रतोत्सव आदि विभिन्न कारणले गर्दा नेपाल अधिराज्यमा मेष-संक्रान्तिको ठूलो महत्व रहन गएको हो। यस दिनको उपयोगिताबारे धार्मिक कथन तथा शास्त्रोक्त र तन्त्रोक्त वचनको आधारमा विचार गरिएका यस दिनबाट धार्मिक तथा आध्यात्मिक उपयोगिताबाहेक अरू केही छैन कि भन्ने जस्तो भान पर्न आउँछ। तर व्यावहारिकताको दृष्टिकोणबाट विचार गरिएमा यस दिनबाट आमोद प्रमोद हुनुको साथै स्वास्थ्य रक्षा गर्ने तथा अनेक शिक्षा प्राप्त गर्ने प्रेरणा मिल्ने उपयोगिता यस दिनमा भएको कुरो अवगत हुन आउँदछ। अतः राष्ट्रको जीवनमा नयाँ प्रेरणा नयाँ धारणा नयाँ आशा आदि सञ्चार गर्ने यस दिनको ठूलो महत्व छ। यस संक्रान्तिले गर्दा नेपाल अधिराज्यको संस्कृतिलाई स्थिर राख्न आड मिल्दछ भन्ने कुरोमा शंका छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

: २ :

बुद्ध जयन्ती

धार्मिक सहिष्णुताले परिपूर्ण विभिन्न धर्मावलम्बीहरूको निवासस्थान नेपाल अधिराज्यमा वर्षेनि मनाइने महत्वपूर्ण पर्वोत्सवमा "बुद्ध जयन्ती" को नाम पनि उल्लेख गर्न सकिन्छ। किनभने यो पर्व एशिया महाद्वीपको प्रकाश 'शान्तिनायक' अहिंसाका अग्रदूत, नेपालका एक सुपुत्र तथा विभूति आदि नामले संसार प्रसिद्ध शाक्यमुनि गौतम बुद्धको जन्म भएको, उनले बुद्धत्व प्राप्त गरेको र महापरिनिर्वाण प्राप्त गरेको दिनको संझनामा मनाइने पर्व हो। यो पर्व चान्द्रमासअनुसार वैशाख-शुक्ल पूर्णिमाको दिन मनाइने भएकोले यो पवित्र दिन 'वैशाख पूर्णिमा' भन्ने नामले पनि प्रसिद्ध छ। यस्तै प्रकारसंग यो बुद्ध जयन्तीको नाम काठमाडौं उपत्यकाभित्र नेवारी भाषामा 'स्वांया: पुन्ही अर्थात पुष्पमात्राको पूर्णिमा' भन्ने नामले पनि प्रख्यात छ। यो स्वांया: पुन्हीले सिद्धार्थ गौतमले ३६ वर्षको उमेरमा बुद्धत्व प्राप्त गरेपछि उनका अनुयायीहरूले र अरु मानिसहरूले पुष्पवर्षा गरी हर्षोत्सव मनाएको कुराको बोध गराउँछ।

बुद्ध जयन्तीको महत्वबारे "ललितविस्तार" नामक बौद्ध ग्रन्थमा बुद्धवचन भनी यी वाक्य लेखिएका छन्—"वैशाखशुक्ल पूर्णिमाको दिन श्री त्रिरत्नको शरणमा आफुलाई अर्पण गरी महामंगलोत्सव गर्नु, बौद्ध गणलाई धन, अन्न भोजनादि दान दिनु; त्यस्तै प्रकारसंग मगन्तेहरू र गरीब गुरुवाहरूमाथि पनि करुणा राखी खाद्य-पदार्थ, वस्त्र र आफुले दिन सक्ने अन्य वस्तु दिनु। यस कार्यको प्रभावले कर्ताको चित्त शुद्ध भई उसलाई तीन प्रकारको बोधिज्ञान तथा निर्वाण वा मोक्ष प्राप्त हुनेछ।"

बुद्ध जयन्तीको क्रमिक विकासको विषयमा बुझ्न इतिहासको पाना पल्टाउनु र बौद्ध ग्रन्थहरूमाथि आँखा दौडाउनुपर्छ। बुद्धको जन्मजयन्ती सबभन्दा पहिलो नेपाल-को कपिलवस्तु नजीकैको लुम्बिनी उपवनमा कपिलवस्तु राज्यका राजा शुद्धोदनकी महारानी मायादेवी वा महामायाको गर्भबाट सिद्धार्थ गौतमले जन्म लिंदा माइत जान लागेकी महारानी मायादेवीको साथमा गइरहेका मानिसहरूले हर्षोत्सवको रूपमा मनाएका थिए। यो दिन ईसापूर्व ५६० वर्ष वैशाखशुक्ल पूर्णिमाको दिन थियो। फेरि त्यसै दिन कपिलवस्तुका जनतासहित राजा शुद्धोदनले आपना पुत्ररत्नको जन्म भएको खुशियालीमा लुम्बिनीदेखि कपिलवस्तुसम्म राजकुमार सिद्धार्थलाई

CC-0. In Public Domain. Digitization by eGangotri

दरबार भित्र्याउने यात्राको रूपमा यो उत्सव मनाएका थिए। त्यस पछि २८ वर्ष सम्म त्यसै क्रमले राजकुमार सिद्धार्त गौतमको जन्मोत्सवको रूपमा यो उत्सव मनाइँदै गयो। उनले यस संसारलाई दुःखको घडा सम्झी यसबाट मुक्त हुने उपायको खोजीमा राजेश्वर्य तथा सुखभोग सबै त्यागी सन्यास धारण गरी बुद्धत्व प्राप्त गरि-सकेपछि सारा जम्बूद्वीप निवासीले उनको जन्मोत्सवको साथसाथै उनले बुद्धत्व प्राप्त गरेको दिन भनी यो उत्सव मनाउन भाले। किनभने उनले बुद्धत्व प्राप्त गरेको दिनू र जन्म लिएको दिन एकै तिथि र महीनामा परेको थियो। आफूले प्राप्त गरेको ज्ञानको प्रचार ८० वर्षको उमेरसम्म गरिसकेपछि नश्वर शरीरलाई छोडेर यसै वैशाखपूर्णिमाका दिन बुद्धले महापरिनिर्वाण प्राप्त गरेपछि त झन यस दिनलाई कसैले भुल्न सकेनन्। त्यस दिनदेखि जन्मको हर्ष, ज्ञानको उपलब्धि र विरहको असह्यताले गर्दा चिरस्मरणीय, चिरप्रेरक र चिरसंवेदनदायी दिवसको रूपमा 'बुद्ध जयन्ती" मनाउने प्रथा चल्यो।

जति जति समय बित्दै गयो, त्यति त्यति अशोक आदि राजाहरू र बौद्ध धर्मावलम्बी जनताको प्रयासले गर्दा शाक्यमुनि गौतम बुद्धद्वारा प्रतिपादित बौद्ध धर्मले संसारका धेरै मुलुकमा फैलने मौका पायो र बुद्ध जयन्ती पनि संसारका आधा भन्दा बढी नरनारीहरूले मनाउन थाले।

तर अपशोचको कुरा के छ भने हाम्रो यस नेपाल अधिराज्यमा २००७ सालको राजनैतिक परिवर्तनभन्दा अघिसम्म बत्तीमुनि अन्धकार भने जस्तै नेपालका सुपुत्र शाक्यमुनि गौतम बुद्धको जीवनसंग सम्बन्ध राख्ने यस "बुद्ध जयन्ती" ले भारत, वर्मा, लंका, थाइल्याड, कम्बोडिया, कोरिया, जापान आदि राष्ट्रहरूमा मनाइने बुद्ध जयन्तीको दाँजोमा पुग्ने गरी भव्य रूप धारण गर्न सकेन। त्यस राजनैतिक परिवर्तन-भन्दा अगाडि सम्म बुद्ध जयन्तीको दिन वैशाख शुक्ल पूर्णिमाका दिन कतिपय नेपाली हरू अरू अरू महीनाका पूर्णिमाका दिन गरिने कार्य-कलाप सरह साधारण तवरले व्रतोपवास पूजा आदि मात्र गर्दथे। धेरै जसो नेपालीहरूलाई बुद्धको जीवनको घटनाहरूसंग यो दिनको सम्बन्ध छ भन्ने कुरासम्मको पनि ज्ञान थिएन। त्यस बखत नेपाल अधिराज्यमा यस बुद्ध जयन्ती समारोहले अहिलेको झैं भव्यरूप धारण गर्न नसकेको विषयमा निम्नलिखित दुई कारण (गुणयुक्त र अवगुण युक्त) थिए भनी भन्न सकिन्छ।

अब सर्वप्रथम गुणयुक्त कारणको नै चर्चा गरौं। हाम्रो यस नेपाल अधिराज्यमा शैव, शाक, वैष्णव आदि विभिन्न धर्मको अतिरिक्त 'वज्रयान' नामक बौद्ध धर्मको

CC-0. In Public Domain. Digitization by eGangotri

पनि बलियो प्रभाव जमेको छ। यसले गर्दा यहाँका विभिन्न धर्मावलम्बीहरूलाई कुन शैव, कुन शाक्त, कुन वैष्णव, कुन बौद्ध भनी विदेशीहरूले झ्वाट्ट छुट्याउन पनि सक्तैनन्। यस धर्मले शैव, शाक, वैष्णव, बौद्ध आदि धर्मावलम्बीहरूलाई आपसी मेल मिलापका साथ शान्तिपूर्वक आपना धर्मको अवलम्बन गर्ने बानी बसाली यहाँका नरनारीहरूको हृदयमा एकात्मकको भावना जगाइदिएको छ। 'वज्र' को अर्थ अविनाशी; अच्छेय अभेद्य, दृढ, निरञ्जन, निराकार आदिका अनेक गुणले युक्त शून्यता भन्ने भएकोले वज्रयानको अर्थ शून्यवादी दार्शनिक दृष्टिकोण भएको धर्म भन्ने देखिन आउँछ। यस वज्रयान मतानुसार कायवाक् र वितृत अर्थात शरीर, बोली र मनकोशुद्धिद्वारा अविनाशी, दृढ, अभेद्य, सर्वशक्ति सम्पन्न निरञ्जन आदि अनेक गुणले युक्त शून्यतामा विलीन हुन सक्नुलाई नै निर्वाण प्राप्ति मानिन्छ। अनि प्रज्ञा, मुद्रा, मण्डल, मन्त्र पाठादिलाई त्यस स्थितिमा पुग्ने उपाय सम्झिइन्छ। यसका अतिरिक्त यस धर्मका अनुयायीहरू स्वयम्भू पुराण तथा अन्य वज्रयान धर्मसम्बन्धी ग्रन्थहरूमा उल्लिखित गौतम बुद्ध, विपश्वी, काश्यप, शिखी, ककुछन्द, कनकमुनि आदि मानव बुद्धहरूद्वारा वर्णन गरिएका कथनहरूको समेत अनुसरण गरी तिनीहरूलाई मानव बुद्ध भनी मान्नुको साथै वैरोचन, अक्षम्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि बुद्धहरूलाई आदि बुद्ध भनी मान्दछन्। तिनीहरू त्यस्ता आदि बुद्धहरूका मूर्तिहरू भएका चैत्यहरूलाई शून्यताका प्रतीक मानी आदि बुद्धहरूलाई ध्यानी बुद्ध वा स्वयं सिद्ध परमात्मा भनेर र मानव बुद्धहरूलाई जीवात्माबाट परमात्मा भएका भनी आफ्नो श्रद्धा, भक्ति र सेवा अर्पण गर्दछन्। यस वाहेक वज्रयानीहरू गौतम बुद्ध एक जनाको नै १०८ जन्म भइसकेको छ भन्ने पारीपिक कुरामाथि विश्वास राखी उक्त गौतम बुद्धद्वारा प्रत्येक जन्ममा गरेका सुकार्यहरूको पठन पाठन गर्न खोज्दछन्। यसरी नै जीवात्माबाट परमात्मा भएका मानव बुद्धहरूमध्ये शाक्य मुनि गौतम बुद्ध सबभन्दा पछिला मानव बुद्ध हुन् र उनीपछि अरू कोही पनि मानव बुद्ध हुने शक्ति भएका व्यक्तिहरू निस्केका छैनन् भन्ने वज्रयानीहरूको धारणा छ। हुनत यो धर्म ऐतिहासिक कथनअनुसार सम्राट कनिष्ककको समयदेखि मात्र प्रादुर्भाव भएको धर्म भनिए तापनि यहाँका वज्रयानीहरू यस धर्मलाई स्वयम्भूपुराण तथा अन्य ग्रन्थहरू अनुसार गौतम बुद्धको समय भन्दा अगाडि नै प्रचलित भएर रहेको धर्म भनी विश्वास राख्दछन्। वज्रयान धर्मावलम्बीहरू आफ्नो सम्बन्धि रहस्यमय कुराहरू जसलाई पायो उसलाई बताउँदैनन्, किनभने यस धर्म अनुसारका कार्यहरू अनुसरण गर्न ज्यादै गाह्रो भएको हुँदा ज्ञान कच्चा भएका मानिसहरूबाट विपरित कार्य हुन जाला भनी यस प्रकारको होशियारी राखिएको देखिन्छ। बौद्ध धर्मावलम्बी भए तापनि यो धर्म मान्नेहरूले बाह्य रूपबाट हेर्दा बौद्ध धर्मको विपरित कार्य गरेको स्पष्ट देखिने

CC-0. In Public Domain. Digitization by eGangotri

गरी शास्त्रानुसार नै मद्य, मांस आदिको सेवन गर्दछन् । गृहस्थी हुने गरी बौद्ध धर्म फैलिरहेको यस ठाउमा लंका, भारत, बर्मा आदि विदेशहरूमा अध्ययन गरेर आएका बौद्ध भिक्षुकद्वारा यहाँ प्रचलित बौद्ध धर्मलाई समेत सम्पादन, संशोधन गर्नेकार्य तर्फ हात हाल्न खोजे जसको परिणामस्वरूप परम्परादेखि यहाँ चलेर आइरहेको बौद्ध धर्म मानिरहेकाहरूमा भ्रमपूर्ण वातावरण छाइदिंदा बुद्धजयन्ती एक महापुरुष-को जीवनसंग सम्बन्ध भएको दिन भएर पनि यसले त्यस बखत आजकलको झैं भव्य रूप धारण गर्न सकेन ।

अब हामी बुद्ध जयन्तीले उस बखत भव्य रूप धारण गर्न नसकेको विषयसंग सम्बद्ध राजनैतिक अवगुणयुक्त कारणतर्फ ध्यान देऔं । वि० सं० २००७ भन्दा अगाडि नेपाल राज्यको राजकाज राणाहरूको हातमा थियो । तिनीहरूको दृष्टिमा कसैले सभा समारोह, उत्सव गरेमा अथवा दश जनासम्म मानिस एक ठाउँमा भेला भए कुनै कार्य गरेमा अपराध ठहर्थ्यो अनि त्यस्ता कार्य गर्नेहरूले सजायका भागी बन्नु पर्थ्यो । यी कारणहरूले गर्दा पनि बुद्ध जयन्तीले भव्य रूप धारण गर्न सकेन ।

यसरी एक पवित्र उत्सव मनाउन पनि बाधा परेको हुनाले नेपाली जनतामा नवजागरणको हावा लागि सकेपछि आजभन्दा ५८ वर्ष अगाडि ४।५ व्यक्तिहरूले एक उपासकको बुइंगलमा बुद्ध जयन्ती समारोह सुटुक्क मनाएको थिए भन्ने कुरा सुनिन्छ । यस प्रकार बुद्धजयन्तीले २००७ सालको राजनैतिक परिवर्तन पछि माथि उल्लेख गरिएझैं विदेशमा अध्ययन गरी आएका भिक्षुहरूको प्रयास र श्रद्धालु भक्तजनहरूको सहयोगको फलस्वरूप सार्वजनिक रूपमा मनाइने उत्सवको रूप धारण गर्न पाएको हो । त्यसपछि स्वर्गीय राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव-को असीम उदारता र कृपा तथा बुद्धजयन्ती समारोह समितिको कार्यकुशलताले गर्दा यो बुद्धजयन्तीले भव्य रूप धारण गऱ्यो । यो उत्सव मनाउन नेपाल अधिराज्यभर सार्वजनिक विदाको घोषणा पनि सरकारतर्फबाट भयो ।

एक वर्षको बुद्धजयन्तीमा बुद्धको अस्थिधातुले काठमाडौं उपत्यकाभित्र प्रवेश गरी स्वयम्भूडांडातिर रहेको आनन्दकुटी विहारमा निर्मित लंका चैत्यनामक चैत्यमा विराजमान हुने अवसर पायो । त्यस अस्थि धातुलाई प्रत्येक तिन तिन वर्षमा उक्त अस्थि धातुको परम्परा पनि बस्यो । यनि बेलासम्म पनि यस बुद्धजयन्तीका दिन आनन्द कुटी विहार तथा भिक्षुहरू बसोबास गर्ने विहारहरू सजधजका साथ सजिने र धेरै श्रद्धालु व्यक्तिहरू समारोहमा भाग लिने भए तापनि नेपालमा प्रचलित बौद्ध धर्मको प्रतीकस्वरूप स्वयंभू धातु चैत्य रहेको स्थान हेला गरिएको रूपमा राखिने

CC-0. In Public Domain. Digitization by eGangotri

चरिएबाट यहाँका परम्परागत बौद्ध धर्मावलम्बीहरूको मनमा बुद्धप्रति अगाध श्रद्धा भक्ति भएर पनि उनीहरूले प्रत्यक्ष रूपमा यस बुद्धजयन्ती समारोहमा भाग लिन अलि आनाकानी जस्तो गरि रहे। यस्तै बखत बुद्ध जयन्ती समारोह समितिको साथसाथै स्वयंम्भू विकासमण्डलले समेत बुद्ध जयन्ती समारोहको उत्सवमा भाग लिई स्वयंम्भू ज्योति धर्मधातु चैत्य रहेको स्थानलाई समेत सजाई बुद्ध जयन्तीको दिन लगातार तीन वर्षसम्म काठमाडौं, भक्तपुर, पाटन र अन्य स्थानमा रहेका सम्यकदेवताहरू, पौवाल, भित्तिचित्रहरूको प्रदर्शन परम्परागत विधिविधानअनुसार पाठ पूजा आदि कार्य गरी बुद्ध जयन्ती समारोह मनाउने प्रथा चलाएपछि यस समारोहमा नेपालका सबै बौद्ध धर्मावलम्बीहरूले सक्रिय रूपले सम्मिलित भई उत्सव मनाउन थाले। आजकाल त यो उत्सवले संसारका अन्य देशहरूमा मनाइने समारोह-को दाँजोमा पुग्ने गरी नेपाल अधिराज्यका भोजपुर, बनेपा, पोखरा, पनौती, धनकुटा, पाल्पा, बुटौल, विरगंज, लुम्बिनी, दाप्चा, सांखु, ठिमी, भक्तपुर, पाटन, काठमाडौं, पांगा, चोभार, बुङ्गमती, वांडेगाउँ, थानकोट, वलम्बु, नुवाकोट, आदि विभिन्न स्थानमा बुद्धपूजा, शीलप्रार्थना, भजनकीर्तन, व्रतोपवास, नगर परिक्रमा, बुद्धप्रतिमा-यात्रा तथा अनेक सभा समारोह आदि कार्य गरिने गरी वृहत् रूप धारण गरिसकेको छ। फेरि यस उत्सवमा सम्पूर्ण नेपालीहरूले भाग लिन थालिसकेका छन्। त्यसमाथि पनि स्वर्गवासी राष्ट्रनायक श्री ५ महाराजाधिराज महेन्द्रवीर विक्रम शाहदेवको छत्रछायामा श्री ५ को सरकारले यस उत्सवलाई ठूलो महत्व र मान्यतासमेत प्रदान गरी यस पवित्र दिनमा नेपाल अधिराज्यभर कानूनी तवरले हिंसाकार्य र मांसविक्रय जस्तो कार्य निषेध गरिदिएको र सरकारी यन्त्रहरूको माध्यमद्वारा बुद्ध जयन्ती समारोहसम्बन्धि विभिन्न साप्ताहिक कार्यक्रमहरूको संचालन र प्रसार गर्ने अवसर दिएको हुँदा बुद्ध जयन्तीको रसास्वादन सारा नेपालीले गर्न पाएका छन्। तसर्थ नेपालका एक सुपुत्र तथा शान्तिका पुजारी बुद्धको जयन्ती मनाउनुको अर्थ राष्ट्रिय गौरवलाई चिन्नु र अन्तरराष्ट्रिय शान्तिको महत्वलाई मान्नु हो।

★

CC-0. In Public Domain. Digitization by eGangotri

: ३ :

अक्षय तृतीया

नेपाल अधिराज्यमा मनाइने परम्परागत चाड-पर्वोत्सवहरूमध्ये स्वास्थ्यरक्षाकै प्रेरणादान गर्नको लागि उत्पत्ति गराई राखेको हो कि भन्ने सुहाउने चाड अक्षय तृतीया हो । यो चाड प्रत्येक वर्ष वैशाख शुक्ल तृतीयाका दिन पर्दछ । यस दिन जप, होम, पूजा, स्नान, दान आदि जुनसुकै कार्य गरे पनि अक्षय हुन्छ भन्ने कुरा पुराण धर्मशास्त्र आदिमा लेखिएको छ । त्यसैले यस दिनको नाम नै अक्षय तृतीया रहन गएको छ । कुनै कुनै मानिसहरू यस दिनलाई युगादि पनि भन्दछन् । किनभने पुराण र धर्मशास्त्रहरूका पहिले यसै दिनदेखि सत्ययुगको प्रारम्भ भएको थियो भन्ने कुरा पनि लेखिएको छ ।

यस अक्षय तृतीयाबारे विभिन्न पुराण र धर्मशास्त्रहरूमा निम्नलिखित कुराहरू लेखिएका छन्—

"भविष्यपुराणे विष्णु वचनम्" भनी यस्तो लेखिएको छ :—"अक्षय तृतीयाका दिन अलैंची, सुकुमेल, घिउ र सखर मिसाइएको सत्तु, मरीच र पिपला तथा सखर हाली तयार पारिएको शरबत तथा अन्नवस्त्र दान गर्नाले र तीर्थादिमा गई स्नान गरी आफ्नो कुलदेवता र इष्टदेवताको पूजा गर्नाले अनन्त फल प्राप्त हुन्छ ।"

फेरि भविष्य पुराणमा नै यस्तो पनि लेखिएको छ :—वैशाख शुक्ल तृतीयाका दिन स्नानादि कार्य गरिसकेपछि पुष्प धूप चन्दनादिले श्री नारायणको पूजा गर्नाले, जलपूर्ण भाँडो दान गर्नाले अक्षय पुण्य मिली सूर्यलोक जान पाइन्छ ।"

यसै प्रकारसंग विष्णुधर्मोत्तर पुराणमा पनि अक्षय तृतीयाका दिन गरिएको व्रतोपवासको पुण्य अक्षय हुन्छ र यस दिन विष्णुको पूजा, स्नान आदि कार्य गर्नाका साथै संस्कारयुक्त सत्तु हवन गरिएमा वर्ष दिनभरको प्रत्येक तृतीयाका दिन गरिएको व्रतको फल मिल्दछ भन्ने कुरा लेखिएको छ ।

'द्वाविंशतिकावदान' नामक बौद्ध-धर्मको ग्रन्थमा पनि बुद्ध-वचन भनी यस्तो लेखिएको छ :—'अक्षय तृतीया नामक वैशाख शुक्ल तृतीयाको दिन पिण्डपात्र तथा चिसो जलमा सखर, पिपला, मरीच, सूप आदि मिलाई सरबत बनाएर शुद्ध भाँडोमा राखी दान गर्नाले र अलैंची, सुकुमेल, घिउ, मह तथा अनेक मेवा मिष्ठान्न मिसाई

CC-0. In Public Domain. Digitization by eGangotri

बनाएको सत्तु दान गर्नाले बोधिज्ञान प्राप्त भई निर्वाणपद प्राप्त गर्न सक्ने हुन्छ।" 'निर्णय-सिन्धु' नामक ग्रन्थमा पनि अक्षय तृतीयाको महत्वबारे यस्तो कुरा लेखिएको छ :—"वैशाख शुक्ल तृतीयाका दिन स्नान गर्नाले कल्मष नाश हुन्छ र जलपूर्ण घड़ा तथा ग्रीष्मऋतुको बखतलाई सुहाउने वस्तुहरू दान दिनाले पुण्य मिल्दछ।"

यी उपर्युक्त विभिन्न धर्मशास्त्रादिमा उल्लेख गरिएका कथनसँग हूबहू मिल्ने गरी, नेपाल अधिराज्यमा अक्षय तृतीयाको दिन स्नान, दान, पाठ, पूजा गर्दछन् र अलैंची, सुकुमेल, सूँप, मरीच, सक्कर, चीनी मिलाई बनाइराखेको सत्तु खाने र खवाउने गर्दछन्। यस दिन नेपाल अधिराज्यभर ठाउँ ठाउँमा सरबतको घ्याम्पो राखी बाटामा हिंड्ने मानिसहरू सबैलाई सरबत खवाइन्छ। अक्षय तृतीयाको भोलिपल्टदेखि नेवारजातिमा देवाली पूजा र एक महीनासम्म पाटनमा रातो मच्छेन्द्रनाथको जात्रा प्रारम्भ हुन्छ। यो अक्षय तृतीया नामक चाड वास्तवमा परम्परागत स्वास्थ्यदिवस जस्तो चाड भए तापनि यस चाडबारे माथि उल्लेख गरिएका विभिन्न धर्मशास्त्रोक्त कथनअनुसार विचार गर्दा यो चाड धार्मिक तथा आध्यात्मिक कारणबाट उत्पन्न गराइराखेको र परम्परन्दा वरस्त्र सुधार्न मात्र काम लाग्ने चाड हो कि भन्ने भ्रम पर्न आउँछ। अतः त्यो भ्रम हटाउन हामीले निम्नलिखित कुरामा ध्यान दिनु आवश्यक देखिन्छ।

यस अक्षय तृतीया नामक चाडमा गरिने मुख्य कार्य स्नान, दान गर्ने तथा सरबत र सत्तु खाने र खवाउने हुन्। यी कार्यहरू ऋतु-विज्ञान तथा भैषजशास्त्रानुसार स्वास्थ्यरक्षाको लागि अत्यन्त लाभदायक देखिन्छन्, किनभने यो चाड ग्रीष्मऋतु शुरु हुने बखतमा पर्दछ र यस बखत सक्कर तथा जौको सत्तु खाने र खवाउने गर्नाले शरीरलाई ठण्डा भई फाइदा हुन्छ। आयुर्वेदमा स्नान गर्नाले अग्नि प्रदीप्त हुन्छ, शुक्र, उत्साह तथा बल बढ्छ र थकाइ, प्यास, आलस्य आदि हट्छ भन्ने कुरा लेखिएको छ। फेरि त्यसै ग्रन्थमा जौको गुणबारे पनि यस किसिमले वर्णन गरिएको छ—जौमा कण्ठरोग, कफ र पित्तको रोगलाई नाश गरी प्यास हटाउने गुण छ। यी कुराका आधारमा विचार गर्दा अक्षय तृतीयाबाट स्वास्थ्य रक्षा गर्ने प्रेरणा तथा ग्रीष्मऋतुको बखत कुन किसिमको जीवन व्यतीत गर्नुपर्दछ भन्ने शिक्षा प्राप्त गर्न सकिन्छ। त्यसकारण यस पर्वोत्सवलाई परम्परागत स्वास्थ्य दिवस भन्नुमा अत्युक्ति होइन होला भन्न सकिन्छ। जे होस् यो पर्वोत्सव मनाउनाले हामीलाई फाइदै हुने देखिन्छ।

—:o-o:—

CC-0. In Public Domain. Digitization by eGangotri

: ४ :

मातृऔंसी

नेपाल अधिराज्यमा प्रत्येक वर्ष मनाइने विभिन्न चाड पर्वोत्सवमध्ये आमा र आफ्नो देशको गुण सम्झने प्रेरणा प्रदान गर्ने सक्ने खालका मौलिक चाड-पर्वोत्सवहरू पनि छन्, जसमा वैशाख कृष्ण औंसीको दिन मनाइने मातृऔंसी, मातृ-दिवस र मातातीर्थे औंसी नामले प्रख्यात पर्वोत्सव पनि एउटा हो ।

यो पर्वोत्सवको माहात्म्यबारे 'पाराजिका' नामक बौद्धग्रन्थमा 'बुद्धोक्त वचनम्' भनी यी कुराहरू लेखिएका छन्—वैशाख कृष्णपक्ष औंसीका दिन आमाको महत्वपूर्ण गुण सम्झने प्रेरणा प्राप्त गरी आमाप्रति रहेको श्रद्धा-भक्ति प्रकट गर्ने दिन भएकोले मातृऔंसी नामले प्रख्यात छ । यस दिन छोराछोरीहरूले आमालाई मित्री दिलले हर्ष-पूर्वक मानमर्यादा गरी श्रद्धाका साथ मीठा मीठा खाने कुरा खवाई प्रसन्न तुल्याउनु-पर्दछ । त्यस कार्यद्वारा प्रसन्न भएकी आमाले प्रदान गरेको आशीर्वादको प्रभावले छोराछोरीहरूलाई ठूलो फल प्राप्त हुन्छ । यदि आमा परलोक भइसकेको भए आमाको नामबाट यस दिन मातातीर्थ नामक तीर्थमा वा अन्य तीर्थादिमा गई नुहाइधुवाइ गरेर सिद्धा तथा पिण्ड दान गर्नुपर्दछ । त्यस कार्यबाट दिवंगता माता प्रसन्न भई दिएको आशीर्वादको प्रभावले छोरा-छोरीहरू जन-धनले सुसम्पन्न भई महासुख भोग गर्न पाउने हुन्छन् ।"

उपर्युक्त बौद्धग्रन्थमा लेखिएको कुराको अतिरिक्त यस मातृऔंसीको दिन मातृ-दिवस मनाई पर्वोत्सव मनाउने प्रथा कुन बेलादेखि चलेको हो भन्ने विषयमा यस्तो एउटा किंवदन्ती पनि छ—'धेरै धेरै वर्षअगाडि थानकोट नामक स्थानको नजीकै एउटा चउर थियो । त्यहाँ दिनदिनै एक बथान गोठाला बालकहरूले आफ्ना गाईवस्तु चराउने गर्दथे । एक दिन अचानक एकजना गोठालो बालकले पर्याँकेको रोटीका टुक्राहरू बिलाएर गये । त्यसले धेरै पटक रोटीका टुक्रा पर्याँक्यो तर प्रत्येक पटक बिलाएर गयो । त्यस कार्यको अनुसरण गरी अरू गोठाला बालकहरूले पनि रोटीका टुक्राहरू पर्याँके । तर त्यहाँ आमाको मृत्यु भइसकेका गोठाला बालकहरूले पर्याँकेका रोटीका टुक्राहरू मात्र बिलाएर आमा जीवित रहेका गोठाला बालकहरूले पर्याँकेका रोटीका टुक्राहरू बिलाएनन् । फेरि यस्तै प्रकारको घटना त्यही एक दिन मात्र भयो

CC-0. In Public Domain. Digitization by eGangotri

र भोलि पल्टदेखि भएन । किनभने त्यस दिन वैशाख कृष्णपक्ष औंसीको दिन थियो । त्यसकारण त्यस दिन र त्यस स्थानको महत्व बुझी त्यो ठाउँ वैशाख कृष्णपक्ष औंसीका दिन मृत आमाहरू आएर आफआफ्ना छोरा-छोरीहरूको हातबाट प्रदान गरिएका खाद्य वस्तुहरू ग्रहण गर्न आउने ठाउँ रहेछ भनी विचार गर्न थालियो । अनि त्यसै स्थानमा मानिसहरूले एउटा कुण्ड बनाई मातातीर्थ भन्ने नामकरण गरेर वर्षेनि मातृ-दिवस मनाउन थाले । त्यस दिन तिनीहरूले मृत आमाहरूको नामबाट सिधा-दान, पिण्डदान आदि कार्य गनुका साथै जीवित आमाहरूलाई पनि इच्छित खानेकुरो खुवाई आशीर्वाद लिने प्रथा चलाए । त्यस बेलादेखि यो पर्वोत्सव मनाइने परम्परा चलेको हो ।"

यस पर्वोत्सवको दिन नेपाल अधिराज्यमा विशेष गरी नेपाल उपत्यकामित्र माथि पाराजिका नामक बौद्धग्रन्थमा 'बुद्धोक्त वचनम्' भनी उल्लेख गरिएका कुराअनुसार-का कार्य गरिन्छन् र मातृऔंसी विषयका किंवदन्तीमा नामकरण गरिएका तथा काठमाडौंदेखि दुइ कोस जति पश्चिममा रहेको मातातीर्थ नामक स्थानमा स्थान गर्ने र सीदा तथा पिण्डदानादि कार्य गर्न असंख्य मानिसहरू जान्छन् ।

यस पर्वोत्सवबारे उपर्युक्त बुद्धोक्त वचन र लोकोक्त कथनको आधार-अनुसार विचार गरिएमा यस पर्वोत्सवको महत्व व्यक्तिको देखिदैन; तर यस पर्वोत्सवको आधारमा विचार गरिएमा यस पर्वोत्सवको पृष्ठभूमिमा मनोवैज्ञानिक कुरा विद्यमान भएको स्पष्ट देखिन्छ । किनभने नेपाल अधिराज्यमा आमाप्रति श्रद्धा-भक्तिका साथ मानमर्यादा राख्ने तथा मातृभूमिको सेवाको लागि तन-मन अर्पण गर्न रत्तीभर पछि नहट्ने खालका मानिसहरू धेरै छन्, जसको श्रेय यसै मातृऔंसी पर्वोत्सवलाई प्रदान गर्न सकिन्छ । अतः नेपाल अधिराज्यमा अहिलेभन्दा बढी मातृभूमिका सच्चा सेवक-हरूको संख्या बढाउनको लागि पनि यो पर्वोत्सव मनाउनु आवश्यक देखिन्छ । यस पूर्वोत्सववाट नेपाल र नेपालीको कल्याण हुनुका साथै मौलिक परम्पराको समेत रक्षा हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: ५ :

सिठी चाड

कवि शिरोमणि श्री लेखनाथजीले लेख्नुभएको सत्यकलि सम्वाद नामक पुस्तकमा सत्यको वासस्थान भनी उल्लेख भएको हाम्रो नेपाल अधिराज्यमा वर्षेनि मनाइने विभिन्न चाड-पर्वमा सिठी चाड पनि एउटा हो । यो चाड प्रत्येक वर्ष ज्येष्ठ महीनाको शुक्लपक्षमा षष्ठीको दिन मनाइन्छ । त्यसकारण यो चाडको नाम 'षष्ठी'को अपभ्रंश 'सिठी' रहन गएको छ ।

यस चाडलाई नेपाल भाषामा 'सिठी नख' भनिन्छ । उक्त भाषामा 'नखः' भनेर चाडलाई भनिन्छ । अतः 'सिठी नख' को मतलब सिठी चाड हो । उक्त भाषाबाट नामोच्चारण गर्दा नखः' अर्थात् 'चाड' भन्ने शब्दसमेत उल्लिखित हुने चाड बाहेक अरू छैन । यस दृष्टिकोणबाट यो चाडलाई स्वनामधन्य चाड भने पनि हुन्छ ।

यस चाडलाई 'राजमार्तण्डे शिव वचनम्' भन्ने कथनानुसार कुमार षष्ठी र रावणसंहिता षष्ठीको चाड पनि भनिन्छ । किनभने यसै चाडको दिन अर्थात् ज्येष्ठ शुक्ल षष्ठीको दिन महादेवका ज्येष्ठपुत्र स्वामी कार्तिकेय (कुमारजी) को जन्म भएको थियो र अयोध्याका राजा दशरथका ज्येष्ठ पुत्र श्री रामचन्द्रले लङ्काका राजा रावणलाई युद्धमा हराउनु भएको थियो भनी उक्त कथनमा भनिएको छ । फेरि त्यही कथनमा यस सिठी चाडको महत्वबारे यस्तो कुरा लेखिएको छ—

कुमार षष्ठी र रावण संहिता षष्ठी नाम भएको ज्येष्ठ शुक्ल षष्ठीको दिन भूमिमा गोबरले गोलाकार पर्ने गरी लिपेर त्यसमाथि छःवटा दल भएको कमलको फूल लेखेर कुमारजीको आराधना गरी पञ्चोपचारले पूजा गर्ने, मास, मूगी, केराउ, खेसारी आदि पदार्थबाट बनाइएका छः प्रकारका बाराहरू; मालपुवा, कोदोको रोटी मकैको रोटी, चामलको रोटी, गहूँको रोटी आदि छः प्रकारका रोटीहरू र छः प्रकारका तरीकाहरूले पनि कुमारजीको पूजा गरेमा घरमा कुनै उपद्रव हुनेछैन ।

यही सिठी चाडको दिनदेखि घेरैजसो घरका छानाहरूमा हावाको झोंकाद्वारा घुम्ने कागतको पवन-चक्की घुमाइराख्ने प्रथा पनि छ । यस प्रथाको महत्वबारे पनि 'वैवर्तपुराणे मञ्जुश्री वचनम्' भनी यस किसिमका कुराहरू लेखिएको छ—

CC-0. In Public Domain. Digitization by eGangotri

"ज्येष्ठ शुक्ल षष्ठीको दिन कपडा वा कागजमा आठवटा पद्मको मूर्ति लेखिएको पवन चक्कीलाई बाँसको सिन्का वा मसिनु लट्ठीमा घुसारी छानामा राखेर हावाको झोंकाद्वारा घुमाउन लगाइराख्ने । यस प्रकारसंग बनाई घुमाउनका निम्ति राखेको पवन चक्कीले गर्दा सर्वदोष नाश भई अष्टमहाभयबाट बचावट हुन्छ र अष्टसिद्धि लाभ हुन्छ ! यसमा कुनै शंका छैन ।"

यी माथि लेखिएका कथनहरूसँग हूबहू मिल्ने गरी यो सिठी चाडलाई व्यावहारिक रूपमा यस प्रकारले मनाउने गरी आएको छ । यो चाडको दिनभन्दा दुई तीन दिन-अगाडि घरघरमा नुहाइधुवाइ, सफासुग्घर, लिपपोतका कार्यहरू गरिन्छ । यस चाडको मुख्य दिन घर घरमा केटा-केटी, बूढाबूढी, युवक-युवतीहरूले हर्षोल्लासका साथ आफआफ्ना आर्थिक स्तरअनुसार भोजन आदि कार्य तथा श्रीस्वामी कार्तिकेय (कुमारजी)-को व्रत, पूजन र भजनादि कार्य गर्दछन् । हामी नेपालीहरूमध्ये विशेष गरी नेवार जातिका मानिसहरूले यस दिन ठूलो भक्तिका साथ आफआफ्ना कुलदेवता-हरूको पूजा गर्दछन् । तिनीहरूमा पनि कुनै कारणवश देवाली पूजा गरी नसकेकाहरूले त यो दिन देवालीपूजा झैं गरी भव्यताका साथ आफ-आफ्ना कुल देवताहरूको पूजा गर्दछन् । त्यस कारण यो दिनभन्दा एक महीनाजति अघिदेखि चलिरहेको देवाली पूजाको अन्त पनि यही चाडको दिन हुन्छ । फेरि यसै चाडको दिनदेखि 'अस्थिर यो संसार गरी परोपकार' भन्ने शीर्षक भएको, कोला रागको लय भएको तथा महासत्वोपाख्यानअनुसार बुद्धदेवको बत्तीस जन्ममध्ये महासत्व नामक राजकुमार भई जन्म लिनुभएको बखतमा एक बखत आफ्ना दाजुभाइहरूको साथ लागी काठ-माडौं उपत्यकाको ६-७ कोस पूर्वमा दाप्चा नामक गाउँतिर रहेको गन्धकूट पर्वतमा शिकार खेल्न जाँदा सुत्केरी भएकी अस्वस्थ तथा विरामी बघिनीले आफ्ना डमरुहरू-लाई दूध खुवाउन नसकेकोले र डमरू भोकले पीडित भई कराइरहेको करुणाजनक दृश्य देखेर उक्त महासत्व राजकुमारले आफ्नो मासु आफैंले काटी ती बघिनी र डमरुहरूलाई खुवाई प्राणसमेत त्याग गरेर परोपकार गर्नुभएको गीत गाउन छोडी सिनाज्या लयको गीत गाउन थालिन्छ ।

यो चाडको दिन विभिन्न स्थापना रहेका ढुंगेधारा, कुँवा, इनार आदि सुग्घर सफा गर्ने तथा गराउने गर्दछन् ।

यो चाडको भोलिपल्ट बिहान काठमाडौंका नेवार जातिका मानिसहरूले माथि 'राजमार्तण्डे शिव वचनम्' भनी लेखिएअनुसारको खाने कुराहरू राखेर काठमाडौं जैसी देवलस्थित कुमारजीको पूजा गर्न जान्छन् र वेलुकी सोही कुमारजीको खटयात्रा ठूलो सजधजका साथ गर्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो सिठी चाडको उत्पत्ति र महत्ववारे उपरोक्त 'राजमार्तण्ड शिववचन र वैवर्तपुराणे मञ्जुश्री वचन' भन्ने धार्मिक तथा आध्यात्मिक कथनहरू दिइएको छ तापनि यस चाडको वास्तविक महत्व र उत्पत्तिका कारणहरू हाम्रो देशजस्तो कृषि-प्रधान देशका धेरैजसो मानिसहरूको स्वास्थ्यरक्षा, सुघरसफाइ, मनोरञ्जक कुरा-हरूको लागि नै देखिन्छ, किनभने यस चाडको वखतभन्दा एक डेढ महीनाजति अगाडिदेखि ग्रीष्मऋतुले गर्दा मानिसहरूका शरीर र मन तथा पृथ्वीका भूमि र वन सन्तप्त भई उराठलाग्दो देखिई नरमाइलो भएका हुन्छन् । फेरि त्यस समयमा धूलो उडी घरहरू र शरीर पनि गर्मीले गर्दा फोहर मैला आदिले पुरिएको जस्तै भएका हुन्छन् । यस चाडको नाताले गर्दा जस्तोसुकै नुहाइ धुवाइ नगर्ने तथा घरलाई सफासुग्घर नराख्ने मानिसहरूले पनि नुहाइ धुवाइ सफा-सुग्घर गर्ने भएको हुँदा घुमाउरो तरीकाले स्वास्थ्य रक्षाको कार्य गरिने हुन्छन् । त्यस्तै प्रकारसंग यसै चाडको नाताले इनार, धारा, कुँवा आदि सोहोर्ने र सफाइ गरिने कार्यले गर्दा वर्षा ऋतुमा खेतीको काम गर्न जाने बखतको लागि फोहर कसिङ्गर र कीटाणुरहित पानी पिउन पाई अर्को तरीकाले स्वास्थ्यरक्षाका कार्य गरिने हुन्छन् । फेरि यो चाडको समयदेखि नै वर्षाऋतुको पूर्वरंग देखिन थाल्छ । आकाशमा कालो वादलले घेरेको देखेर खेतीको काम गर्नेहरू हतपताइरहेका हुन्छन् । यो चाड सिद्धिनासाथ वर्षाऋतु शुरू भई रोपाईंको कार्य गर्नुपर्ने हुँदा खेतीको काम गर्नेहरूले मनोरञ्जनको कुनै पनि कार्य तथा मीठो मीठो खानेकुरो खाने अवकाश पाउँदैनन् । त्यसकारण वर्षभरिमा मनाइने चाडहरूमा अन्तिम चाड भएकोले यस चाडको सम्बन्धबाट कुलदेवताहरूको पूजा गरेर मीठो मीठो खानेकुरो खाई मनोरञ्जन गर्न पाउँछन् । यसैले कुनै कारणवश दीवाली पूजा गर्न नपाएका व्यक्तिहरूले पनि यस चाडको दिन दीपावलीको बखत गरिने त्यस किसिमका पूजा गरी दिनबहलाउ गर्दछन् । त्यस दिन गरिएको मनोरञ्जन कार्यले गर्दा मानिसहरूको मन चङ्गा भई तिनी-हरूले अरू कार्यहरूमा पनि सफलता प्राप्त गर्न सक्तछन् । अर्को कुरो यस चाडको नाताले यस चाडको केही दिनपछिसम्म पनि आफआफना नाताकुटुम्ब र छोरी वेटीहरूलाई निम्तो गरी भोज खवाउने प्रथा छ । त्यस प्रथाले गर्दा त्यस चाडको केही दिनपछि गरिने रोपाईं कार्यमा सुलभ तरीकाले आफ्ना नाता कुटुम्बहरूबाट सहायता पाउँदछन् । यस प्रकार यो सिठी चाड पनि अरू चाडझैं व्यावहारिक रूपले उपयोगी छ । यी कुराहरूको दृष्टिकोणबाट र आजकालसम्म पनि हाम्रो देशका धेरै व्यक्तिहरू यस कार्यमा लागिरहेका देखिएबाट यस चाडलाई संस्कृतिको बचावटको होस् वा धर्म प्राप्तिको नामले होस् वा व्यावहारिक उपयोगिताको कारणबाट होस्, काल र परिस्थितिसँग मिल्ने गरी मनाएमा लाभ नै हुने कुरो प्रमाणित रूपले देखिन आउँदछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: ६ :

कर्कट संक्रान्ति : साउने संक्रान्ति

नेपाल अधिराज्यमा प्रत्येक महीनाको संक्रान्ति अर्थात् सूर्यले मेष, वृष, मिथुन, कर्कट आदि बाह्र राशिहरूमध्ये एउटा राशिबाट अर्को राशिमा प्रवेश गर्ने संक्रमण कालको दिनलाई पवित्र दिन मानी त्यस दिन स्नान, दान, देवमूर्ति-दर्शन, देवालय तथा तीर्थस्थलको पर्यटन आदि कार्यहरू गर्ने प्रथा छ। त्यसमा पनि अयन संक्रान्तिका दिन अर्थात् मकर नामक दशौं राशिमा सूर्यको प्रवेश भई उत्तरायणको आरम्भ हुने (सूर्यको गति उत्तरतिर हुने) माघे संक्रान्तिको दिन र कर्कट नामक चौथो राशिमा सूर्यको प्रवेश भई दक्षिणायनको आरम्भ हुने (सूर्यको गति दक्षिणतिर हुने) श्रावण संक्रान्तिको दिनलाई त विशेष चाड पर्वकै दिनहरू भनी मान्ने परम्परागत रीति छ। त्यसकारण कर्कट राशिको नामबाट कर्कट संक्रान्ति भनी नामकरण भएको साउने संक्रान्तिको दिन धर्मसिन्धु नामक धर्मग्रन्थमा "संक्रान्तिको दिन जुन व्यक्तिले नुहाउने कार्य गर्दैन त्यो व्यक्ति सात जन्मसम्म रोगी र निर्धन हुनेछ" भनी उल्लिखित वचनको पालन गरी स्नान, दान, भजन, पूजन तथा भोजन आदि कार्य गरी चाड-पर्व मनाइन्छ। फेरि अग्निपुराण नामक ग्रन्थमा सप्तमीको दिनमा संक्रान्ति पऱ्यो भने अथवा धर्मसिंधु नामक धर्मग्रन्थमा संक्रान्ति शुक्लपक्षको सप्तमीको दिनमा पऱ्यो भने त्यो संक्रान्ति ग्रहण परेको दिनभन्दा बढी महत्वको दिन मानिन्छ भनी लेखिएअनुसार यो संक्रान्ति यस दिन परेको छ भने त झन् विशेषताका साथ यो साउने संक्रान्तिको दिनमा चाड मनाइन्छ।

यो साउने संक्रान्तिको दिन वर्षेनि साधारणतया यी कार्यहरू गरी चाड मनाइन्छ। सर्वप्रथम बिहानीपख मानिसहरू तीर्थस्थल घाटहरूमा गई नुहाइधुवाइ गरिसकेपछि देवदेवीहरूको दर्शन, पूजन र भजन गर्दछन्। अनि दिउँसोतिर पहाड तथा टाढा टाढाका गाउँहरूबाट काठमाडौं उपत्यकास्थित देवदेवीहरूको दर्शन गर्न आएका नर-नारीहरू वनकालीको वन तथा स्वयम्भूको वन आदि स्थानहरूमा भेला भई आफ-आफनो घरबाट आफनो औकातअनुसार तयार पारेर ल्याएका खाने कुराहरू खाएर मगनमस्त भइसकेपछि एक एक हूल बाँधेर मनमानी हिसाबले आफ-आफनो लयमा रसिया, झ्याउरे, दोहा, चौपाई, कविता, ठट्टा, टुक्काहरू गाई, अलापी यस वर्षको आफनो जीवनलाई सार्थक र सफल पार्यौं भन्ने सम्झी ठूलो खुशीयाली मनाउँछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस प्रकारले आफ्नो हृदयोद्गारलाई गीतरूपी स्रोतबाट पोखिसकेपछि तिनीहरूले यो साललाई रसिया थन्क्याएर्यौं भनी अघिदेखिको चलनअनुसार भनेर जाने पनि गर्दछन् । यी उपर्युक्त कार्यहरूका अतिरिक्त यस दिन कसै कसैले श्री सत्यनारायणको पूजा गरी व्रतउपवास पनि बस्ने गर्दछन् । फेरि यसै दिन बेलुकी सन्ध्याकालमा 'कण्डारक' नामक राक्षस विशेषको पूजा गरिन्छ र घरका झ्याल ढोकाहरूबाट 'लूतो पर्याक्ने' भनी विशेष किसिमले पूजा गर्दा बालिएका अगुल्टाहरू र अनेक प्रकारका फलफूलहरू पर्याकिन्छन् । त्यसो गर्नाको अर्थ वर्ष दिनका रोगहरूलाई घरबाट बाहिर हुत्याउनु हो भनिन्छ । अनि त्यस दिनदेखि चार दिनसम्म गोठहरू र जङ्गलतिर कुनै-कुनै मानिसहरू जाँदैनन् । यो संक्रान्तिको दिन धेरैजसो मानिसहरूले "वर्षा गयो हिउँद आयो" भनी खुशी मनाउँदै मासु खाने गर्दछन् । यस दिन र श्रावण महीनाभर पनि मुख्य गरेर खीर खाने र खुवाउने कार्य धनी मानिसहरू गर्दछन् ।

यस श्रावण संक्रान्तिको चाड-पर्वको उत्पत्तिविषयक माथि उल्लेख गरिसकिएका धार्मिक कारणहरू अनेक ग्रन्थहरूमा लेखिए तापनि यस चाडको उत्पत्तिको वास्तविक कारण निम्नलिखित किसिमको देखिन्छ—

नेपाल अधिराज्य कृषिप्रधान देश हो । त्यसकारण आषाढ महीनाभर "मानु खाई मुरी बचाउने" भन्ने कथनानुसार रोपाइँ कार्यमा यहाँका मानिसहरू लागेका हुन्छन् र त्यस कार्यले गर्दा तिनीहरू थकित हुनुका साथै आफ्ना इष्टमित्र र नाता कुटुम्बहरूसँग भेटघाट गरेर कुनै मनोरञ्जन गर्न नपाएका हुन्छन् । त्यसैले थकित दिललाई मनोरञ्जक तुल्याउन र आषाढ महीनामा रोपाइँ कार्य गरी हिलोमैलो लागेको शरीरलाई सफासुग्घर गराउन स्नानादि कार्य गराई यो साउने संक्रान्ति दिनलाई पहिलेका विद्वानहरूले एक चाड पर्वको रूप दिइराखेको हुनुपर्दछ । फेरि यस संक्रान्तिको दिन लूतो पर्याक्ने गराइराखेकोबाट रोगबाट जोगिएर हिंड्ने उपायको प्रेरणा तथा त्यस दिनदेखि चार दिनसम्म गोठ र जङ्गलतिर जान हुँदैन भन्ने कथनअनुसार "रोगका कीटाणुहरू सरेर आउने सम्भावना भएका ठाउँहरूमा जान हुँदैन र रोगहरूबाट बचेर बस्नु निको तुल्याउनुभन्दा बेस छ" भन्ने शिक्षा प्राप्त गर्न सकिन्छ, यसरी यस साउने संक्रान्ति नामक चाड पर्वको पृष्ठभूमिमा मनोवैज्ञानिक सामाजिक तथा स्वास्थ्यलाभका कुराहरू भएकाले यो चाड-पर्व आधुनिक समयमा पनि सर्वसाधारणको लागि उपयोगी देखिन्छ । यो संक्रान्तिको दिन सार्वजनिक विदा दिइन्छ । यो संक्रान्तिको दिनसम्म पनि आषाढे र शीलुमे गीत पनि गाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: ७ :

गठांमुगल : घण्टाकर्ण

'देव-भूमि' नामले विश्वविख्यात हाम्रो यस मातृभूमि नेपालका परम्परा गत विभिन्न चाड-पर्वका दिनहरूमध्ये एउटा मुख्य चाड गठांमुगल (घण्टा कर्ण) चाड पनि हो। यो चाडलाई हाम्रो नेपालमा प्राचीन समय-देखि श्रावणकृष्ण चतुर्दशीका दिन मनाउने गरेको छ। अहिलेको यो आणविक युगमा रहेका तथा प्रगतिशील कहलि एका राष्ट्रहरूमध्ये एक राष्ट्रका निवासी हाम्रा नेपालीहरूले अझै पनि अर्थ न बर्थ गोविन्द गाई वा बाबुले बिरालो बाँधी श्राद्ध गरेको देखेर छोरोले पनि बिरालो बाँधेर श्राद्ध गर्ने परम्परा स्थापित गनुँ युग सुहाउँदो होइन, किन्तु बाबुले किन बिरालो बाँधेर श्राद्ध गरेको हो भन्ने कुरातिर विचार पुऱ्याउनु वेश होला। अतः अहिलेको यो अनुसन्धान, अन्वेषण नगरीकन कुनै कुरा नपत्याउने जमाना भएकोले यस गठांमुगलको विषयमा पनि केही खोजतलास गर्न खोज्नु समयोचित जस्तो देखिन्छ।

सर्वप्रथम यस चाडको फेद-टुप्पोबारे खोजतलास तथा विश्लेषण गर्नको लागि यो चाड कसरी मनाइन्छ, किन मनाइन्छ, कहिलेदेखि मनाइने गरियो र कुन कुन मानिसको यस चाडबारे कस्तो धारणा र कथन छ भन्ने कुरामा दृष्टि दिनु अत्यन्त आवश्यक छ। यी उपरोक्त विषयका कुरामा सोच-विचार नगरी गठांमुगलको रहस्य थाहा पाउन खोज्नु प्रायः असम्भव नै देखिन्छ।

त्यसकारण हामीले पहिले यो चाड कसरी मनाइन्छ त्यसतर्फ ध्यान दिनु उचित छ। यो चाड नेपाल उपत्यकाभित्र यस प्रकार मनाइन्छ—

बिहान सबैरै घर घरमा लिपपस, सफासुग्घर, नुहाइधुवाइ तथा शुद्ध पवित्र भई मानिसहरू देव-देवीहरूको दर्शन गर्न हिंडछन्, त्यसमा पनि विशेष गरीकन आफआफनो पीठ-देवीहरूको दर्शन गर्न जान्छन्। देव-देवीहरूको दर्शन गरेर फर्केपछि तिनीहरूले औंठी पसलेहरूका पसलबाट फलाम, तामा, पित्तल आदि धातुका औंठीहरू किनेर ल्याई बिहान झिसमिसे उज्यालो भएदेखि आफआफनो टोलका चौबाटाहरूमा ठड्याइएका नरकट तथा सिस्नु आदिले बनाइएका गठांमुगलहरूमा छुवाएर ल्याउने बर्दछन्। त्यसै बखत साना साना केटाकेटीहरूले आफआफना खेल्ने पुतलीहरू गठांमुगलमा झुण्ड्याउन ल्याउँछन् र केटाहरू जति आफआफनो टोलको चौबाटोमा

CC-0. In Public Domain. Digitization by eGangotri

राखिएका गठांमुगलको चौघिर्दामा बसी बाटो हिड्ने मानिसहरूसंग "घण्टाकर्णको जगात ले" भन्दै जगात (एक किसिमको कर) माग्ने गर्दछन् । दिनभर घर घरमा खानेकुरा तथा पूजाको सरजाम तयार पार्ने काम हुन्छ र बाहिर टोल टोलमा घण्टाकर्णको जगात लिने काम जारी नै रहन्छ । जब साँझ हुन्छ घण्टाकर्ण राखिएका प्रत्येक टोलमा निम्न जातका व्यक्ति जसलाई प्राचीन समयमा चाण्डाल भनिन्थ्यो, त्यसलाई हातमा दहीको खाली कहतारो समात्न लगाई आफआफनो टोलमा 'आजा जय' 'आजा-जुयात सतिकति धायत धिवा मन्त' भन्ने नारा अर्थात् 'जिज्यूबाजेको काजक्रिया गर्न पैसा भएन' भन्ने नारा लगाउन दिई घर घरमा जगात माग्न लगाउने गर्दछन् । त्यसपछि नरकट सिस्नु आदिले बनाइएको तथा दिनभरि दोबाटो चौबाटोमा ठड्याइएको घण्टाकर्णलाई कागतमा लेखिएको भयंकर अनुहार भएको चित्रको मकुण्डो लगाइदिन्छन् र त्यस निम्न जातिका व्यक्तिलाई हातमा बलेको छ्वाली समात्न लगाई गठांमुगलको वरिपरि तीनफेर परिक्रमा गराउन लगाई बलेको छ्वाली गठांमुगलमा झोंसी गठांमुगलको दाह गराउन लगाइन्छ । त्यसपछि गठांमुगललाई ढालेर डोरीले बाँधी घिसार्दै लगेर नदीमा सेलाइन्छ । कुनै-कुनै ठाउँको गठांमुगललाई नढालीकन पनि लाने चलन छ ।

नढालीकन लगिने गठांमुगललाई आमाबाबु मारिएको अपशोचले आफ-से-आफ आमाबाबु सेलाउन लगिएको नदीमा गई मर्न गएको छोरो गठांमुगल भनिन्छ । अनि कुनै टोलको गठांमुगललाई आले र कुनै ठाउँको गठांमुगललाई पोथी पनि भनिन्छ । गठांमुगल सेलाउन लगेपछि घर घरमा विधिविधानपूर्वक पूजा गरिन्छ । त्यस वेला गरिने पूजा विशेष गरीकन बलिपूजा हुन्छ । घरमा प्रत्येक कोठा कोठामा बुहँगल, चोटा, मटान र हिंडी फेरि एकपटक झारझुर गरीकन बढारिन्छ । घरका प्रत्येक कुनाकाप्चाबाट साटो झिकिन्छ र ती साटो झिकिएका ठाउँहरूमा रायो, सस्युँ आदिका गेडाहरू तथा अरू पनि जडीबूटीहरू राखेर पुर्छन् । त्यसपछि झिकिएको साटो एउटा भाँडोमा जम्मा गरी त्यहीं पूजा गरिएका बलिमा राखिन्छ । घरभरि कुनै ठाउँ पनि बाँकी नराखी गोकुलधूप, श्रीखण्ड चन्दन र विशेष किसिमका धूप र सस्युँका गेडाहरू आदिका धूवाँ भरिभराउ गरिन्छ । पूजा सिद्धिएपछि त्यस दिन वेलुकी अरू खाने कुराहरूको अलावा विशेष गरी लसुन, छयापी, प्याज च्यूरा, मासु, भटमास तथा अदुवाको संमिश्रण भएको 'समय' खाइन्छ । त्यस कार्यपछि बलिलाई र बढारिएका कसिंगर तथा घरका कुना-काप्चा बाट झिकिएको साटोलाई दोबाटो चौबाटोमा पर्याँवन लगिन्छ । बलि पर्याँवन जाने मानिस धारामा गई हात, गोडा र मुख धोएर फर्केपछि घरका दैलाहरूमा तीन खुट्टे, पाँच खुट्टे कील तथा जन्त्र ठोकिन्छ र ढोका बन्द गरिन्छ । ढोका बन्द गरिसकेपछि जस्तोसुकै काम परे तापनि ढोका खोल्न हुँदैन

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछन् र आफ्नै घरको परिवारमध्ये कोही बाहिर गएर आए भने पनि घरभित्र पस्न दिईंदैन । यो चाडमा गरिने अर्को एउटा विशेष कार्य आफ्नो टोलको गठांमुगल सेलाउन नलगीकन बेलुकाको खाना नखाने गरिने पनि हो । यस्तो किसिमले नेपाल उपत्यकाभित्र यो चाड मनाइन्छ ।

यो दिन नेपालका पहाडी तथा काँठ काँठका गाउँ घरहरूमा पनि सिस्नु, काँढा, छ्वाली इत्यादि बालेर घरमा धूपका धूवाँ लगाएर तथा लिपपोत गरी यो चाड मनाउने चलन छ ।

अब हामीले यो चाड किन मनाइन्छ, कहिलेदेखि मनाउने गरियो र यो चाडवारे कस्तो कस्तो धारणा तथा कथन छ भन्ने कुरातर्फ ध्यान दिनु उचित छ । यी उपरोक्त कुरावारे मुख्य गरीकन प्राचीन र आधुनिक गरी दुइ किसिमको कथन तथा धारणा छ ।

यो घण्टाकर्ण अर्थात् गठांमुगलबारे रुद्रयामलतन्त्रे महादेव वचनको प्राचीन कथनानुसार यस प्रकार कुरा दिइएको छ । यही घण्टाकर्ण चतुर्दशीको दिन घण्टाकर्ण गठांमुगल नामक राक्षसले नेपाललाई विध्वंस पारी मानिसहरू संहार गर्ने उद्देश्य लिई नेपालमा प्रवेश गरेको थियो । तर एउटा श्यागुतीको सत्कार्य तथा संकेतले गर्दा त्यो राक्षस मानिसहरूका हातबाट मारियो । त्यसकारण मानिसहरूले राक्षस-माथि विजय प्राप्त भएको दिन भएकोले त्यो दिन शहरमा हरेक चौबाटो र दोबाटोमा नरकट, काँढा र सिस्नुका राक्षसमा मूर्ति बनाई दिनभरि त्यहाँ ठड्याएर बेलुकीपख आगोले पोली कुनै नदीसम्म घिसार्दै लगी सेलाउने चलन चलिआएको हो । यस कार्यले गर्दा मानिसको आयु बढ्दछ भन्ने कथन छ ।

फेरि यो चाडबारे आधुनिक कथनअनुसार घण्टाकर्ण नाम गरेको एक व्यक्ति थियो जो प्राचीनधर्मावलम्बीहरूको दृष्टिकोणमा नास्तिक किसिमको थियो र जसले भाग्यवाद, ईश्वरवाद, भन्दा कर्मवादमा विश्वास गर्दथ्यो र सुनलाई भन्दा फलामलाई तथा धनीवर्गलाई भन्दा गरीब वर्गलाई महत्व दिने गर्दथ्यो ।

यस व्यक्तिले आफ्नो अन्तिम जीवनकालसम्म पनि ईश्वरको नामोच्चारण गरेको कानले सुनिएला भन्ने भावना लिई दुवै कानमा घण्टा सुण्ड्याएर हिंड्थ्यो । तर मुखले ईश्वरको नाम उल्लेख नगरेर कानले ईश्वरको नाम सुन्ने नगरे तापनि भित्र अन्तस्करणले हरेक घडी हरेक पला ईश्वरको नाम सुनिएला भन्दै हिंड्दा घुमाउरो तवरले ईश्वरको नाम लिएर हिंड्थ्यो । उ दोबाटो र चौबाटोमा बसी अघोरी जस्तो भई जे पायो उही सर्वजातको खाने कुरो खाएर बाटोमा आवतजावत गर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसहरूसंग (कर) मागेर गरीबहरूको तथा निम्नस्तरका व्यक्तिहरूलाई सहायता गरेर हिंड्थ्यो । उही व्यक्तिको मृत्य भएपछि उसको स्मृतिमा गठांमुगल भनी चाड मनाउने गरिएको हो । उसले जे पायो उही खाएर हिंड्ने गरेकोले उसको दाह-संस्कार चाण्डालको हातबाट गराइएको हो र उसको क्रिया गराउनको लागि पैसा नभएकोले उसलाई दाह-संस्कार गराउने चन्दा माग्न लगाई चन्दाद्वारा त्यस घण्टा-कर्णलाई नदीमा सेलाउन लगी क्रिया गराएको हो भनिन्छ ।

यी दुवै कुरालाई हामीले वाह्य दृष्टिबाट हेर्दा मात्र कुन कुरो ठीक हो भनी छुट्याउन गाह्रो पर्दछ तर पनि हामीले गडेर हेर्यौं भने तथ्य कुराको केही झलक पाउन सक्छौं ।

पहिले हामी आधुनिक कथनलाई त्यस चाडको दिन गरिने रीति-रिवाजको कसीमा घोटेर हेर्यौं । सरासरी हेर्दा आधुनिक कथनमा पनि तथ्य कुरो छ जस्तो देखिन्छ । तर त्यस दिन गरिने रीतिरिवाज जो कि कुनै दुष्टलाई हटाउने कार्य जस्तो किसिमले गरिन्छ त्यसको विचार गर्दा आधुनिक कथन गठांमुगल चाडको तथ्य कुरो जस्तो देखिदैन । किनभने यदि गठांमुगल अर्थात् घण्टाकर्ण जनकल्याण-कारी काम गर्ने व्यक्ति भएको भए मानिसहरूले त्यसरी दिनभरि दोबाटो र चौबाटो-मा निर्वस्त्र गरी नांगे ठड्याएर बेलुकी चाण्डालको हातबाट दाह-संस्कार गराउन लगाई शहरदेखि कुनै नदीनालासम्म लैजाँदा गल्ली गल्ली घरेको कुकुरलाई झैं घिसार्दै लैजानुपर्ने खण्ड थिएन । फेरि त्यो दिन भूत घरबाट निकाल्ने र घण्टाकर्ण देशबाट निकाल्ने भन्दै अनेक काम कुरो सफासुग्घर तथा शत्रुहरूबाट बच्न सेनाले चक्रव्यूह खडा गर्ने जस्तो काम गरिदैनथ्यो । घण्टाकर्णलाई सम्मानपूर्वक आजकल सत्कार्य गर्ने मानिसको अन्त्येष्ठि गर्ने जस्तो गरी जात्रा गरेर नदीमा वा मसानमा लगिन्थ्यो । फेरि त्यो दिन बेलुकी कण्टाकर्ण नदीमा सेलाउन नलगी केही नखाने गरिने प्रथा र त्यो दिन खाइने वस्तुको विचार गर्दा पनि आधुनिक कथन ठीक जस्तो देखिदैन र यो चाडको उत्पत्तिको कुरासंग मेल पनि खाँदैन ।

त्यसकारण हामीले अब प्राचीन कथनलाई विचार गरेर हेर्यौं । यसलाई त्यसै हेर्दा निरर्थक कुरो जस्तो देखिन आउँछ । तर हामीले प्राचीन कथनलाई गडेर हेर्दा त्यसलाई प्राचीन कथन जस्तो छ त्यस्तै रूपले विचार नगरी आजकालका तर्क-शास्त्रीहरूले पहिले दस टाउके भनी विचार गरिएको रावणलाई दस टाउकोको बुद्धि भएको भनी र बालक कृष्णको मुखमा ब्रह्माण्ड देखियो भनी विचार गर्नुको सट्टा बालकमा ब्रह्माण्ड बनाउने ताकत छ भनी विचार गरे झैं विचार गर्यौं भने गठांमुगलबारे तथ्य कुरो स्पष्टसंग ऐनामा अनुहार देखिए झैं देखिन आउँछ । अतः हामीले उपरोक्त तर्कबाट विचार गर्यौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन समयमा गठांमुगल नामधारी केही दुरात्माहरू नेपाललाई ध्वंस गर्न र यहांका मानिसलाई संहार गर्न आएका हुनुपर्दछ र तिनीहरूलाई सारा नेपालीहरूले सामूहिक सहयोगबाट कर उठाएर अरू पनि अनेक कार्य गरेर जुक्तिले दमन गरी मारेको हुनुपर्दछ। गठांमुगल भन्नेहरू राक्षस होइनन् कि दुष्प्रवृत्ति भएका मानिस नै हुनुपर्दछ। किनभने पहिले पहिले नर-संहारी मानिसहरूलाई दैत्य वा राक्षस भन्ने चलन भएको कुरा हामीले इतिहासबाट थाहा पाउँछौं। त्यसो भएको हुनाले ती व्यक्तिहरू मारिएपछि पनि चाण्डालले अर्थात् निम्नस्तरका व्यक्तिहरूबाट दाह-संस्कार गराएको हुनुपर्दछ र बैगुनीलाई पनि गुन गर्ने भन्ने नेपाली प्रवृत्तिअनुसार चन्दाद्वारा ती व्यक्तिहरूको काजक्रिया गराइएको हुनुपर्दछ। त्यसै बेलादेखि ती दुष्ट प्रवृत्तिका मानिसहरूमाथि श्रावणकृष्ण चतुर्दशीको दिन विजय प्राप्त भएकोले त्यस दिन यो चाड मनाइएको हुनुपर्दछ। फेरि यो चाडमा गरिने सफासुग्घरबाट पनि के कुरो स्पष्ट हुन आउँछ भने पहिले पहिले अछूतहरूले छोइँदा छिटो हाल्ने कुराको अनुरूप ती दुरात्माहरू घर घरमा प्रवेश गरेका हुनाले लिपपस नुहाइधुवाइ र धूपको धूवाँ गरी युद्धचाइएको हुनुपर्दछ। फेरि अर्को कुरा यो चाडको निम्नस्तरका व्यक्तिद्वारा चन्दा मागिदा 'जिज्यूबाजेको काजक्रिया गर्न पैसा भएन' भनी मागेको कुराको विचार गर्दा यो चाडको प्रथा हाम्रो नेपालमा तन्त्रयान घुसेदेखि चलेको हो भन्ने धेरै कथन भए तापनि भाण्ड प्रतिभाण्ड प्रथा खतम भएर मुद्रा प्रणाली आइ-सकेपछि मात्र भएको हो कि भन्ने तर्क पनि देखिन आउँछ। पहिले यी उपर्युक्त दृष्टिकोणबाट हेर्दा आधुनिक कथनबाट भन्दा प्राचीन कथनबाट तथ्य कुरा भेट्टाउन सजिलो पर्दछ। तर अब हामीले प्राचीन कथन र आधुनिक कथन दुवैलाई एकातिर राखी अहिलेको यो आणविक तथा वैज्ञानिक युग सुहाउँदो हाम्रो आफ्नै दृष्टिकोणबाट यो चाडबारे विचार गरौं। यो चाडमा गरिने कार्यहरू तथा खाइने र लाइने वस्तु-हरूका आधारमा विचार गर्दा यो चाडको पृष्ठभूमिमा आधुनिक देशकाल तथा परिस्थितिलाई सुहाउँदो सामाजिक, राजनीतिक, नैतिक, वैज्ञानिक, मनोवैज्ञानिक तथा स्वास्थ्य-सम्बन्धी अनेक शिक्षाप्रद तथा प्रेरणादायक कुराहरू छन् भन्ने कुराको ज्ञान प्राप्त गर्न सक्तछौं र साथै हाम्रा पूर्वजहरू आजकालका पाश्चात्य विद्वान्हरू-भन्दा कम विद्वान् रहेनछन् भन्ने कुरा पनि थाहा पाउन सकिन्छ। अनि ती हाम्रा विद्वान् पूर्वजहरूले बहुजनहिताय र बहुजनसुखायको हेतुले मानव कल्याणकारी युक्तिहरू भेट्टाएर ती युक्तिहरूलाई व्यावहारिक रूपमा कार्यान्वित गराउन त्यस वेला-को देशकाल परिस्थिति तथा मानिसहरूको विचारधारासँग अनुकूल मिलने वास्तविक तथ्य कुरानबताई भावनात्मक कुरालाई ठोस कुरामा परिणत गरा बताएर चाड पर्वादिको सृष्टि गरेको हुनुपर्दछ, किनभने उहिलेका धेरैजसो मानिसहरूको प्रवृत्ति

CC-0. In Public Domain. Digitization by eGangotri

जुनसुकै कुरा पनि धार्मिक थितिरीतिका रंगमा नरंगाई फाइदै हुने भएको कुरा पनि नमान्ने किसिमको थियो। त्यही कारण गर्दा विद्वान् पूर्वज नेपालीहरूले घण्टाकर्ण चाडको सृष्टि गरी भूत तथा राक्षसको भय देखाई मानव कल्याणकारी आत्मरक्षक काम गराइराखेको हुनुपर्दछ।

हाम्रो देश कृषिप्रधान देश भएकोले प्राचीन समयमा किसानहरूको अतिरिक्त अरू जातले पनि कृषिको काम गर्ने भई आषाढ मासभरी खेतमा काम गर्न जाँदा घरमा फोहर कसिंगर कीरा फटचांग्रा आदिले भरिई शरीरमा पनि गैल परी फोहर हुने हुँदा स्वास्थ्यलाभको दृष्टिकोणबाट रोपाईंको काम सिद्धी घर वस्न आउँदा श्रावणकृष्ण चतुर्दशीको दिन एक विशेष दिन गराई सफासुग्घर, लिपपस, नुहाइधुवाइ गर्न तथा कीराहरू मार्न धूपको धूवा लगाउने र बेलुकी वर्षायाममा पाचनशक्ति बढाउने वस्तु छचापी, लसुन, प्याज आदि खुवाउने प्रथा चलाएको हुनुपर्दछ। यसबाट स्वास्थ्यसम्बन्धी शिक्षा यो चाडमा पाइन्छ। अर्को कुरो कृषिको काम सिद्धिएर काम नपाई मानिसहरू नचाहिंदो कार्यमा लाग्लान् भनी एक किसिमले मनोरञ्जन गराउन र राजनीतिक, सामाजिक, नैतिक तथा आर्थिक कार्यको तालीम दिन घण्टाकर्णरूपी राक्षसको होवा खडा गरी डर त्रास दिई देशलाई आपद परेको बखतमा सामूहिक तवरले कर तिरी वा चन्दा दिई तथा अरू पनि अनेक कार्य गरी सामूहिक तवरले पारस्परिक सहयोगबाट परिआएको समस्या समाधान गर्नुपर्दछ भन्ने राजनीतिक, नैतिक तथा सामाजिक कार्य गराई उक्त विषयमा तालीम दिएको हुनुपर्छ। फेरि अर्को कुरो भूत-प्रेत भनी डराउने अन्धविश्वासबाट बचाई मनोबल बढाउन मनो-वैज्ञानिक तवरले फलामको औंठी लगाउन दिने गराइराखेको हुनुपर्दछ। अतः यो चाडले हाम्रा देशका नवीन योजनाका विभिन्न कार्यलाई पनि मद्दत गर्न विभिन्न विषयको शिक्षा तथा प्रेरणा दिने भएकोले देशको विशेष किसिमको संस्कृतिलाई कायम राख्न यसको उपादेयलाई बुझी देशमा पूर्ण वैज्ञानिक तवरले कार्य गर्न नसकुञ्जेलसम्म भए पनि चाडलाई कायम राखिछोड्न जरूरत छ जस्तो देखिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

: ८ :

नागपञ्चमी

नेपाल अधिराज्यमा प्राचीन समयदेखि प्रत्येक वर्ष ऋषिपञ्चमी, श्रीपञ्चमी आदि प्रमुख पञ्चमीका तिथिका दिनहरूमा मनाइने पर्वोत्सवहरूमध्ये घर घरका ढोकाहरूमा नागपटहरू अर्थात् नाग लेखिराखेका चित्रहरू टाँसी तिनीहरूमा र नागका प्रतिमाहरूमा विधिपूर्वक पूजा गरी श्रावणशुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी नामक पर्वोत्सव पनि एउटा हो ।

यो पर्वोत्सवको महत्वबारे "गरुडतन्त्रे विष्णुवचन" भनी यो कुरा लेखिएको छ—श्रावण शुक्ल पञ्चमीका दिन घरको ढोकामाथि वा तोरणमा नागको मूर्ति अंकित चित्रलाई त्यसको चारै कुनामा गोबर राखी टाँस्ने, फेरि त्यस चित्रको माथिल्लो भागमा पनि गोबर टाँसी त्यसमा सिगो सुपारी, रायोका गेडाहरू र दूबो पनि राख्ने र गाईको दूधसमेत राखी विधिपूर्वक पूजा गर्ने । यस कार्यले गर्दा घरमा एक वर्षसम्मलाई नाग र गरुडको भय हुनेछैन ।"

यस्तै प्रकारले "क्रियासमुच्चय" नामक ग्रन्थमा पनि बुद्ध-वचन भनी यो पर्वोत्सवको माहात्म्यबारे यस्तो कुरा लेखिएको छ—"नागपञ्चमीको दिन नागगणका अधिपति वरुण तथा अनन्त, वासुकी, शेष, पद्म, कंवल, कर्कोटक, अश्वतर, धृतराष्ट्र, शङ्खपाल, कालिव, तक्षक र पिङ्गल आदि नागराजाहरूलाई पूजा गर्ने । यस कार्यको प्रभावले गर्दाको दोष शान्त भई देशमा कल्याण हुन्छ ।"

फेरि घरका ढोकाहरूमा नागको मूर्ति अङ्कित चित्र टाँसी नागपञ्चमीको दिन पूजा गरिएमा वज्र र सर्पादिको भय हुँदैन भन्ने किंवदन्ती पनि छ ।

यस्तै प्रकारसंग पीयूषधारामा "अग्निपुराणको वचन" भनी पञ्चमीका दिनहरूमा नागराजाहरूको पूजा हुनुपर्दछ भनी लेखिएको छ । अनि नागको पूजा विशेष गरीकन श्रावणको शुक्ल पञ्चमीको दिन गरिएकोमा पनि विद्वान्हरूको यस्तो अडकल छ—"सर्प तथा नागहरू आफआफ्नो दुलोबाट गर्मीको याममा बाहिर निस्कन्छन् । यसैले श्रावणशुक्ल पञ्चमीको दिन नागको पूजा गर्ने प्रथा चलेको हो ।"

मानिसहरूलाई अनिष्ट मात्र गर्ने सर्प तथा नागहरूलाई पूजा गर्ने प्रथा किन चलेको भन्ने विषयमा "भारतीय व्रतोत्सव" नामक पुस्तकमा यस्तो कुरा लेखिएको

CC-0. In Public Domain. Digitization by eGangotri

छ—"नमोस्तु सर्पेभ्यः" भनी सर्प तथा नागहरूलाई नमस्कार गरेर लेखिराखेका वैदिक मन्त्रहरू छन्। नारायणवली अदिमा यिनै मन्त्रहरू पढेर होम गरिन्छ। फेरि पुराणमा पनि नाग तथा सर्पका महत्वबारेमा लेखिएका धेरै कुरा पाइन्छन्। अर्को कुरा वैदिक सनातन धर्ममा ईश्वरनिर्मित वस्तुहरूद्वारा भएका अनिष्ट कार्य ईश्वरद्वारा गरिएको हुनुपर्दछ। त्यसकारण ईश्वरको इच्छाविना सर्पले पनि कुनै मानिसहरूलाई खराबी गर्न सक्तैन। कुनै प्राणीलाई सुख या दुःख दिने शक्ति ईश्वरबाहेक अरू कसैसंग छैन। ईश्वरको शक्तिविना कसैले कसैलाई दुःख भय र त्रास दिन सक्तैनन्। यही कारणले गर्दा शास्त्रकारहरूले ईश्वरको शक्ति सर्प र नागहरूमा पनि अदृश्य रूपले रहेको छ भनी तिनीहरूको समेत पूजा गर्ने प्रथा चलाएको हुनुपर्दछ। वरु कुरा के हो भने प्रत्यक्ष अर्थात् साँच्चिकै सर्प अथवा नाग-हरूलाई पूजा गर्न खोज्दा भय र द्वेष पैदा हुन सक्ने सम्भावना देखिएकोले साँच्चिकै नाग वा सर्पलाई पूजा गर्नुको सट्टा तिनीहरूका प्रतिमा वा चित्रलाई पूजा गर्ने प्रथा चलाइएको हो।

फेरि व्रतार्कमा, स्कन्दपुराणको प्रभास खण्डमा नागपञ्चमीको बारे श्री शिवजीले बताउनुभएको कुरा भनी निम्नलिखित कुरो लेखिएको छ। श्री शिवजीले भन्नु-भयो—"नागपञ्चमी अत्यन्त पवित्र पर्वोत्सव हो। यो दिन देवताहरूका निमित पनि दुर्लभ छ। अतः यो पञ्चमीको व्रत बाह्र वर्षसम्म प्रत्येक वर्षमा बस्नुपर्दछ। यो दिन व्रत बस्नलाई यसको अघिल्लो दिन अर्थात् चतुर्थीको दिन मध्याह्नमा एक पटक मात्र खाई पञ्चमीको दिन कार्यकालमा भोजन गर्नुपर्दछ र चाँदी, सुन वा काठको अथवा माटोको नाग बनाई पूजा गर्नुपर्दछ। व्रतको अन्तमा पारण गरी व्यासजीको नाममा गाई, लुगा तथा बनाइएको नागको प्रतिमा दान गर्नुपर्दछ।

यो नागपञ्चमीको महत्वबारे माथि उल्लेख गरिसकिएका अनेक शास्त्रोक्त वचन तथा कथनहरूअनुसार यो पर्वोत्सवको उत्पत्ति पनि अरू चाड पर्वहरू जस्तै धार्मिक तथा आध्यात्मिक कारणबाट मात्र भएको हो कि जस्तो मान पर्दछ। तर यदि हामीले यस पर्वोत्सव बारे पनि अलि गहिरिएर विचार गऱ्यौं भने यस पर्वो-त्सवको उत्पत्ति मनोवैज्ञानिक तथा भौतिक कारणहरूबाट पनि भएको कुरो स्पष्ट-रूपले देखिन्छ, किनभने वर्षाऋतुमा सर्पहरू आफआफनो दुलोबाट बाहिर निस्की बाहिर छरिएर रहन्छन्। त्यसले गर्दा मानिसहरूको मनमा सधैं सर्पबाट हुने भय र त्रास हटाउन विद्वान्हरूले नागपञ्चमीको दिन नागको पूजा गरेमा नागकोभयबाट मुक्ति हुन्छ भन्ने बहाना गरी यो पर्वोत्सवको उत्पत्ति गराइराखेको देखिन्छ। यस्तै प्रकारले यो पर्वोत्सव बँगुनीलाई गुन गरी हात लिनुपर्दछ भन्ने मनोवैज्ञानिक शिक्षा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदान गर्नलाई पनि चलाइराखेको जस्तो देखिन्छ। फेरि अर्को कुरा के भने यो पर्वोत्सवबाट मानिसहरूलाई आफूमाथि आइपर्ने विघ्नबाधालाई पहिलेदेखि नै हटाउने तरीकाको शिक्षा पनि मिल्छ। यस्तो प्रकारले यस नागपञ्चमी पर्वोत्सवबाट साम, दान, दण्ड, भेद जस्ता नीतिहरूलाई उचित प्रयोग गरी संसाररूपी युद्ध भूमिमा जीवन संग्राम गर्दा पिठ्यूँ फर्काएर नभाग्ने एक योग्य योद्धा हुने प्रेरणा पनि प्रदान गर्दछ। त्यसकारण यो नागपञ्चमी पर्वोत्सव मनाउँदा हामीलाई भलो नै हुने देखिन्छ। यसमा केही शंका छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

: ९ :

गाई यात्रा

हाम्रो यो मातृभूमि नेपालका त्रिशूलयात्रा, बाँडेयात्रा, घोडेयात्रा, रथयात्रा, खटयात्रा आदि विभिन्न यात्रामध्ये गाईयात्रा पनि एक हो। यो यात्रा यहाँका अरू यात्राहरूको तुलनामा एक विशेष किसिमको यात्रा जस्तो देखिन आउँछ, किनभने यो यात्राको प्रारम्भ जनैपूर्णिमा (गुन्हु पुन्ही) चाडको भोलिपल्टदेखि भई कृष्णाष्टमी-को पर्व दिनमा अन्त हुने भएकोले यो यात्रा अगुवा र पछुवा रिसल्लाहरू अर्थात् घोडचढी सेनाहरू अगाडि र पछाडि लगाएर गरिने कुनै देशका राजा; महाराज तथा राष्ट्रपतिहरूका यात्राहरू सरहको छ। यो चाड-पर्वोत्सव भाद्रकृष्ण प्रतिपदाको दिनदेखि अष्टमीसम्म जम्मा आठ दिन मनाइन्छ। यो आठ दिने यात्रामध्ये पहिलो दिन अर्थात् प्रतिपदाको दिन हुने यात्रालाई गाईयात्रा भनिन्छ र त्यसै नामबाट आठै दिनसम्म हुने यात्रालाई गाईयात्रा भनी नामकरण गरिएको छ।

अब यो यात्रा विषयको कार्यवाही तथा यसको उत्पत्ति र उपयोगितावारे विचार गर्नुभन्दा पहिले यो यात्रा शुरू हुनुभन्दा एकदिन अघिको चाड जनैपूर्णिमा (गुन्हु पुन्ही) को विषयमा पनि केही कुरा उल्लिखित गर्नु प्रासंगिक जस्तो देखिन आउँछ। अतः उक्त दिनको सम्बन्धमा केही दृष्टि लगाऔं। यो गाईयात्राभन्दा एकदिन अगाडि श्रावणशुक्ल पूर्णिमाको दिन पर्दछ। त्यस दिन तागाधारी जाति सबैले कपाल खौरी देहशुद्धि गर्दछन्। आफू आफूले लगाइराखेको जनै फेर्दछन्, हातमा रक्षा बाँद्धछन् र अरू जातिका मानिसहरूले, विशेष गरीकन शैवमताव-लम्बीहरूले हातमा रक्षाबन्धन (डोरा) बाँध्ने गर्दछन्, किनभने त्यसो गर्नाले शरीर-लाई रोग तथा आपदविपदादि भयबाट रक्षा हुन्छ भन्ने कहावत छ। त्यसैले त्यो दिनलाई रक्षाबन्धनको दिन पनि भनिन्छ।

यस श्रावणशुक्ल पूर्णिमाको दिन व्यांचा नकेगु भनेर खेत खेतमा रहेला भ्यागुता-हरूलाई खवाउन लैजाने पनि चलन छ। त्यस चजनको विषयमा रुद्रयामलतन्त्रे महादेव वचनको कथनानुसार घण्टासुर अर्थात् घण्टाकर्ण जसले श्रावणकृष्ण चतुर्दशी-को दिन नेवाल प्रवेश गरी मानिसहरू संहार मर्न खोजेको थियो त्यसलाई मार्नको लागि मानिसहरूलाई बुद्धि दिने भ्यागुतोको गुण सम्झी वर्षे पिच्छे त्यस पूर्णिमाको दिन भ्यागुतोलाई भात खवाउने चलन गरिएको हो भन्दछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस पूर्णिमाको दिनलाई एक चाडको रूप दिई सारा नेपालीहरूले अरू खाने कुराहरूको अतिरिक्त मास,भटमास, बोडी, केराउ तथा अरू पनि विभिन्न प्रकारका मसलाहरू राखी पाएको क्वाँटी पिउने गर्दछन् । यो क्वाँटो पिउनेबारे विभिन्न कथन छ । ब्रह्मपुराणे ब्रह्मवचनअनुसार श्रावणशुक्ल पूर्णिमाको दिन केराउ, भटमास लैंचा; घाँस, ज्वानो, हिङ, तेल आदि र गरम मसलाले युक्त क्वाँटी पिउनाले पेट तथा परदोष-सम्बन्धी रोग नाश हुन्छ भनिएको छ । त्यसै किसिमले पाराजिकाया बृद्धोक्त वचनअनुसार श्रावणशुक्ल पूर्णिमाको दिन उपरोक्त किसिमको क्वाँटी पिउनाले र पीठोको रोटो खानाले अपच भएको, पेट फुलेको, फियो बढेको, आउँ जमेको आदि पेटसम्बन्धी सर्वरोग नाश हुन्छन् भनिएको छ । फेरि त्यही पूर्णिमाको महिमाबारे बौद्धमतअनुसार ललितविस्तारे बुद्धवचन भनी यस्तो भनिएको छ—"श्रावण शुक्ल पूर्णिमाको दिन सर्वार्थशिद्ध गौतम बुद्धले मार (काम)-लाई पराजय गरी सम्यक् संबुद्ध हुनु भएको र धर्मात्मालाई यमराजले आफ्नो लोकमा षडक्षरी लोकेश्वरको रूप देखाई धर्मोपदेश गर्ने दिन हो भनिएको छ । त्यसकारण त्यस दिन विहार र अरू अरू पनि विभिन्न स्थानमा देवमूर्ति, पौभाल र धार्मिक ग्रन्थहरू हेर्ने जाने पनि चलन छ ।

फेरि देशमा प्रचलित कथनानुसार त्यस पूर्णिमाको दिन त्यस वर्ष जन्मेका कोवाका बच्चाहरूको पास्नी गरिन्छ पनि भनिन्छ ।

त्यही ऋषितर्पणी जनैपूर्णिमाको दिन काठमाण्डौदेखि करीब २३-२४ माइल उत्तरस्थित २३,००० चानचुन फीट उचाइ भएको हिमालय पहाडमा रहेको गोसाईं-कुण्डमा तथा काठमाडौंदेखि अन्दाजी १३-१४ माइल उत्तरमा अणिचूड दह जहाँ दानी राजा मणिचूडले आफ्नो शिरमा रहेको मणि दान गरेका थिए भन्ने पौराणिक कथा प्रचलित छ त्यहाँ र पाटनस्थित कुम्भेश्वरमा पनि मेला लाग्छ । ती तीर्थहरूमा स्नान गर्न जाने यात्रीहरू बर्सेनि धेरै हुन्छन् । नेवारजातिमा यहि दिनदेखि 'सिनाज्या मे' असारे गीत अर्थात् मल्लार रागको गीत र सीलुमे (करुण रसले परिपूर्ण भएको गीत) गाउन थालिन्छ ।

यी उपर्युक्त कुराहरू भए गाईजात्राभन्दा एक दिन अघिको चाड विषयका कुरा-हरू । अब हामी हाम्रो मुख्य विषय गाईयात्रा बिषयका कुरातर्फ लागौं ।

आठ दिने यात्रा—गाईयात्राको मुख्य दिन अर्थात् भाद्रकृष्ण प्रतिपदाको दिन गतसाल मृत्यु भएको व्यक्तिको नाममा आ-आफ्नो औकातअनुसार गाई वा गाईको अनुहार अङ्कित तस्वीर र गणेशको मूर्ति अंकित तस्बीर क्रमशः अघिल्लो र पछिल्लो भागमा राखिएका पेरुङ्गाको टोपी लगाई दिई सिंगारिएको मानिसलाई पटुका को

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ टुप्पा भूईमा लतार्न लगाई शहर परिक्रमा गराइन्छ । बाटोमा ती गाई तथा नकली गाईलाई त्यस वर्ष मृत्यु भएका व्यक्तिहरूका परिवारमध्ये कसै कसैले रोटी र फलफूल दिन्छन् । काठमाडौंमा गाई तथा पेरुङ्गको टोपी लगाएका नकली गाई-हरूलाई आफूखुशी त्यस गाईयात्राको दिन जुनसुकै ठाउँबाट र जुनसुकै वेलामा र जतिसुकै पटक पनि शहर परिक्रमा गर्ने स्वतन्त्रता छ । तर पाटनमा त्यस किसिमको स्वतन्त्रता छैन । त्यहाँ गाई तथा नकली गाईहरू जम्मै कुनै एक निश्चित स्थानमा जम्मा हुनुपर्दछ र सबैले एकै साथमा एकै पटक मात्र शहर परिक्रमा गर्नुपर्दछ । अनि शहर परिक्रमा गर्ने कार्य समाप्त भएपछि ती गाई तथा नकली गाईका साथ शहर परिक्रमा गर्नेहरू राम र सीताका भेषधारी बाल-बालिकाहरूलाई ठाउँ ठाउँमा पूजा पनि गरिन्छ । फेरि पाटनमा साँच्चिकै गाई तथा गाईको भेष धारण गरेका मानिसहरूका लुगाका टुप्पाहरूमा भाँडाकुँडाहरू पनि झुण्ड्याइन्छन् र साथै मैमा गुडी ठूलो आवाज आउने गरी तामा तथा पित्तलका थालहरू पनि झुण्ड्याइन्छन् । भादगाउँमा गरिने गाईयात्रा काठमाडौं र पाटनको भन्दा केही फरक छ । भाद-गाउँमा गाईयात्राको दिन गतसाल मृत्यु भएका मानिसहरूको नामबाट त्यस मृत व्यक्तिका परिवारमध्ये कुनै एकजनाले गाईको अनुहार अङ्कित चित्र र गणेशका मूर्ति अङ्कित चित्र क्रमशः अगाडि र पछाडि टाँसिएका तथा टुप्पामा परालको दुई सीङ राखिएको डोको टाउकोमा लगाई शहर परिक्रमा गर्दछन् । तर शहर परिक्रमा गर्नुभन्दा पहिले त्यस डोकोलाई आ-आफ्नो पुरोहितद्वारा पूजा गराइन्छ । धनीवर्गले त्यस डोकोमा लामो बाँस हाली बाँसमा कपडाले बेरी लामै पनि बनाउँछन् । गाई-यात्राको दिन नक्कली गाई बन्ने मानिसहरू तथा गाई भिऱ्याउने घरका परिवारहरू आफआफनो साँच्चिकै गाई वा नकली गाईहरूद्वारा शहर परिक्रमा गरिने कार्य नसिऱ्याउञ्जेलसम्म निराहार बस्नुपर्दछ । यो कार्यको अतिरिक्त गाईयात्राको मुख्य दिन अर्थात् भाद्रकृष्ण प्रतिपदाको दिन नकली योगी वा बौलाहाको रूप धारण गरेर मानिसहरू शहर परिक्रमा गर्दछन् । अनेक किसिमका बाजा बजाएर मानिसहरू शहर परिक्रमा गर्दै विहार्हरूमा जान्छन् । यस यात्राको सात दिनसम्म अनेक प्रकारका प्रहसन तथा सामाजिक राजनीतिक आदि कुराहरूको व्यंग्यात्मक प्रदर्शन र नाचगान गर्ने तथा रामायण नामले मृत व्यक्तिको सम्झनामा करुण रसले परिपूर्ण गीतहरू पनि गाइन्छ । यस यात्रामा प्रदर्शन गरिने विभिन्न कुराहरूमध्ये पाटनमा देखाइने सत्ययुगको धान चामलको नमूना, ढलायहिटी काठमाडौंको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तकहरू विशेष दर्शनीय छन् ।

यो गाईयात्रा–प्रथाको उत्पत्तिका विभिन्न कथनहरूमध्ये सामाजिक, राजनीतिक र धार्मिक आदि कथनहरू उल्लेखनीय छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम धार्मिक कथनानुसार सालभरिमा मरेका व्यक्तिहरू यमलोक जान नपाई बाहिरै रहन्छन् र यही गाईयात्राको दिन यमद्वार अलिकति खोलिने भएवाट शहर परिक्रमा गराइएको गाईको फल प्राप्ति तथा प्रभावले गर्दा गाईको सीङको झट्काले यमद्वार पूरा तवरसंग खोलिन गई मृत आत्माहरू यमलोक जान पाउँदछन् भनी यो गाईयात्राको चलन गरिएको भनिन्छ ।

त्यसैले हाम्रो नेपालको नेवार जातिमा गाईयात्राभन्दा एक दिन अगाडिसम्म पनि आफ्ना कोही आफन्त मर्दा मृत व्यक्तिको लाश दाहसंस्कार गर्न मसान लैजाँदा यमलोक जान नपाई यमद्वारमा बाँसरहँदा पानीले नरुझोस् भन्ने हेतुले सिनाज्याकुसा (एक किसिमको छाता) लैजाने प्रथा छ । गाईयात्राको दिनदेखि मृत व्यक्ति यमलोक जान पाउने हुनाले त्यस दिनको दिनउप्रान्त मरेका व्यक्तिको लाशसंग उक्त छाता लैजान बन्द गरिन्छ । अनि गाईयात्रामा गरिने प्रहसन र व्यंग्य आदि मात्र बुद्धदेवको समाधि भङ्ग गर्न उस बेला गरिएका नाना प्रकारका कोलाहल, क्लेश, मृत्यु, देव र स्कन्धमार आएका कुराको नक्कल गरेको हो भनिन्छ । यो कुरा बौद्धग्रन्थ ललित-विस्तारमा उल्लेख गरिएको छ । उक्त ग्रन्थमा बुद्धदेव मारपराजय महाचण्ड प्रभु नामक समाधि योगमा बस्नुभएको देखी ती मारहरू भागे भन्ने कुरा र द्वितीयाको दिन प्रथम प्रहरदेखि चार दिनसम्म दस भुवनका देवतादि आउनुभई बुद्धको पूजा गर्ने गरेका कुरा पनि उल्लिखित छ । त्यसैको प्रमाणस्वरूप पाटनमा द्वितीयाको दिन मतया भनी पाटनका वासिन्दाहरूले शहर परिक्रमा गरी बुद्धको पूजा गर्ने जाने प्रथा चलेको हो, भनिन्छ । फेरि सीङको बाजा बजाई देश परिक्रमा गर्ने प्रथाबारे पनि एक धार्मिक कथा छ । त्यस कथामा भनिएको छ—

"प्राचीन समयमा शशिपत्तन देशका शृङ्गकेतु नामक राजाले त्रिरत्न शरण भनी सीङ बजाएर बाजा बजाउन लगाई चैत्य प्रदक्षिणा गरी देशमा यात्रा गर्नुभएको थियो । त्यही सीङ बाजाको शब्दले अनेक देशोपद्रव, दारिद्रय, दुःख, रोग शोकादि कष्टबाट तर्न नसकेका मृत व्यक्तिहरू तरेर उद्धार भए । त्यसकारण सीङको बाजा बजाई देश भ्रमण गर्ने स्थिति रहेको छ । यी कुराहरू भए गाईयात्राबारे धार्मिक कथनहरू । यी कथनहरूको विचार गर्दा गाईयात्रा प्रथा चलेको आजभन्दा २४५५-५६ वर्षअगाडि हो ।

अब यस यात्राबारे सामाजिक कथनानुसार विचार गरौं । सामाजिक कथनानुसार यो यात्राको प्रथा अरू पदार्थहरूको प्रदर्शनी झैं गो प्रदर्शनीको रूपमा चलेको हो भनिन्छ । तर, यो गो प्रदर्शनी आफूखुशीको नभई घरमा कोही मरेमा त्यो मृत व्यक्तिलाई खान नदिई मर्न दिइएको होइन, सकेसम्म उपचार गरेका थियौं र

CC-0. In Public Domain. Digitization by eGangotri

गाईको दूधसमेत खुवाएका थियौं, जसको प्रमाणस्वरूप गाई यही हो भनी अरूलाई देखाउन ल्याइएको गो प्रदर्शनीबाट गाईयात्राको प्रथा चलेको हो। फेरि यो बेला नक्कली बौलाहा र योगी भएर शहर परिक्रमा गर्ने प्रथा पनि तिनै मरेको आफन्त-हरूका शोकले विह्वल भई बौलाहा र योगी भएको कुरो देखाइएको हो। यस कथनअनुसार विचार गर्दा गाईयात्राको प्रथा चलेको भौतिकवादको बोलबाला चले-पछि अर्थात् २००-४०० वर्ष अघिदेखि मात्र चलेको जस्तो देखापर्दछ।

अन्तमा यसै यात्राबारे राजनीतिक कथनअनुसार विचार गरौं। राजनीतिमा दखल भएका मानिसहरू भन्दछन्—गाईयात्राको चलन राजाज्ञाले गर्दा चलेको हो। तिनीहरूको अड्कल तथा कथनअनुसार उहिले नेपाल उपत्यकाका मल्ल राजाहरू-मध्ये एक राजाको एक छोरो मरेको थियो र उनकी रानी पुत्र-शोकले साह्रै विह्वल भएकी थिइन्। त्यसकारण राजाले आफ्नी रानीलाई तिम्रो छोरो मात्र मरेको होइन, अरूका पनि मरेका छन् भनी देखाई चित्त शान्ति गराउनको लागि आफ्नो देशभरका दुनियाँलाई आ-आफ्नो मरेकाको नाममा गाई वा गाईको अनुहार अङ्कित तस्वीर-युक्त पेरुङ्गो लाएको मानिसलाई शहर परिक्रमा गराउनू भनी दिइएको आज्ञामुताबिक गाईयात्राको चलन चलेको हो र प्रहसन तथा व्यंग्य प्रदर्शनी गर्ने प्रथा मात्र राजाले घुमाउरो तरीकाबाट आफ्ना दुनियाँलाई के कुराको खाँचो छ भन्ने कुरा थाहा पाई त्यही अनुसार काम चलाउनको लागि राजाद्वारा व्यंग्य तरीकाबाट गराइएको हो। त्यसकारण गाईयात्राको समय ल्याइने गाई, नक्कली गाई तथा व्यंग्य प्रदर्शनी र प्रहसन र प्राचीन राजदरबारअगाडि ल्याउनुपर्ने अनिवार्य प्रथा जस्तो किसिमले रहेको हो। यस कथनमा विचार गर्दा गाईयात्राको प्रथा चलेको ३००-४०० वर्ष मात्र भएको देखिन आउँछ।

गाईयात्राबारे यी माथि उल्लिखित प्रत्येक कथनसंग केही न केही प्रसंग हाल चलिरहेको गाईयात्राको कारवाईसंग मिल्ने भएको हुनाले कुन तथ्य हो र कुन हैन भन्न गाह्रो पर्दछ। यही गाईयात्राको प्रथाबारे आधुनिक विचारधाराका कुनै व्यक्तिहरू भन्दछन्—"यो प्रथा प्राचीन कालमा देशमा वर्षभरि मरेका मानिसहरूको संख्या लिन चलाएको हुनुपर्दछ।" तर वास्तविकताको दृष्टिबाट हेर्दा यो कथन उपर्युक्त अरू कथनभन्दा पनि गलत जस्तो देखिन आउँछ। किनभने हाम्रो देशमा गाईयात्रामा मृत व्यक्तिको नामबाट गाई वा नक्कली गाई पठाउने चलन नभएका जातिहरू पनि धेरै छन्। त्यसकारण यो गाईयात्रा प्रथाबारे हामीले आफ्नो विचार-लाई वर्तमान ढंगले कसीमा घोटर्यौं भने के भन्न सक्छौं भने कृषिप्रधान देश हाम्रो नेपालमा वर्षभरि खेतको काम गरी थाकेको मनलाई नाचगान तथा व्यंग्य प्रहसन-द्वारा दिल बहलाउन चलाएको यो गाईयात्रा प्रथा हो। प्राचीन समयमा जुनसुकै

CC-0. In Public Domain. Digitization by eGangotri

कुरालाई पनि धार्मिक रंगमा रंगाउने प्रथाअनुसार पहिलेका विद्वान्हरूले जनतालाई दिल बहलाउन दिएको र आफ्ना आफन्तहरूको मृत्यु भै शोकाकुल भैराखेका व्यक्तिहरूलाई समेत गाईयात्रा गरी गाई वा नक्कली गाईद्वारा शहर परिक्रमा गराईंदा आफ्ना मृत आफन्तहरू यमलोक जान पाउँछन् भन्ने काल्पनिक कुरा अजमाई शोकाकुल दिललाई सान्त्वना दिई दिल बहलाउ गर्ने कार्यमा भाग लिन लगाएको हो कि भन्ने देखिन्छ ।

अब अन्त्यमा हामीले गाईयात्राको अन्तिम दिनमा पर्ने कृष्णाष्टमी पर्व दिनबारे पनि केही लेखाजोखा गरौं । हामी नेपालीहरूमा प्राचीन समयदेखि नै ज्ञानी, गुणी, धीर, वीर आदि महापुरुषहरूको आदर-सत्कार, मान-मर्यादा, श्रद्धा-भक्ति तथा कदर गर्ने चलनअनुसार अध्यात्मवादी दृष्टिकोणबाट साक्षात् परब्रह्म परमेश्वर र भौतिकवादी दृष्टिकोणबाट महाविद्वान् पराक्रमी र महान् क्रान्तिकारी मानिएका श्रीकृष्णजीको पनि आदरसत्कार श्रद्धा-भक्ति गर्दछौं । त्यसकारण उहाँ मथुरामा रोहिणी नक्षत्रयुक्त अष्टमीको आधा रातमा जन्मनुभएको हुनाले त्यस दिन कृष्णाष्टमीको नामले हामीहरू श्रीकृष्णजीको नाममा भजन, कीर्तन, चिंतन, पूजा आदि नवधा भक्ति गर्दछौं, घर घरमा दीपावली नाचगान तथा श्रीकृष्ण लीलाका तस्वीर प्रदर्शन गर्दछौं र रातभर जागरण बसी भोलिपल्ट श्रीकृष्णयात्रा गर्दछौं । त्यस दिन नेपालमा विशेष गरी पाटनको कलापूर्ण कृष्णमन्दिरमा खूब चहलपहल र रमझमका साथ मेला लाग्छ । गाईयात्राको आठ दिनसम्मको लागि प्रदर्शन हुने प्रहसन व्यंग्य नाटकहरू तथा गाईयात्राभन्दा केही दिनअगाडिदेखि नचाइने लाखे नाचहरू पनि यस दिनदेखि समाप्त हुन्छन् । उक्त नाचहरूको अन्त सो दिनदेखि भएकोमा एक किंवदन्ती के छ भने श्रीकृष्णले अत्याचारी कंसको संहारा गरी आसुरी प्रकृतिका व्यक्तिहरूलाई दमन गर्नुभएको हुनाले सो दिनदेखि लाखे नाचहरू वन्द गरिएका हुन् ।

यो किंवदन्तीबारे विचार गर्दा गाईयात्रा देखाउने व्यंग्य प्रहसनहरू कृष्णजीको जन्म हुनुभन्दा अघिका अत्याचारी बकासुर, वाणासुर, पूतना आदिको नक्कल र लाखे भनी कंसको नक्कल गरिएको हो कि जस्तो देखिन्छ, र यो प्रथा पनि द्वापर-युगदेखि नै भएको हो कि भन्ने अनुमान हुन आउँदछ ।

अतः यो गाईयात्रा नामक चाड-पर्वोत्सव मनाउनाले हाम्रो नेपाल राष्ट्रिय संस्कृतिको दिगो धेरै वर्षपछिसम्म रहनाको साथै जन-जीवनमा आर्थिक, सामाजिक तथा अन्य किसिमका सुधार गर्नमा समेत सहायता मिल्ने भन्ने कुरामा कुनै शंका छैन । यस पर्वले गर्दा नेपालका राष्ट्रिय नाच गानहरू जो आजकाल मृतप्रायः भइसकेका छन् तिनीहरूको पनि उत्थान हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: १० :

कृष्णाष्टमी

हामी नेपालीहरूमा अहिले मात्र होइन प्राचीन समयदेखि नै ज्ञानी, गुणी, धीर, वीर ब्रह्मपुरुषहरूको आदर-सत्कार, मान-मर्यादा, श्रद्धा भक्ति तथा कदर गर्ने चलन छ। त्यही चलन-अनुसार आध्यात्मवादी दृष्टिकोणबाट साक्षात् परब्रह्म परमेश्वर र भौतिकवादी दृष्टिकोणबाट महाविद्वान्, महापराक्रमी, महान् क्रान्तिकारी मान्न सकिने श्रीकृष्णजीको जन्म-जयन्ती पनि हाम्रो नेपाल अधिराज्यमा मनाउने प्रथा छ। श्रीकृष्णजीको नाम नसुन्ने मानिस कमै होलान्। त्यसकारण उहाँको जन्म-जयन्ती मनाउने प्रचलन कुनै अस्वाभाविक तथा आश्चर्यको कुरा होइन्।

श्रीकृष्णजीको जन्म रोहिणी नक्षत्रयुक्त भाद्रकृष्ण अष्टमीको अध्यरात्रिमा मथुरा-मा भएको थियो। त्यसकारण सो रात मानिसहरूले जाग्राम बस्ने, व्रत बस्ने र पूजा गर्ने कार्य गरेका हुन्। हाम्रो नेपालमा र भारतवर्षमा मानिसहरू श्रीकृष्णजीलाई विष्णु भगवानको एक अवतार मान्दछन्। श्रीकृष्णले संसारमा त्यस बखत जन्म लिनुभयो, जुन बखत कंस, जरासंध, शिशुपाल प्रभृति दानव जस्ता व्यक्तिहरूले देश निवासीहरूलाई त्राहि त्राहि पारी दुःख दिइरहेका थिए र दुर्योधन आदि एक से एक साम्राज्यवादी व्यक्तिहरूले आसुरी संपत्तिको गर्व गरी आफ्नो दवदबा बढाउने कार्यको प्रारम्भ गर्न लागेका थिए। श्रीकृष्णले बाल्यावस्थादेखि नै अनेक विचित्र लीलाहरू देखाउनुभई पूतना, बकादि अनेक दुरात्माहरूलाई संहार गर्नुभयो र आफूलाई एक क्रान्तिकारी व्यक्तिको रूपमा दर्शाउनुभयो। क्रमानुसार गीताका वक्ता श्रीकृष्णले ठूल-ठूला काम गर्दै आनुभयो र त्यस समयका सारा अहं-वादी राजाहरूमाथि विजय प्राप्त गरी उनीहरूको घमण्डलाई चकनाचूर पारिदिनु-भयो। तर, उहाले अनेक घमण्डी राजाहरूलाई पराजित गर्नुभए पनि आफैले कहीं राज्य गर्नुभएन। फेरि उहाँले जनकल्याणकारी आदर्शहरू चरितार्थ गर्दै आफ्नो शुद्ध आचरणको झलक पनि सर्वसाधारणलाई दिनुभयो। उहांको सुकार्यद्वारा धेरैले त्राण पाए, देशमा सुख शान्ति छायो, हाहाकार र दुराचारको सट्टा ठाउँ-ठाउँमा सदाचार फैलियो। यी माथि उल्लेख गरिसकिएका सबै कारणले गर्दा संसारका सबै जना श्रीकृष्णलाई क्रांतिकारी, महाविद्वान् तथा महाबलशाली महापुरुषको दृष्टिले हेर्दछन् र उहाँप्रति श्रद्धा भक्ति राख्नको साथै उहांका सुकार्यहरूको अनुसरण गरी

CC-0. In Public Domain. Digitization by eGangotri

आपनो जीवन सुखमय तथा समृद्धशाली बनाउन चाहन्छन्। यही कारणले गर्दा नै वर्षेनी श्रीकृष्णजीको जन्म जयन्ती मनाइन्छ।

कृष्णाष्टमीका दिन श्रीकृष्णजीको नाममा भजन, कीर्तन, चिन्तन, पूजन आदि नवधा भक्ति कार्य हुन्छ। घर-घरमा दीपावली, नाच गान तथा श्रीकृष्णलीलाका तस्वीर र प्रदर्शन गरिन्छन् र रातभर जाग्राम बसी भोलिपल्ट कृष्णजात्रा खूब चहल-पहल र रमझमका साथै गरिन्छ। नेपाल अधिराज्यमा अन्य ठाउँहरूमा भन्दा विशेष गरीकन पाटनको कृष्ण मन्दिरमा ठूलो मेला लाग्छ। त्यस दिन त्यहाँ टाढा-टाढाका पहाड गाउँहरूबाट समेत मानिसहरूले आई जाग्राम बसेर अनेक प्रकारका नाच गान गर्दछन्। यो कृष्ण मन्दिर नगरशैलीको आधारमा निर्माण गरिएको छ। यो मन्दिर ढुङ्गै-ढुङ्गा खम्बाहरू, बुर्जाहरू, निदालहरू, ढोकाहरू राखेर बनाइएको छ र अद्वितीय मन्दिर भन्न सुहाउने गरी यसमा २१ वटा गजूरहरू छन्। यसको तल्ला-पिच्छेका भित्ताहरूमा अनेक देव-देवीका मूर्तिहरू छन्। फेरि यस मन्दिरको पहिलो तलामा चारैतिरका भित्ताहरूमा खुँदिएका महाभारतका दृश्य चित्रहरू ज्यादै प्रशंसनीय छन्। किनभने ती दृश्य चित्रहरू कालीगढीको ज्यादै मसिनु कार्यको नमूनाको रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रस्तुत गर्न सुहाउँदो छ। यस मन्दिरको निर्माण पाटनका प्रसिद्ध राजा श्री सिद्धिनरसिंह मल्लको समयमा नेपाल सम्वत् ७५० मा शिलान्यास भई नेपाल सम्वत् ७५७ मा मात्र पूर्ण तवरले ७ वर्ष लगाई समाप्ति गरिएको थियो भन्ने कुरा देवमाला वंशावलीमा लेखिएको छ।

गाईजात्राको दिनदेखि ८ दिन सम्मका लागि प्रदर्शन हुने प्रहसन र व्यङ्ग नाटकहरू तथा गाइजात्राभन्दा केही दिन-अगाडिदेखि नचाइने लाखे नाचहरू पनि त्यस दिनदेखि समाप्त हुन्छन्। उक्त नाचहरूको अन्त सो दिनदेखि भएकोमा एउटा किंवदन्ती छ जो यस प्रकारको छ—श्रीकृष्णजीले अत्याचारी कंसको संहार गरी आसुरी प्रकृतिका व्यक्तिहरूलाई दमन गर्नुभएको हुनाले सो दिनदेखि लाखे नाचहरू बन्द गरिएका हुन्। यो किंवदन्तीबारे विचार गर्दा हाम्रो यस नेपाल अधिराज्यमा "लाखे" भनी कंसको नवकल गरिएको हो कि भनेर अनुमान गर्न सकिन्छ।

यी माथि उल्लेख गरिसकिएका काइदाले आपनो प्राचीन सम्प्रदायको अवलम्बन गरी महात्मा भगवान् श्रीकृष्णजीका सम्मानका खातिर यस कृष्णाष्टमीको दिनमा प्रत्येक धार्मिक गृहस्थहरू यथाशक्ति नियमपूर्वक व्रत, पूजाहरू गरी घर-घरमा उहाँको महिमा गाएर टोल-टोलमा उहाँको मूर्ति स्थापना गरी चारैतिर तस्वीरहरूको सजावटले ज्यादै शृंगार शोभा बढाई भक्ति भावसाथ रातभर पूजा, भजन, जागरण आदि कार्य गरिसकेपछि पनि फेरि अरू अरू दिनहरूमा यस प्रकारका कार्य गरिन्छन्। कृष्णाष्टमीको भोलिपल्ट पहिलो दिन पूजा गरिएका मूर्तिलाई खटमा हाली भजन

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर जनसमाजका साथ नगरमा यात्रा गरिन्छ । त्यस्तै गरी त्यसै अष्टमीको छैटौं दिनमा "छैठीको उत्सव" भनी फेरि उत्सव गरिन्छ । कृष्णाष्टमीको दिनमा प्रदर्शन गरिएका तस्वीरहरूको सजावट हेर्नलाई ठाउँठाउँबाट आएका धेरै मानिसहरू भेला हुन्छन् । यस उत्सवले गर्दा आस्तिक व्यक्तिहरूको हृदयमा सनातन धर्म-सम्बन्धी अपूर्व प्राचीन भावको संचार हुन्छ र आत्म-संस्कारको विकास हुन्छ ।

महात्मा श्रीकृष्णजीको आराधना, पूजा आदि कार्य गरी उत्सव मनाउने कुरा हाम्रा पुराणादि लेखमा मात्र पाइने होइन कि विश्वास गर्न सकिने प्रामाणिक ऐतिहासिक लेखहरूबाट समेत श्रीकृष्णजीको उत्सव मनाउने चलन अति प्राचीन समयदेखि रहेछ भन्ने स्पष्टसँग प्रतीत हुन्छ । यस-बारे प्रमाणका लागि हामीले विक्रम सम्वत् १९८६ को संख्या २१ को गोरखापत्रमा छापिएका निम्नलिखित अनुच्छेदहरू उद्धृत गर्यौं ।

"ईसवी सन्का आरम्भभन्दा ३२० वर्ष पहिले मगधका राजा चन्द्रगुप्तका दरबारमा ग्रीक वकिल भइरहेका मेगस्थनीजले जो त्यस बखतका भारतवर्षको परिस्थिति आफ्ना ग्रीक भाषाका ऐतिहासिक किताबमा लेखेका थिए, जसको केही अंश यूरोपीय भाषामा अनुवाद भएको यस पनि पाइन्छ, त्यसमा उनले हरक्यूलसको (अर्थात् हरिकृष्ण जो कि हाम्रा कृष्णजी हुन् उनको) सौरसेनीहरू ज्यादै भक्ति गर्दछन् । उनको मुख्य शहर मथुरा हो भन्ने कुरा लेखेको पाइन्छ । यसले मेगस्थनीज यहाँ आएका समयमा पनि मथुरामा श्रीकृष्णको भक्ति भावना गरी आराधना गर्ने चलन खूब रहेछ भन्ने देखिन्छ ।

फेरी प्राचीन समयमा व्याकरणाचार्य पाणिनिले पनि "वासुदेवार्जुनाभ्यां वुन्" भन्ने सूत्रमा वासुदेवको अर्जुनको भक्ति गर्ने भन्ने अर्थमा वुन् प्रत्यय गरेर "वासुदेवकः, अर्जुनकः" भन्ने रूप सिद्ध गरेका छन् । उनका बखतमा पनि वासुदेवको (वसुदेवका छोरा श्रीकृष्णको), अर्जुनको पनि आराधना भक्ति गर्ने व्यवहार बहुतै प्रचारमा रहेछ भन्नु पर्दछ, नभए पाणिनिले सूत्रको रचना गर्ने आवश्यकता थिएन ।

यतिसम्म मात्र के भनौं, बहुतै प्राचीनकालका दश उपनिषद्–मध्येमा पनि सब-भन्दा प्राचीन भनी आधुनिक पुरातत्ववेत्ताले समेत मानेका छान्दोग्योपनिषद्का तृतीय अध्याय सप्तम् खण्डमा "तद्धैनद घोर आङ्गिरसः कृष्णाय देवकीपुत्रायोवाच" अर्थात् आङ्गिरस गोत्र भएका घोर भन्ने आचार्यले देवकीका छोरो कृष्णलाई यो यत्रपुरुष विद्याको उपदेश गरे भन्ने यो मन्त्रमा देवकीपुत्र कृष्णजीको नाम समेत स्पष्ट लेखेको देखिन्छ ।

ग्वालियर राज्यका भेलसा शहरका नगीच बेसनगर नामक गाउँका गरुडध्वज

CC-0. In Public Domain. Digitization by eGangotri

स्तम्भमा खोदिएका शिलालेखमा त्यहाँका राजा भगदत्तका दरबारका तक्षशिलाका एटि आल्किस भन्ने राजाका तर्फबाट राजदूत भइरहेका हेलिओडोरस् भन्ने ग्रीक (यवन) जातीय व्यक्ति पछिबाट हिन्दू-मतमा आई सोही खम्बाका अगिल्तिर वासुदेव-को मन्दिर बनाएको कुरा लेखेको पाइएको छ। यो शिलापत्रको समय ईसवी सन् भन्दा १४० वर्ष पूर्वको सिद्ध भएको छ।"

यी माथि दिइएका प्रामाणिक उद्धरणबाट हामीले श्रीकृष्णजीको आराधना; यात्रा, भक्ति-भावना आदि कार्य गर्ने प्रथा धेरै धेरै प्राचीन समयदेखि चलेको रहेछ भन्ने कुराको अनुमान गर्न सक्तछौं।

श्रीकृष्णजी जन्मनुभएको दिनमा व्रत, उपवास, भजन, कीर्तन आदि कार्य गर्नाले व्रत सुध्रिन्छ, श्रीकृष्णजी खुशी हुनुहुन्छ र श्रीकृष्णजीको पाउमा लीन हुन पाइन्छ भन्ने अनेक कुराहरू धार्मिक ग्रन्थमा लेखिएको छ तापनि यस दिनबाट हामीले ठूलो प्रेरणापाई ठूल-ठूला मानिसहरूको जीवनीको अध्ययनबा सबैले आफ्नो जीवन-लाई पनि उच्च पार्ने शिक्षा प्राप्त गर्न सकिने वास्तविक कुरा पत्ता लगाउन सकिन्छ। यी कुराहरू—बाहेक उक्त दिनमा उत्सव मनाई गरिएका नाच, गान आदि कार्यबाट दिल बहलाव भई मानसिक शान्ति पनि मिल्दछ। अनि मानसिक शान्तिले गर्दा दैनिक जीवनमा अनिवार्यरूपले गर्नुपर्ने जुनसुकै कार्य पनि सफल भई इहलोक र परलोक दुवै सुध्रिन्छ भनी आशा तथा विश्वास गर्न सकिन्छ। त्यसमा पनि आध्यात्मिक दृष्टिकोणबाट साक्षात् परब्रह्म परमेश्वर र भौतिक दृष्टिकोणबाट महा विद्वान्, महापराक्रमी, महाज्ञानी भनी मानिएका श्रीकृष्णजीको गीतामा उल्लिखित उपदेशानुसार चल्न सकिएमा जीवनलाई सुगन्धित पारी सुगतिमय तुल्याउन सकिन्छ भन्ने कुरामा कुनै शंका छैन।

CC-0. In Public Domain. Digitization by eGangotri

: ११ :

पञ्चदान : बाँडेजात्रा

प्राचीन समयदेखि विभिन्न धर्मावलम्बीहरूले वास गरेको तथा प्रत्येक धर्मावलम्बीहरूले आ-आफ्नो धर्मावलम्बन गर्ने पूर्व स्वतन्त्रता भएको देश नेपाल अधिराज्यका बौद्धमार्गीहरूले मनाउने विभिन्न चाडपर्व पञ्चदान (बाँडेजात्रा) हो। यस चाडलाई प्रत्येक वर्ष ललितपुरमा श्रावण शुक्ल अष्टमीका दिन र काठमाडौंमा भाद्र कृष्ण त्रयोदशीका दिन मनाइन्छ।

यस चाडलाई यस प्रकारसँग मनाइन्छ—सर्वप्रथम यो चाड-पर्वको अघिल्ला दिन बौद्धमार्गीहलेले स्नान तथा शुद्धादि कार्य गरिसकेपछि घर र बहालहरूमा बुद्ध देवको प्रतिमा, तस्वीर तथा पौभाहरूको प्रदर्शन गर्दछन्। तिनीहरूमा पूजा गरेर दान गर्ने दक्षिणासहित अन्नादिहरू संकल्प गर्दछन्। अनि यस चाड-पर्वको मुख्य दिन नेपालमा सारा बौद्धमार्गीहरू र कतिपय अरू धर्मावलम्बीहरूले पनि बुद्धदेवप्रति श्रद्धा र आस्था राखी उदार भावना लिन्छन्। ह्लासामा साङ्गजो चाड मनाउने बखतमा र हाम्रै देशको पहाडतिर तिहारको बखत भैलो द्यौसी माग्ने कार्य गर्दा झैं धनी या गरीब जोसुकैले पनि आफ्नो घरमा आएर धार्मिक गाथा पाठ गरी माग्न आउने वज्राचार्य र शाक्यहरूलाई बुद्धदेव र उहाँका शिष्यहरू र महामौद्गल्यायनको प्रतिनिधिस्वरूप मानी आ-आफ्ना आर्थिक स्तरअनुसार धान, चामल, पैसा तथा अन्य अनेक दान योग्य दान गर्दछन्। आफ्नो घरमा आएका वज्राचार्य तथा शाक्यहरूलाई गृहस्थाश्रमको नियमबमोजिम पाहुनाको दृष्टिले हेरी अतिथिसत्कार गरेर केही ख्वाउने कार्य पनि गरिन्छ। यो दिनभर घरमा गरिने दानादि कार्यका अतिरिक्त बाटोघाटो र बहालहरूमा पनि अन्नादि वस्तुहरू दान गरिन्छ। ती दानशालाहरूमा काठमाडौंको सिंहसत्तलनिरको दानशाला प्रख्यात छ। यो दानशालाको विषयमा वंशावलीमा यस्तो कुरा लेखिएको छ—

राजा विक्रमसेनले दक्षिण देशबाट षट्शास्त्री महेश्वर ठाकुर नामक एकजना ठूला विद्वान व्यक्तिलाई झिकाई उनको सम्मतिबाट कलिगत २९७३ मा बौद्धमार्गीले श्रावण शुदी प्रतिपदादेखि भाद्र बदी ३० तक बौद्धयात्रा र भाद्र बदी १३ का दिन अन्नदान गर्नु भन्ने स्थिति बाँधिएको हुनाले सो भाद्र बदी १३ का दिन अन्नदान गर्नालाई मरुटोलमा काठको दलिन बनाई सो डबलीमा बसी

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नदान गर्ने रीत चलेकोमा पछि राजा वृषभदेवका पालामा गुठी राखी स्थिति बाँधी रीतसमेत चलाइदिएको अद्यापि चलेकै छ। यस टोलमा काठको मंडप (काष्ठमण्डप) भएकोले नै यस टोलको नामसमेत काठमाडौं भनी प्रख्यात भयो। यसपछि श्रावण सुदी प्रतिपदादेखि भाद्र वदी ३० तक बौद्धयात्रा र भाद्र वदी १३ का दिनमा मात्र चौघेरा काठ ओछ्याई सोही काठमा बसाली वज्राचार्य र शाक्य-हरूलाई अन्नदान दिने रीत आजतक चलेको छ।

यस पञ्चदान चाड-पर्वको दिन बिहान अँध्यारै छँदादेखि काठमाडौंदेखि आधा-कोस जति उत्तर-पश्चिम कोणमा स्वयम्भू चैत्य रहेको स्थानमा बुद्ध भगवान्को पूजा र दर्शन गर्न जाने यात्रीहरूको तांती लाग्छ। यसै दिन राति भोटे पहिरन गरेर वा साधारण पोशाकमा अबेर गरी माग्न आउने व्यक्तिलाई भाँडामा बाँकी रहेका सबै दक्षिणा र अन्न आदि वस्तुहरू दान दिइसकेपछि यो चाड-पर्वको कार्य समाप्त हुन्छ। अनि त्यसको भोलिपल्ट वा कुनै दिन यस चाड-पर्वको दिन जुन जुन वस्तुहरू दान गरिएका हुन्छन् र बुद्धदेवको प्रतिमा वा तस्वीर अगाडि चढाइ-राखिएका हुन्छन् ती वस्तुहरू स्वयम्भू चैत्यमा चढाउन लगिन्छन्।

यो पञ्चदान नामक चाड-पर्वको उत्पत्तिका विषयमा निम्नलिखित कुराहरू नेपाल वर्षक्रिया नामक पुस्तकमा लेखिएका छन्। सर्वप्रथम ललितपुरमा श्रावण शुक्ल अष्टमीको दिन मनाइने पञ्चदानको महत्वबारे "पिण्डपात्रावदाने बुद्धवचन" भनी यस्तो कुरा लेखिएको छ—

"श्रावण शुक्ल अष्टमी ठूलो पर्वकालको दिन हो। प्राचीन समयमा यो दिन सर्वप्रथम ब्रह्माजीले आफ्नो मध्य भागमा रहेको टाउकोलाई महादेवद्वारा कटाउन लगाई दीपङ्कर बुद्ध भगवानलाई दान गर्नुभएको थियो। त्यसपछि यही दिनमा ललितपुरमा दीपवती नगर गुईंत देशका बुद्धिमान राजा श्रीसर्वानन्दले दानशाला बनाई सुवर्ण पिण्डपात्रादिमा अनेक प्रकारका धान, चामल, लुगा र दक्षिणा श्री दीप-ङ्कर बुद्ध र उहाँका संघगणहरूलाई दान गर्नुभएको थियो। फेरि उही दिन एउटी कन्याकेटीले दीपङ्कर बुद्ध भगवानलाई पिण्डपात्र दान गरेकी थिइन्। उक्त कन्या-केटीका केही प्रतीकहरू आजकालसम्म पनि गाईयात्राको बखत गुईंत बही नामक विहारमा प्रदर्शन गर्ने चलन छ। अतः ललितपुरमा पञ्चदान गर्ने दिन श्रावण सुदीको अष्टमी भएको हो।"

यस्तै प्रकारसंग काठमाडौंमा पञ्चदान श्रावण कृष्ण त्रयोदशीको दिन गरिने गरेको र त्यस दिन गरिने पञ्चदानको महत्व वज्रमहाकालतन्त्र वज्रसत्व वचन र पिण्डपात्रावदाने बुद्धवचन भनी यस्ता कुराहरू लेखिएका छन्—

CC-0. In Public Domain. Digitization by eGangotri

श्रावण शुक्ल त्रयोदशीका दिन सत्य, त्रेता, द्वापर र कलि चारै युगको एउटै प्रमाण भएको दिन हो। यस दिन गरिएको दानको फलबारे बयान गरेर साध्य छैन। यस दिन गरिएको दानको फल असंख्य छ भन्ने कुरा जानी मानिसमात्रले समस्त चूडाकर्म गरिसकेका वज्राचार्य तथा शाक्यहरूलाई पिण्डपात्रादि दान गर्नाले मनले चिताएअनुसारको फल प्राप्त हुन्छ। फेरि यस दिन मास केराउ, भटमास आदि सुकेका पदार्थहरूको भिजाएको झोल पिउनाले अनेक रोग-व्याधि नाश हुन्छ।

यस्तै प्रकारसंग "कपिसावदान" नामक बौद्धग्रन्थमा पनि विभिन्न वस्तु दान गर्नाले प्राप्त हुने फलबारे कस्तो भावनाले दान लिनु र दिनुपर्दछ भनी पञ्चदानबारे विस्तृत धार्मिक विवरण दिइएको छ, जो यहाँ उल्लेख गरेर साध्य छैन। यी कथनहरूको आधारमा विचार गर्दा यस चाड-पर्वको उत्पत्तिकाल युगानयुग पहिलेदेखि नै हो कि भन्ने भान हुन आउँदछ। तर यस चाडपर्वको दिन गरिने व्यावहारिक कार्यको दृष्टिकोणबाट विचार गर्दा यस चाड-पर्वको उत्पत्ति २५००-२६०० वर्षअघि भएको होला भनी अनुमान गर्न सकिन्छ। यस चाडपर्वको दिन गरिने कार्य शाक्यमुनि बुद्धदेवले बोधिज्ञान प्राप्त गरिसक्नुभएपछि आफ्ना बाबुको राज्यभित्र, आफ्नो घर र अरू दुनियाँदारहरूको घरमा उहाँ र उहाँका अनुयायीहरूले गरेको भिक्षाटनको नक्कल जस्तो देखिन्छ, किनभने यस चाड-पर्वको दिन वज्राचार्य र शाक्यहरूले अरूहरूको घरमा भिक्षाटन गर्न जानुभन्दा पहिले वा पछि आ-आफ्नो घरमा समेत भिक्षाटन गर्ने प्रथा छ। तर जे जोस्, यस पञ्चदान नामक चाड पर्वको निर्माणकर्ता कोही विद्वानले मानिस मानिसमा हुनुपर्ने आदान-प्रदानको सहयोग विषय प्रेरणा उत्पन्न गराउनको लागि धार्मिक रंग दिई यस चाड-पर्वको उत्पत्ति गराइराखेको जस्तो बुझिन्छ। अतः यस चाड-पर्वद्वारा लिन मात्र जान्ने दिन नजान्ने र भौतिकवादमा पदार्पण गरेका व्यक्तिहरू कहलाएका हामीहरूले मानिसप्रति दयामाया गर्नुपर्दछ, उदार भावना लिनुपर्दछ भन्ने बुद्धदेवको उपदेश पालन गरी उपदेशलाई व्यावहारिक कार्यमा कार्यान्वित गर्न सक्यौं भने आफ्नो र आफ्नो देशको समेत कल्याण हुनेछ भनी आशा तथा विश्वास गर्न सक्छौं। अनि यस चाड-पर्व आधुनिक समयको लागि पनि उपयुक्त हुन आउनेछ र साथै यस चाड-पर्वको निर्माणकर्ताको अनुमानित उद्देश्य पनि पूरा हुन जानेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

: १२ :

कुशे औंसी : गोकर्ण औंसी

हामी नेपालीहरू गुणग्राही छौं र कृतघ्न छैनौं भन्ने कुराको ज्वलन्त प्रमाण हामीले वर्षेनि मनाउने अनेक पर्वोत्सवहरूबाट पाउन सक्तछौं । हामीले आफूलाई यस संसारमा आउने चाँजोपाँजो मिलाइदिने सांसारिक जीवन बिताउन चाहिने कतिपय तरीकाहरूसमेत अवगत गराइदिने आमाबाबुहरूदेखि लिएर कुनै न कुनै रूपमा आफ्नो भलाइ गर्ने पशुपक्षी र कीराहरूको समेत गुणको कदर गर्नाको साथै तिनीहरूको कार्यलाई महत्व दिई पर्वदिनहरू—काग तिहार, कुकुर तिहार र नाग-पञ्चमी आदि—मनाउँदछौं । ती पर्वदिनहरूमध्ये कुशे औंसी (गोकर्ण औंसी) पनि एउटा हो ।

यो पर्वोत्सव वर्षेनि भाद्र कृष्ण औंसीको दिन पर्दछ र यस दिन ब्राह्मणहरूले जुनसुकै शास्त्रीय नित्य नैमित्तिक कर्महरूमा नभई नहुने पवित्र कुशहरू शास्त्रोक्त-वचनानुसार विधिपूर्वक पूजा गरी छेदन गरेर यस दिन कुशका मुठा घरमा राख्नाले कल्याण हुन्छ भन्ने शास्त्रोक्त वचनको अनुसरण गरी घरमा राख्ने र राख्न लैजाने गर्दछन् । त्यसैले त्यस कुशको नामबाट यस पर्वोत्सवको नाम 'कुशे औंसी' रहन गएको छ ।

यस प्रकार यस दिन नेपाल उपत्यका निवासीहरूले आ-आफ्नो बाबुलाई ठूलो श्रद्धा भक्तिका साथ रुचिअनुसारका खाद्य वस्तुहरू खवाई आशीर्वादको कामना गर्ने चलन छ । फेरि जो कसैको बाबु परलोक भइसकेका हुन्छन् तिनीहरूले पनि आफ्ना बाबुको नामबाट सिधादान, श्राद्ध आदि गरेर गुरु पुरोहितहरूलाई आफ्ना बाबुको प्रतीक मानेर केही खाद्य वस्तु खवाउने गर्दछन् । यो दिन विशेष गरीकन स्वस्थानीको कथामा उल्लिखित गोकर्णेश्वर महादेव भएको ठाउँ गोकर्ण (उत्तर गया)-मा मेला लाग्छ त्यसैले गोकर्ण औंसी भन्ने नामले पनि यो पर्वोत्सवको नाम प्रख्यात छ ।

यस दिन गोकर्णमा बसेर श्राद्ध, तर्पण र सिधा दानादि जे गरिन्छ ती कुराहरू पितृदेवलाई अक्षयरूपमा जान्छ भनी त्यहाँ बसी त्यस्ता कार्य गर्नको लागि जाने-मानिसहरूको तांती लाग्छ । फेरि कसै कसैले आफ्नो जीवित बाबुलाई पनि त्यहाँ लगी खवाउने गर्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस पर्वोत्सवको महत्वबारे "बुद्धोक्त पाराजिकाया" भनी यस्तो कुरा लेखिएको छ—"गोकर्ण औंसीको दिन छोराछोरीहरूले आफ्ना बाबुलाई श्रद्धा भक्तिद्वारा खुशी पारी तथा केही खुवाई बाबुद्वारा आशीर्वाद प्राप्त गरेमा ठूलो सुख र श्रेय मिल्दछ। यदि कसैको बाबु परलोक भइसकेको भए पनि बाबुको नामबाट गोकर्ण अथवा अरू तीर्थस्थलहरूमा गई स्नान कार्य गरिसकेपछि सिधा तथा पिण्डादि दान गरेमा ठूलो पुण्य मिल्नेछ र त्यस पुण्यद्वारा आफ्नो कुल स्थिर गर्न सक्ने सन्तानहरू पैदा हुनेछन्।

त्यस्तै किसिमबाट यस गोकर्ण औंसीसंग सम्बन्धित एउटा कथा पनि छ—"प्राचीन समयमा पांचाल नामक देशमा वृषकर्ण नाम गरेका एकजना राजा थिए। उनको गोकर्ण नामक एकजना छोरो थियो। तीं बाबु छोराको बीचमा मेल थिएन र जहिले पनि झगडा भइरहन्थ्यो। झगडा हुँदा बाबुले छोरोलाई र छोरोले बाबुलाई यमपुरीको वास होस् भनी सराप दिन्थे। कालान्तरमा छोरोले पहिले नै जीउँदै यमपुरीको यात्रा गरिसकेको हुँदा बाबुचाहिलै मर्दा जलदान, पिण्डदान, अन्नदान, र काज-क्रिया गरिदिने कोही पनि भएन। छोरोले पनि बाबुको आपले गर्दा यमपुरीमा डुलिरहनुपऱ्यो। यमपुरीमा डुलिरहँदा एकदिन यमपुरीमा टाउकोमा चक्र घुमिरहेको एकजना पापी देख्दा गोकर्ण डराएर भाग्यो। पछि त्यस गोकर्णले गगनगञ्ज बोधिसत्वको आज्ञानुसार गोकर्ण गई आफ्ना बाबु वृषकर्णको नामबाट जलदान, पिण्डदान आदि कार्य गरि दियो। त्यस कार्यको फलस्वरूप वृषकर्णले प्रेतयोनिबाट मुक्त भई छोरोलाई जय होस् भनी आशीर्वाद दिए। त्यस आशीर्वादले गर्दा गोकर्ण पनि नारकीय दुःखबाट मुक्त भई गोकर्णमै बसेर तपस्या गर्दा गर्दै तरेर गये। त्यसकारण त्यसै वेलादेखि अहिलेसम्म पनि गोकर्ण औंसीको दिन त्यस गोकर्णमा बसी मृत पिताको नामबाट जलदान, पिण्डदान गर्ने चलन र जीवित बाबुलाई श्रद्धा भक्तिका साथ रुचिअनुसारको वस्तु खुवाउने चलन चलेको छ।

आधुनिक दृष्टिकोणबाट हेर्दा यो प्रथा जङ्गली र विना परिवारको जीवन बिताउने समयपछि पश्चिमी विद्वान्हरूको मनाइमुताबिकको प्याट्रीआर्क (बाबुलाई अर्थात् घरका माउ भएको लोग्नेमानिसलाई सर्वेसर्वा मान्ने) प्रथाको उत्पत्ति भई पारिवारिक जीवन बिताउने स्थिति निस्केझैं हाम्रो देशमा पनि बाबुको सुकार्यलाई महत्व दिने प्रथालाई धार्मिक रंग दिई मनाउने चलन गरेको जस्तो देखिन्छ। अतः आधुनिक वा प्राचीन दुवै दृष्टिकोणबाट पनि आफ्नो जन्मदाता बाबुको प्रति श्रद्धा राखी यो प्रथा मनाउनाले 'वसुधैव कुटुम्बकम्' भन्ने आधुनिक युगमा बाबु र छोरो जस्तो घनिष्ठ सम्बन्ध भएका व्यक्तिहरूमा राम्रो सौहार्दपूर्ण व्यवहार सम्पन्न भई पारिवारिक जीवन सुखमय हुन जानेछ भन्ने आशा गर्न सकिन्छ। अर्को कुरा, यो गोकर्ण औंसीले गर्दा

CC-0. In Public Domain. Digitization by eGangotri

चीनियाँ यात्री हुएनसांगको वर्णनानुसार राजा अंशुवर्माको कैलासकूट भवन भएको ठाउँ मानिएको र नेपालको बोटानिकल गार्डेन भन्न सुहाउने ठाउँ गोकर्णको महत्व बढ्न जानेछ। यसका अतिरिक्त छोराहरूले आपना बाबुप्रति श्रद्धा भक्ति गर्ने प्रेरणा तथा शिक्षा पनि यस पर्वोत्सवबाट प्राप्त हुनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

: १३ :

हरितालिका : तीज

विभिन्न विशेषताले परिपूर्ण भएको देश भन्न सुहाउने नेपाल अधिराज्यमा बर्षेनि तृतीया तिथिका दिन परम्परा देखि मनाउने गरिआएका अनेक पर्वोत्सव तथा व्रतोत्सव तथा व्रतोत्सवमध्ये भाद्र शुक्ल तृतीयाका दिन स्त्रीजातिहरूले मात्र व्रतोपवास बसी मनाउने "हरितालिका (तीज) नामक विशेष किसिमको व्रतोत्सव पनि एउटा हो।

यो व्रतोत्सवको उत्पत्ति कसरी भयो र यसको नाम किन "हरितालिका' भन्ने रहन गयो भन्ने विषयमा महादेवले पार्वतीलाई बताउनु भएको कुरा भनी "व्रतार्क" नाम गरेको धर्मग्रन्थमा यस्ता कुराहरू लेखिएका छन्—"यो हरितालिका (तीज) नामक व्रत सबभन्दा पहिले पार्वतीले महादेव पति पाउने कामना गरी बस्नुभएको थियो। किनभने पार्वतीका पिता हिमालयले उहाँलाई विवाहयोग्य उमेरकी भइसकेपछि विष्णुसँग विवाह गरिदिने निधो गर्नुभएको थियो। यो कुरा पार्वतीलाई मनपरेको थिएन र उहाँले आफ्नो मनैमनले महादेवलाई रोजिसक्नुभएको थियो। त्यसकारण उहाँले आफ्नो मनको इच्छा पूर्ण नहुने छाँट् देखनासाथ आफूले विष्णुसँग विवाह नगरी महादेवसँग विवाह गर्नको लागि आफ्नो सखीसँग उपाय सोध्नुभयो। पार्वतीले आफूसँग उपाय सोध्नु भएको हुनाले सखीले पनि पार्वतीलाई विवाहको दिन लुकेर बस्ने उपाय बताइन्। त्यसको साथै आफूले नै पार्वतीलाई हरेर लगी अनकन्टारको ठाउँमा लुकाइदिइन्। पार्वतीले उक्त आफू लुकिरहेको ठाउँमा निराहार बसी कठोर व्रत लिई बस्नुभयो। त्यस व्रतले गर्दा महादेव खुशी हुनुभयो र त्यसै ठाउँमा आउनुभई पार्वतीसँग विवाह गर्नुभयो। त्यसै वेलादेखि स्त्रीजातिले यो हरितालिका मनाउने प्रथा चल्यो। फेरि 'तालिका' अर्थात् सखीले पार्वतीलाई 'हरित्' गरेर लगी लुकाउन लगिदा पार्वतीले बस्नुभएको व्रत भनी त्यसै नाभबाट यस व्रतोत्सवको नाम 'हरितालिका' रहन गयो।

यस्तै प्रकारसँग यो व्रतोत्सव माहात्म्यबारे पनि यसै "व्रतार्क" नामक धर्मग्रन्थमा यी कुराहरू लेखिएका छन्—तीज अर्थात् हरितालिका नामक व्रतोत्सवको स्नानादि कार्य गरी शुद्ध भई निराहार भएर व्रत लिई रातमा श्रद्धा भक्तिका साथ शिवजीको मन्त्र जपी आवरण देवतासहित गौरी र शंकरको पूजा गरेर रातभर जाग्राम गर्नाले जन्म-जन्मान्तरसम्मको पाप नाश हुन्छ, सौभाग्यवृद्धि हुन्छ र सन्तानको समेत जय

CC-0. In Public Domain. Digitization by eGangotri

कल्याण हुन्छ र साथै वस्त्र र परत्र दुवै लोकमा जय वृद्धि पनि हुन्छ । फेरी जुन स्त्रीले यस तीजका दिन निराहार नबसेर केही खान्छै त्यसले सात जन्मसम्म बाँझी, विधवा, पुत्रशोकयुक्त र गरीब भई नरकबास गर्नुपर्ने हुन्छ ।

यो तीज व्रतोत्सवको महत्वबारे उपर्युक्त किसिमको धर्मशास्त्रोक्त कथन भएको हुनाले सोही कथनको अनुसरण गरी नेपालका प्रायः सबैजसो ब्राह्मण, क्षत्रियादि स्त्री-जातिहरू र अरू जातका स्त्रीहरूले पनि जन्म-जन्मान्तरको पाप नाश नाश होस् भन्ने आदि अनेक कुराको कामना गरी यो व्रतोत्सव मनाउने गर्दछन् र बिरामी, सुत्केरी तथा अशक्त भएका स्त्रीहरूले समेत आफ्ना पति, पुत्र वा ब्राह्मणद्वारा भए पनि आफ्ना सट्टामा निराहार गर्ने गराउने कार्य गरी व्रतोत्सव मनाउँदछन् ।

यो व्रतोत्सव यस प्रकार मनाइन्छ—सर्वप्रथम यस तीज व्रतोत्सवका निमित्त स्त्री-जातिहरूले अघिल्लो दिन अर्थात् भाद्र शुक्ल द्वितीयाका दिनमा र रातमा पनि नाना प्रकारका मिष्ठान्न, पक्वान्न, दही, दूध, फलफूल आदि खाने खाउने र इष्ट-मित्र, पूज्यजन, छोरीबेटी आदि कहाँ पठाउने पनि गर्दछन् । यसलाई 'दरखाने' भनिन्छ ।

त्यसपछि तृतीयाका दिन बिहान सवेरै उठी तीर्थादिमा गई स्नानादि गरेर आ-आफ्नो देश कुलाचारमा चलिआएका रीतिस्थितिअनुसार घर-घरमा यथाशक्ति पूजाका मण्डपहरू बनाइन्छन् । अनि शुद्ध र सुन्दर कपडा गहनाहरू पहिरी उक्त मण्डपहरूमा यथोक्त समयमा बालुवाका शिवलिङ्गलाई शृंगारपूर्वक स्थापना गरिन्छ । त्यति गरिसकेपछि शिवजीको स्तोत्र पाठ गर्दै अनेक उपचारले ब्राह्मणवाक्यअनुसार आवरणदेवतासहित ती शिवलिङ्गहरूको पूजा गरी रातभर जाग्राम बसिन्छ । भोलिपल्ट बिहान अर्थात् चतुर्थीको दिन उत्तराङ्ग पूजा विसर्जन गरेपछि फेरि लोपामुद्रासहित अगस्त्य ऋषिको पनि पूजा गरिन्छ र अर्घदान, पारण गरिसकेपछि ब्राह्मणलाई भोजन गराई आफूहरूले पनि भोजन गर्दछन् ।

नेपाल उपत्यकामा यस तीजको दिन अनेक तरहका गहना कपड़ा आदिले शृङ्गार पटार गरी वाग्मती, शङ्खमूल आदि तीर्थमा स्नान गर्ने र पशुपति गुह्य-कालीको दर्शन गर्ने अनेक प्रकारको नाच गान गर्दै जान लागेका स्त्रीजातिहरू घरै नै बाटामा देखिन्छन् । किनभने त्यसरी तीजको दिन नाच गरेमा पछि इन्द्रपुरीको अप्सरा भई जन्म लिन पाइन्छ भन्ने किंवदन्ती छ ।

यी उपर्युक्त कथन तथा शास्त्रोक्त वचनको मात्र विचार गर्दा यो तीज व्रतोत्सवको उत्पत्ति पनि अरू चाड-पर्वहरूझैं धार्मिक तथा आध्यात्मिक कारणबाट भएको जस्तो देखिन्छ तर यसको व्यावहारिक कुरातर्फ दृष्टि दिएमा यस व्रतोत्सवको उत्पत्ति पनि धार्मिक तथा आध्यात्मिक कारणहरूका अतिरिक्त सामाजिक, मनोवैज्ञानिक र

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्थ्य रक्षा आदिका कारणहरूकाबाट भएको जस्तो देखिन्छ । किनभने सर्वप्रथम यस व्रतोत्सवको बखत निराहार बस्ने, स्नान गर्ने र खुला हावामा नाच गान गर्दै हिंड्ने कार्यहरूबाट उदरसम्बन्धी अपच जस्ता रोगहरू निवारण भई स्वास्थ्यरक्षा र सफाई हुन्छ । यसको साथै नाच-गान आदि कार्यले गर्दा मानसिक चिन्ता दूर भई आमोद प्रमोदद्वारा मनोबल बढ्छ । कृषि-प्रधान देश नेपालका आइमाईहरूले स्वयं आफूले नै आमोद प्रमोदमा भाग लिई लोग्नेमानिसहरूले गाईथात्राको बखत स्वयं आफैले मोजमज्जा हँसी दिल्लगीमा भाग लिई प्राप्त गर्ने जस्तो आनन्द प्राप्त गर्ने बखत यही एक समय पनि हो । अर्को कुरो, यस तीज व्रतोत्सवलाई पहिलेका विद्वानहरूले स्त्रीजातिहरूमा आ-आफ्ना पतिदेव र पुत्रहरूप्रति कति प्रम रहेछ भनी जान्नाको लागि उत्पत्ति गराइराखेको जस्तो व्यावहारिक दृष्टिकोणबाट देखिन आएकोले यो व्रतोत्सवलाई स्त्रीजातिकरूमा पतिप्रेम तथा पुत्रप्रेम नाप्ने माप पनि भन्न सुहाउँछ । किनभने आजकाल धेरैजसोको घरमा यो व्रत नलिने आइमाईहरूलाई पति तथा पुत्रप्रति प्रेम नभएका आइमाई भन्ने प्रथा पनि छ । जे होस्, यो व्रतोत्सवबाट अरू फाइदाहरूका अतिरिक्त दम्पति-प्रेम मजबूत पार्न र दम्पत्तिका बीच आस्था उत्पन्न गर्नसमेत सहायता हुने हुँदा यो व्रतोत्सव पनि उपयोगी नै देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: १४ :

गणेश चतुर्थी : चथा

नेपाल अधिराज्यमा प्रत्येक तिथिका दिन एक न एक चाड-पर्वोत्सव तथा व्रतोत्सव पर्दछ । त्यस्ता चाड तथा पर्वोत्सवहरूमध्ये प्राचीन समयदेखि प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्थीको दिन मनाइने गणेश चतुर्थी भन्ने नामबाट प्रख्यात भएको चाड तथा पर्वोत्सव पनि एउटा हो ।

यो चाड तथा पर्वोत्सव यस प्रकार मनाइन्छ—यो चाड तथा पर्वोत्सवको दिन अरू चाड तथा पर्वोत्सवहरू मनाउँदा झैं बिहान सबेरैदेखि उठी स्नान तथा शुद्धचाई-को कार्य गरिन्छ । अनि "अग्निपुराण पीयूषधारा" नामक ग्रन्थमा चतुर्थी गणेशको पूजा गरिन्छ । पूजा गर्दा व्रतार्क नामक धर्मग्रन्थमा स्कन्दपुराणको वचन भनी लेखिए-अनुसार लड्डू, मूला तथा हरियो दूबो गणेशजीलाई चढाइन्छ ! कुनै कुनै मानिसहरूले यस दिन गणेशको व्रत लिई उपवास बस्छन् । यस दिन गणेशको पूजा गर्दा गणाधिप; उमापुत्र, विनायक, ईशपुत्र, सर्वसिद्धिप्रद, एकदन्त, मूषिकवाहन, कुमार गुरव आदि गणेशका दश नाम उच्चारण गरी दूबो चढाउने प्रथा पनि छ ।

यसै भाद्र शुक्ल चतुर्थीको दिन नेपाल उपत्यकामा नेवार जातिहरूले चथा नामक चाड मनाउँदछन् र बेलुका चन्द्रमा उदाउनासाथ अनेक प्रकारका फलफूल, भुटेका भटमास, मकै, गहूँ, बदाम तथा विभिन्न प्रकारको रोटी चढाई चन्द्रमाको पूजा गरेर चढाएका खाद्य वस्तुहरू खाने र खवाउने कार्य गर्दछन् । धर्मशास्त्रको कथनानुसार यस दिन चन्द्रमाको दर्शन गर्नाले नाँबिराए पनि चोरको दोष लाग्छ भन्ने भएकोले कुनै कुनै मानिसहरूले यस पर्वोत्सवको दिन साँझ परेदेखि चन्द्रमा उदाउनुभन्दा अगाडि नै झ्याल-ढोकाहरू थुनेर साना साना प्वालहरूमा समेत झुत्रो वा कागज राखी बाहिरको प्रकाश भित्र आउन नसक्ने तुल्याई गुफा बसेका आइमाईझैं कोठामित्र लुकेर बस्ने गर्दछन् । फेरि कुनै कुनै मानिसहरूले यस दिन चन्द्रमा हेरे तापनि चोरीको दोष लाग्न नदिने उपाय भनी आ-आपना छर-छिमेकीहरूको बारी वा बगैंचाबाट फलहरू वा फूलहरू चोरेर ल्याई आ-आफना लुगाको तनामा झुण्डचाएर हिंड्ने गर्दछन् । यस चाड-पर्वोत्सवको दिनमा चन्द्रलाई चोर देवता भनिन्छ । त्यसकारण चोरहरू आउँदा झैं कुकुरहरूले भुवन थाले कि घेरैजसो मानिसहरू चोर देवता निस्क्यो भन्ने पूजा गर्न थाल्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल अधिराज्यको तराई क्षेत्रको कुनै कुनै भागमा मानिसहरूले यस दिन व्रतोप-वास, गणेशपूजा आदि कार्य गर्नुको अतिरिक्त रातमा खूब सतर्क भएर बस्ने पनि गर्दछन् । किनभने त्यहाँका मानिसहरूमा यस दिन चोरहरूले चोर्ने गर्दछन् र यस दिन चोरी गर्ने कार्यमा असफल भएका चोरहरू वर्ष दिनसम्म चोरी गर्ने कार्यमा असफल हुन्छन् भन्ने धारणा छ ।

यो गणेश चतुर्थी (चथा) नामक पर्वोत्सवको उत्पत्ति कसरी भयो; यस दिन गणेशजीको पूजा किन गरिन्छ र यस दिन चन्द्रमा हेरेमा नविराए पनि चोरीको दोष लाग्दछ भनी किन भनिएको भन्ने आदि विषयमा ब्रह्मवचन भनी यस्ता कुराहरू लेखिएको छ—"परापूर्वकालमा चन्द्रमाले एकपटक आफ्नी सबभन्दा कान्छी स्वास्नी रेवती तारालाई अपमान गरी हेला गर्नुहुँदा उहाँका ससुरा अर्थात् रेवती ताराका बाबु दक्षप्रजापतिले उहाँलाई तेजहीन होओस् भनी रिसाएर श्राप दिए । त्यस श्रापले गर्दा चन्द्रमाको तेज हीन भयो । अनि चन्द्रमाले भगवान्को छेउ जानुभई विलाप गर्दै आफ्नो भएभरको वृत्तान्त सुनाउनुभयो । भगवान्ले चन्द्रमाप्रति करुणा राख्नुभई पूर्णिमाको दिन एक दिन पूरा तेज हुने तुल्याइदिनुभयो । फेरि त्यस्तै प्रकारसंग एक-पटक चन्द्रमाले देवसभा भइरहेको बेला गणेशलाई नाना प्रकारले गिल्ला गरी गिज्या-उँदा गणेशले रिसाउनुभई "तिम्रो मुख हेर्ने जति सबै चोर होउन्" भनी श्राप दिनु-भयो । उक्त श्रापले गर्दा चन्द्रमाको मुख हेर्ने जति सबै चोर भए । त्यसो भएकोले कुनै पनि देवताहरूले चोर हुने भयले चन्द्रमाको मुख हेरेनन् । चन्द्रमाको साह्रै बेइज्जत भयो र उहाँले बाहिर निस्कन छोड्नुभयो । पछि महादेव प्रभृति सारा देवगणले गणेशलाई लड्डु, मूला आदि वस्तु अर्पण गरी फकाएर चन्द्रमालाई माफ गर्न अनुरोध गर्दा गणेशले चन्द्रमालाई अरू दिनको लागि माफी दिनुभयो तर भाद्र शुक्ल चतुर्थीको दिन एक दिनको लागी माफी दिनुभएन । त्यसैले भाद्र शुक्ल चतुर्थीको दिन चन्द्रमा हेरेमा नविराए तापनि चोरीको दोष लाग्छ भनिएको हो र त्यस्तो दोष नलागोस् भन्ने हेतुले गणेशको पूजा गरी व्रतोपवास बस्ने प्रथा चलाइएको हो ।

यो गणेश चतुर्थी व्रतोत्सवको दिन "स्यमन्तकोपाख्यान" नामक कथा सुन्नाले यस भाद्रशुक्ल चतुर्थीको दिन चन्द्र-दर्शन गर्नाले लाग्ने मिथ्या दोष निवारण हुन्छ भनी वर्ष कृत्यदीपक नामक धर्मग्रन्थमा लेखिए अनुसार घेरैजसो मानिसले यस दिन व्रतार्क नामक धर्मग्रन्थमा लेखिएको स्यमन्तकमणि विषयको कथा सुन्ने वा पढ्ने पनि गर्दछन् । त्यस कथामा सूर्यद्वारा श्रीशताजित नामक यादवलाई प्राप्त भएको स्यमन्तकमणि चोरिएको मिथ्या दोष लाग्दा कृष्णजीले सर्वप्रथम गणेश चतुर्थीको व्रतोपवास बसी त्यस मिथ्या दोषलाई निवारण गर्नुभएको थियो भन्ने कुरा लेखिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यी उपर्युक्त कथन र धार्मिक वचनहरूको अनुसार यस गणेश चतुर्थी व्रतोत्सवको उत्पत्ति धार्मिक तथा आध्यात्मिक कारणहरूबाट भएको जस्तो भान पर्न आए तापनि यसको उत्पत्तिको वास्तविक कारण भौतिक कारणबाट भएको जस्तो देखिन्छ। किनभने नेपाल कृषिप्रधान देश हो र भाद्र महीना खेतीबाट उत्पन्न बाली पाक्ने समय भएकोले त्यस महीनामा पाकेका बालीको संरक्षण गर्ने प्रेरणा प्राप्त गर्न र बाली नाश हुने विनका कारणहरूलाई दूर भगाउने मनोबल प्राप्त गर्न गणेशलाई विघ्न नाशकको प्रतीक मानी यो व्रतोत्सव मनाउने प्रथा चलाइएको जस्तो देखिन्छ। फेरि यस भाद्र शुक्ल चतुर्थीको दिन चन्द्र-दर्शन गर्नाले नबिराए पनि चोरीको दोष लाग्छ भनी अनेक तरहका उपाय गरी गणेशलाई पूजा गर्ने प्रथा चलाइएको हो। कुठाउँमा जानाले, कुमानिससंग संगत गर्नाले र कुविचार गर्नाले अनेक तरहका मिथ्या दोष लाग्न सक्तछन्। त्यसकारण त्यस्ता कार्यहरूबाट आफूलाई बचावट गर्नुपर्दछ भन्ने शिक्षा घुमाउरो तरहबाट दिनलाई हो कि भन्ने जस्तो पनि बुझिन्छ। यस उसले यो चाड-पर्वोत्सव पनि हामी नेपालीहरूको लागि उपयोगी नै देखिन्छ। किनभने यो चाड-पर्वोत्सव मनाउनाले उपयोगी शिक्षा प्राप्त हुनुको साथै परम्परागत संस्कृतिको पनि रक्षा हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

: १५ :

ऋषि पंचमी

नेपाल अधिराज्यमा प्रत्येक वर्ष स्त्री-समाजले मनाउने पर्वोत्सवहरूमा खास गरी रजस्वला भइसकेका स्त्री-समाजले मात्र व्रतोपवास बसी मनाउने व्रतोत्सव 'ऋषि पंचमी' हो। यो व्रतोत्सव भाद्र शुक्ल पंचमीमा पर्दछ।

यो व्रतोत्सव यस प्रकार मनाइन्छ—रजस्वला भइसकेका स्त्रीहरूले यस व्रतोत्सवको दिन विहान सबैरै उठी आफूलाई पायक पर्ने तीर्थादिमा गई गोबर, सप्त-मृत्तिका, अपामार्ग आदिले विधिपूर्वक स्नान-शौचादि कार्य गर्नुको साथै दतिवन लाउने पनि गर्दछन् र मध्याह्नकालमा श्रद्धा भक्तिपूर्वक अरुन्धतीसहित सप्तऋषिको पूजा गरी पुरोहितलाई भोजन गराई गाभा हविष्यान्नको एक छाक भोजन गर्दछन्। कुनै कुनै मानिसहरू तमनाँ भन्ने ठाउँको ऋषिश्वर महादेवको दर्शन गर्न जाने गर्दछन्।

यस व्रतोत्सवको महत्वबारे 'व्रतार्क' नामक धर्मग्रन्थमा हेमाद्री ब्रह्माण्डपुराणे ब्रह्मवचन भनी यस्तो लेखिएको छ—"पाप नाश हुने व्रतहरूमा ऋषि पञ्चम सर्वोत्तम व्रत हो र यो व्रत बस्नाले नरक घुम्न जानुपर्दैन। फेरि जुन स्त्री यो व्रत बस्दछे, रूप सौन्दर्य तथा पुत्र पौत्र आदिले युक्त भई यस जन्ममा सुख भोग र परलोकमा अक्षय गति प्राप्त गर्ने हुन्छे।" 'व्रतार्क' धर्मग्रन्थमा नै फेरि यस दिनको महत्वबारे माथि उल्लेख भए जस्तो अरू पनि कुरा लेखिएको छ र त्यसको साथै रजस्वला भएको बखतमा नजानीकन भएको स्पर्शास्पर्श (छुवाछूत)-को पापले गर्दा पहिलो जन्ममा पशुयोनि लिएर आपनै छोराको घरको कुकुर र बयल भई बस्नुपरेको दुइजना लोग्ने स्वास्नी र छोराले ऋषि पञ्चमीको व्रत बसिदिदा कसरी तरेर गए भन्ने कथा पनि दिइएको छ। यस्तै प्रकारसँग यो ऋषि पञ्चमी व्रतले गर्दा रजस्वला भएको वेला नजानीकन भएको छुवाछूतबाट उत्पन्न सबै पाप नाश हुन्छ भन्ने अरू पनि धार्मिक कथनहरू छन्।

उपर्युक्त कथन यथा वचनानुसार यस व्रतोत्सवको उत्पत्ति धार्मिक कारणबाट परलोक सुधार्नका लागि मात्र भएको जस्तो देखिए तापनि यसको उत्पत्तिको वास्तविक कारण वैज्ञानिक नै देखिन्छ, किनभने रजस्वला भएको बेला स्त्रीजातिले छोएको

CC-0. In Public Domain. Digitization by eGangotri

फूलका बिरुवाहरू धेरैजसो मरेर जाने भएका त हामीले प्रत्यक्ष देखेका छौं र रजस्वला भएको बखत स्त्रीको शरीरबाट एक प्रकारको विषालु कीटाणुहरू बिल्कन्छन् भन्ने कुरामा डाक्टरहरूमा प्रायः मतैक्य छ। त्यसैले हाम्रा विद्वान् पूर्वजहरूले त्यस्ता कीटाणुहरूदेखि बच्न घुमाउरो तवरबाट यो ऋषि पञ्चमी व्रतोत्सव गराइराखेको जस्तो बुझिन आउँछ। अतः सांस्कृतिक परम्पराको र स्वास्थ्य-रक्षाको दृष्टिकोणबाट समेत यो व्रतोत्सव हाम्रो देशको लागि उपयुक्त देखिन्छ। यस्ता व्रतोत्सवहरू मनाउनाले हामीलाई फाइदा नै हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

: १६ :

इन्द्रयात्राको परम्परा

जनालय जति छन् त्यति नै देवालयहरू र जनता जति छन् त्यति नै देवताका मूर्तिहरू भएको देश भनी अन्तर्राष्ट्रिय क्षेत्रमा प्रख्यात भएको हाम्रो यो नेपालको परम्परागत प्रमुख चाड-पर्वहरूमध्ये इन्द्रयात्रा पनि एउटा हो। यो चाड सामाजिक, र जनीतिक, धार्मिक, ऐतिहासिक तथा भौगोलिक दृष्टिकोणबाट पनि महत्वपूर्ण छ र यसलाई नेवारी भाषाबाट 'यँया' भनिन्छ।

यो चाड शास्त्रोक्त कथनअनुसार भगवान्ले वामन अवतार लिनुभएको दिन भनी वामन द्वादशीको दिनदेखि प्रारम्भ भई पितृपक्ष भनी सोह्र श्राद्धको नामले आ-आफ्नो दिवंगत व्यक्तिहरूको नामबाट श्राद्ध तर्पणादि गर्ने पक्षको चौथो दिन, अर्थात् आश्विन कृष्ण चौथीको दिनमा समाप्त हुन्छ। यो चाडमा सर्वसाधारण जनताका अतिरिक्त हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट समेत भाग लिइबक्सिन्छ र यो चाडलाई नेवारी भाषामा 'यंया:' अर्थात् काठमाडौंको यात्रा भनिएअनुसार नेपालका अरू भागमा भन्दा काठमाडौंमा विशेष किसिमले भव्यताका साथ मनाइन्छ। यो चाडमा आठै दिनसम्म अनेक उत्सव, यात्रा, नाच, गान, देवदेवीको पूजा गरिन्छ र काठमाडौंको गद्दीदरबार अगाडिको देवलमा दश अवतार नामले भगवान्से मत्स्य कच्छप, वाराह, वामन आदि विभिन्न अवतार लिनुभएको वेला वेलामा अनेक नाटक-हरूका अतिरिक्त भादगाउँबाट ल्याइने महाकालीको नाच र हलचोकबाट ल्याइने भैरव नृत्य, काठमाडौंकै कीलागल टोलको लाखे नाच आदि पनि देखाइन्छ। यो भयो इन्द्रयात्रा चाडको मोटामोटी विवरण।

अब हामी चाडको विस्तृत विवरणतिर लागौं। यो चाड प्रारम्भ हुनुभन्दा एक हप्ता जति अगाडि सरकारी जङ्गीतर्फका कर्मचारीहरूको एक टोली र नाइके, महा-नाइके, रकमी गुठियार र सरकारद्वारा नियुक्त गरिएका पुरोहितसमेत भई काठमाडौं देखि छः सात कोस पूर्व भादगाउँ इलाकाको नाला गाउँनिर रहेको 'योसिं गुं' नामक सल्लाधारीमा इन्द्रध्वजका निमित्त लिङ्गो लिन जान्छन्। त्यहाँ तिनीहरूले एउटा सुरिलो अग्लो सल्लाको रूख छानी त्यसलाई विधिवत् बोकाको बलि दिई पूजा गरेर काट्छन् र तयारी लिङ्ग बनाई उत्सव यात्रा गर्दै भादगाउँ ल्याइपुऱ्याउँछन्। भादगाउँमा एक दुई दिन राखिसकेपछि त्यस लिङ्गोलाई काठमाडौंदेखि १।। कोस जति

CC-0. In Public Domain. Digitization by eGangotri

पर भादगाउँ जाने बाटोमा पर्ने ठिमीमा मानिसहरूले भादगाउँबाट काठमाडौंको भोटाहिटी टोलमा ल्याउँदछन्। भोटाहिटीमा एकदिन राखिसकेपछि भाद्र शुक्लको काके अष्टमीको दिन अर्थात् काठमाडौंदेखि तीन कोस जति पर उत्तर पूर्व कोणमा रहेको काकेश्वरी महादेव स्थानमा मेला लाग्ने र सिलु-मे गीत गाउन छोडी मालश्री गीत गाउन थालिने दिन त्यस लिङ्गोलाई भोटाहिटीबाट हनुमानढोकामा कालभैरवको अगाडि राखन ल्याइन्छ। त्यहाँ चार दिनसम्म राखिसकेपछि हरिकोलिटी एकादशी अर्थात् भाद्र शुक्ल एकादशीका दिन केही सरकारी कर्मचारीहरू रातभर जाग्राम बसी भोलिपल्ट वामन द्वादशीका दिन बिहान शुभ मुहुर्तमा अनेक उत्सवपूर्वक शास्त्रोक्त विधिले पूजा गरी त्यस लिङ्गोलाई काठमाडौंका मानन्धरहरूद्वारा स्थापना गराइन्छ। त्यस लिङ्गोको फेदमा हात्ती चढेको इन्द्रको सुनको प्रतिमा राखिन्छ। पहिले पहिले त्यस एकादशीको राति सारा सरकारी उच्चपदाधिकारीहरू हनुमानढोकामा जाग्राम बसी भैंडिनीको नृत्य पनि हेर्थे। तर आजकाल उक्त कथा बन्द भएको छ र रीतसम्म पुऱ्याइन्छ। त्यस द्वादशीको दिनदेखि काठमाडौंका विभिन्न स्थानमा 'हाथुद्य' नामक टाकको मात्रको भैरव मूर्तिहरू र वंशावलीमा शाक्य सम्वत् १७१६ मा स्वर्गीय रण-बहादुर शाहबाट स्थापना गरिएको भनी लेखिएको काठमाडौं हनुमानढोका दरबारसँगै कालभैरवपछाडि रहेको तथा सुनको मोलम्मा गरिएको टाउको मात्रको ठूलो भैरवको मूर्ति प्रदर्शन गरिन्छ। त्यसै दिनदेखि इन्द्रचोकको आकाश भैरव नामले प्रख्यात भएको तथा वंशावलीमा द्वापरयुगमा नेपालमा राज चलाउने किराती राजा यलम्बको टाउको भनिएको भैरवको मूर्ति पनि त्यसै इन्द्रचोकमा बनाइएको ढाप्रोमा राखी प्रदर्शन गरेर पूजा गरिन्छ। त्यही दिन बेलुकी त्यस वर्ष मृत्यु भएका आफन्तहरूको नाममा 'उपाउ वनेगु' भनी अनेक सुगन्धी धूप, बत्ती आदि बाली स्तोत्र पाठ गरी शहरको बाहिरी भागबाट गई शहर प्रदक्षिणा गर्दछन्। त्यसै दिनदेखि मर्त्यलोकमा पारिजातको फूल र ककँलो चोर्न आएका हात्तीमाथि चढेका इन्द्रको मूर्तिलाई चोरलाई झैं पाता कसी बाँधेर काठमाडौं मरुटोलमा र अरू अरू ठाउँहरूमा पनि प्रदर्शन गरिन्छ। त्यसपछि अनन्त चतुर्दशीको दिन बिहान त्यस इन्द्रको मूर्तिलाई नरनारीहरूले बत्ती बाली पूजा गर्दछन्। त्यसै दिन देवपाटन स्थित श्री अनन्त नारायणको पनि दर्शन र पूजा गरिन्छ। त्यसै दिन दिउँसो भैरव गणेश र कुमारीकी प्रतीक भनी मान्यता दिइराखिएको शाक्यभिक्षु जातका कन्याकेटीहरू दुई जना र कन्याकेटी एकजनासमेत तीनजनालाई रथमा राखी काठमाडौंमा तल्ला टोलहरूमा यात्रा गरिन्छ। त्यस रथयात्रामा धेरै नरनारीहरूले अनेक उत्सव, वाद्यवादन, भजन, कीर्तन आदि गरी भाग लिन्छन्। राणा सरकारको समयमा प्रधानमन्त्री देखि लिएर सारा सैनिक कर्मचारीहरूले पनि ती तल्ला टोलहरूमा हुने यात्रामा भाग लिई शहर परिक्रमा गर्ने चलन थियो। फेरि

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसै दिन काठमाडौंका तल्ला टोलहरूमा हुने रथयात्रा समाप्त भएपछि गद्दीदरबार अगाडिको डबलीमा ढुकुटीबाट झिकेर त्याई सजाइएर राखिएको सिंहासनमा उहिले-उहिले श्री ५ महाराजाधिराजका प्रतिनिधिस्वरूप तरवार राखिन्थ्यो र कहिलेकाहीं श्री ५ महाराजाधिराज स्वयं आफैं पनि राज होइबक्सिन्थ्यो। यसैलाई गद्दीमा राज हुने समारोह भनिन्थ्यो। तर आजकाल यी प्रथाहरू गरिन्नन्।

इन्द्रयात्राको बखतमा हुने त्यस रथयात्राबारे र गद्दीमा राज हुने समारोहबारे वंशावलीको कथन यस प्रकारको छ—

"उहिलेउहिले कलियुग लागिसकेपछि पनि विशेष किसिमका व्यक्तिहरूले देव-देवीहरूसँग भेटेर कुराकानी गर्न पाउँदथे। त्यसै अनुसार सपनामा एक पटक ईश्वरले बताएबमोजिम शास्त्रोक्त विधिपूर्वक आइमाईहरूले हेर्न नहुने गरी बनाइएको हीराको जन्त्रको शक्तिले राजा त्रैलोक्य मल्लले कुमारीसँग पासा खेल्न तथा कुराकानी गर्न पाउँदथे। तर एकदिन ती राजाकी छोरी गङ्गादेवीले उक्त यन्त्र हेरिदिएकीले राजा त्रैलोक्य मल्लले कुमारीसँग भेटघाट तथा पासा खेल्न नपाउने भए। त्यसले गर्दा राजाले ठूलो अपशोच मानी विलाप गर्दा सपनामा त्यस राजालाई कुमारीले जन्मैं कुरा बताई अबदेखि म शाक्यभिक्षु जातको कन्याकेटीको शरीरमा घुसेर तिमीसँग कुरा गर्छु भन्नुभएकोले शाक्यभिक्षु जातकी कन्याकेटीहरू र अन्य कन्याकेटीहरूबाट तीन जनालाई छाने र कुमारी, भैरव र गणेशको प्रतीक मान्ने चलन भएको हो। पछि फेरि राजा जयप्रकाश मल्ललाई श्रीकुमारीले एकदिन सपनामा तिम्रो राज समाप्त भयो भन्नुभयो। त्यस सपनाको कुराले गर्दा राजा जयप्रकाश मल्लले कुमारी, गणेश र भैरवको रथयात्रा बर्षेनि गरिदिने र एक भवन पनि बनाइदिने प्रतिज्ञा गर्नुभयो। त्यस प्रतिज्ञाको फलस्वरूप एकदिन राति फेरि राजा जयप्रकाश मल्ललाई अरू बाह्र वर्षसम्म तेरो राज कायम हुनेछ भन्नु भयो। अनि त्यसै वेलादेखि अर्थात् ईसवी सम्वत् १७५६ देखि राजा जयप्रकाशले आफूसहित सारा कर्मचारीहरूसमेत भई शहर परिक्रमा गरेर ठूलो उत्सवका साथ कुमारी, भैरव र गणेशको रथयात्रा चलाउनु भयो। त्यस्तै प्रकारले वर्षेनि रथयात्रा हुँदै आई बाह्र वर्ष बितिसकेपछि ईसवी सम्वत् १७६८ मा राजा जयप्रकाश मल्ल तथा सैनिक कर्मचारी हरूसमेत भई साबिक-बमोजिम काठमाडौंका तल्ला टोलहरूमा कुमारी, भैरव तथा गणेशको रथयात्रा चलाइरहेको बखतमा श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहबाट काठमाडौं कब्जा गरिबक्सी काठमाडौंको राजगद्दीमा राज होइबसियो।" यो वंशावलीका कथनानुसार नै उपर्युक्त किसिमले शाक्यभिक्षु जातका कन्याकेटीहरू र कन्याकेटालाई कुमारी, गणेश तथा भैरवको प्रतीक मान्ने, रथयात्रा गरिने र गद्दीमा राज हुने समारोहको प्रथा चलेको हो भनिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

कुमारीलाई काठमाडौं उपत्यकाको रक्षिका मानिएको छ । त्यसैले उहिलेउहिले नेपालमा नयाँ रुपियाँ पैसा निकालिदा सर्वप्रथम श्री ५ महाराजाधिराजबाट गद्दीमा राज हुने समारोहका दिन श्री कुमारीलाई चढाइबक्सेपछि मात्र प्रचलनमा ल्याइन्थ्यो भन्ने बूढापाकाहरूको कथन छ । फेरि कुमारीकै नामबाट देशको आय-व्ययको हिसाब जाँच गर्ने 'कुमारीचोक अड्डा' नामक अड्डा राखिएको हो भन्ने पनि कथन छ । यी प्रथाहरू आजकाल हटाईंदै गइरहेको छ । तर इन्द्रयात्रा समारोहका बखत राति श्री ५ महाराजाधिराजबाट कुमारीको दर्शन गर्न सवारी होइबक्सने चलन कायमै छ ।

त्यस भाद्र शुक्ल चतुर्दशीका दिन गरिने उपर्युक्त चलनहरूका अतिरिक्त राति महर्जन जातको एकजना मानिसलाई मकुण्डो र जामा लगाउन दिई 'दागि' अर्थात् डाकिनीको रूप धारण गराउन लगाई मरुहिटी टोलबाट ल्याई काठमाडौं शहरको भित्री भागबाट शहर परिक्रमा गराइन्छ । उसको साथमा त्यस वर्ष मृत्यु भएका व्यक्तिहरूका आफन्तहरूले पनि सतबीज छर्दै शहर परिक्रमा गर्दछन् । त्यसै दिन बेलुकी 'बहुमत' वा 'बैं मत' भन्ने लामा लामा बाँसमा राखिएका बत्तीहरूले पनि शहर परिक्रमा गराइन्छ । त्यसपछि दहचोकमा रहेको इन्द्रले नुहाउने भनिएको 'इन्द्रदह' नामक पोखरीमा मानिसहरू नुहाउन जान्छन् । यस चलनबारे पनि एउटा यस्तो कथा छ—"परापूर्व कालमा एक फेरा अन्धकार रातमा इन्द्रले आफ्नो आमाका निमित्त तीजको व्रत बस्ने वेलाको लागि बौद्धमतावलम्बीहरूको कथनअनुसार वसुन्धरा व्रत बस्नाको लागि पारिजातको फूल र कर्कलो चोर्न यस मर्त्यलोकमा आउनुभएको थियो । तर मानिसहरूले उहाँलाई देखी दसी प्रमाणका साथ पक्रेर पाता कसेर इन्द्रको जात्रा गर्ने अर्थात् बेइज्जत गर्ने भनी यही इन्द्रयात्राको बखत सबैले देख्ने गरी बाँधेर राखि-छोडे । यी कुरा इन्द्रकी आमाले थाहा पाई मर्त्यलोकमा आई मानिसहरूलाई गहूँ र धान पकाउन तथा पोसिलो पार्ने काम लाग्ने वस्तुहरू शीत आधा माना र कुइरो आधामानामा हुर्जाना तिरी इन्द्रलाई छुटाएर लगिन् । तर स्वर्गबाट आएकी इन्द्रकी आमासंग यस मर्त्यलोकका मानिसहरू पनि आ-आपना दिवंगत व्यक्तिहरू भेट्न जाने भनी उनको कमर समाती गए र फर्कंदाखेरि बाटो चिन्न सकियोस् भनी सतबीज छर्दै गये । इन्द्रकी आमा इन्द्रदहमा स्नान गरी स्वर्गतर्फ लागिन् , तर मानिसहरू जति बीच बाटोमा नै खसी स्वर्ग जान सकेनन् । त्यसकारण नागको शरीरमा राखिएका बत्तीको प्रमाणस्वरूप लामो बाँसमा राखिएको धेरै बत्तीहरूको उज्यालोमा खसेका मानिसहरू खोजेर घर ल्याए । यसकारण उक्त दागि इन्द्रकी आमा हुन् र इन्द्रयात्राको नामकरण पनि यसै उपर्युक्त प्रथाबाट भएको हो भन्ने किंवदन्ती छ ।

"यँया:" को अर्थ इन्द्रयात्रा हो भन्ने मानिसहरू 'भविष्यपुराणे ब्रह्मवचन' भन्ने

CC-0. In Public Domain. Digitization by eGangotri

कथनको आड लिई भन्दछन्—"भाद्र शुक्ल द्वादशीको दिन इन्द्रध्वजोत्थान गरी इन्द्रयात्रा भनी उत्सव गरी त्यसको एक दिन अगाडि जात्राम बसी चतुर्दशीको दिन इन्द्रलाई बत्ती बाली गणेश, कुमारी तथा भैरवको पूजा र यात्रा गरी समेवितरण, धारणी-स्तोत्र पाठ गरी देश परिक्रमा, दागिसंग देश परिक्रमा आदि कार्य गरेमा राजैश्वर्य स्थिर हुन्छ र मरेका व्यक्तिहरू तर्दछन्। त्यसैले इन्द्रयात्रा मनाउने गरिएको हो। यो कुराको विचार गर्दा इन्द्रयात्राको प्रथा पौराणिक कालदेखि चलेको हो भन्ने भान हुन्छ।

अब हामी एक प्रकारको किंवदन्तीअनुसार विचार गरौं। उक्त किंवदन्तीमा इन्द्रयात्राको प्रथाबारे उल्लेख गरिसकिएको कुराअनुसार इन्द्रलाई पारिजात र कर्कलो चोर्न आएको भेट्टाई पक्रेर "यं याः" बखत सबैले देख्ने गरी जात्रा अर्थात् बेइज्जत गरी स्वर्गको देवता इन्द्र मर्त्यलोकमा छ भनी चिन्ह देखाउन इन्द्रध्वजोत्थान गरिएको हो भनिएको छ।

फेरि अर्को प्रकारको किंवदन्तीमा भनिएको छ—"उहिले प्राचीन समयमा इन्द्र असुरहरूको बीचमा बराबर युद्ध हुन्थ्यो। एकपल्ट त्यस्तै किसिमको युद्धमा विजय प्राप्त गर्न इन्द्रले विष्णुको वचनानुसार ध्वजोत्थान गरी युद्ध गर्दा असुरहरूमाथि विजय प्राप्त गर्नु भएदेखि यस इन्द्रयात्राको प्रथा चलेको हो।"

अब हामी यो इन्द्रयात्रा चाडको उत्पत्ति कसरी भयो र कहिलेदेखि भयो भन्ने कुरातर्फ विचार गरौं। हुनत यो कुरा पत्ता लगाउन मुश्किलै छ तापनि नहुनु मामा-भन्दा कानो मामा बेस भन्ने उखानको अनुसरण गरी विभिन्न कथनको आधारमा केही पत्ता लगाउने प्रयत्न गर्न बेस होला।

सर्वप्रथम हामी ऐतिहासिक तथा वंशावलीको कुराको अनुसरण गर्ने मानिसहरूको कथनमा विचार गरौं। तिनीहरूका कथनानुसार पहिले द्वापरयुगमा यो काठमाडौं शहरमा महादेवको अंश भएको 'यलम्ब' नामक वीर किराती राजाले राज्य गर्दथे। त्यसैले त्यस वेला उनैले यो काठमाडौंको नाम आफ्नो नामबाट 'यं' भनी राखेका थिए। यही नामबाट आजकल पनि काठमाडौं शहरलाई सम्बोधन गरिंदैछ। तिनै राजा यलम्बले द्वापरयुगको अन्त्यमा कुरुक्षेत्रमा पाण्डव र कौरवका बीचको लडाई हेर्न भनी चार अक्षौहिणी सेना लिएर गएका थिए। तर कृष्णले उनी आएको थाहा पाई भेटेर कुराकानी गर्दा उनले कृष्णलाई म चार अक्षौहिणी सेना लिई पाण्डव र कौरवका बीच हुने महाभारत लडाई हेर्न भनी आएको छु र साथै कौरव र पाण्डवमध्ये जो हार्दछ त्यसैतर्फ लागेर युद्ध गर्ने विचार पनि गरेको छु भने। उनको कुरा सुन्न श्रीकृष्णले युद्धमा हार्ने लक्षण देख्नुभयो। अनि यदि उक्त यलम्ब कौरवतिर लागे भने

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतको लडाई कहिले पनि सिद्धिदैन र उनी महादेवको अंश भएकाले उनीलाई युद्धमा जित्न पनि मुश्किल हुन्छ भन्ने विचार गरी श्रीकृष्णले छल गरेर यलम्बको टाउको काटिदिनुभयो । तर टाउको काटिए पनि श्रीकृष्णले उनीलाई अधिकार दिनुभए अनुसार महाभारतको लडाई होउञ्जेलसम्म आकाशमा बसी लडाई हेरी लडाई सिद्धिएपछि आपनै राज्य 'यँ' काठमाडौंमा आइबसेछन् । (तिनै यलम्बको टाउको आकाशभैरव नामले आजसम्म इन्द्रचोकमा विराजमान छ र मुद्दा पर्नेहरूले मुद्दा जित्न भनी उनको खूब भक्ति गर्दछन्) । अनि यसै 'यँ' काठमाडौंका जनताले यलम्बको वीरताको कदर गरी 'यँया:' अर्थात् यलम्बको यात्रा भनी उनको टाउको मात्रको मूर्तिलाई स्थापना गरी वर्षको एकपल्ट यही भाद्र शुक्ल द्वादशीका दिनदेखि भाद्र कृष्ण चौथीसम्म इन्द्रचोकमा तल ल्याएर प्रदर्शन गरी पूजा गर्ने र यात्रा गर्ने प्रथा चलाए । यस यात्रामा पछि हुँदाहुँदा अनेक यात्रा उत्सव गाभिँदै गए । जसमा भैरव आफ्नो अगाडि आफ्नो छोरो र गणेश पछाडि आफ्नी छोरी-कुमारी राखेर शहर परिक्रमा गर्ने यात्रा, रणक्षेत्रमा उत्रने खालका देवदेवीहरूका नृत्य हुने, हलचोक भैरवको र मजिपाट लाखेको नृत्य हुने र लिङ्गो अर्थात् इन्द्रध्वजोत्थान गर्ने कार्यहरू थपिँदै गए ।

तिनीहरूको कथनानुसार इन्द्रयात्राको बखत नचाइने हलचोकका भैरव र काठमाडौं मजिपाट टोलको मजिपाट लाखे नृत्यको कुरा यस प्रकार छ :—

"कलिगताब्द ३८२५ मा राजा गुणकामदेवले महालक्ष्मीद्वारा सपनामा बताइएका कुराअनुसार इन्द्रचोकमा कान्तीश्वर महादेवको स्थापना गरी पहिले इन्द्रचोकसम्म मात्र भएको काठमाडौं शहरको क्षेत्रलाई बढाई कान्तिपुर भनी नामकरण गर्नुभएपछि उहाँले नै कान्तिपुर शहरको रक्षार्थ विभिन्न स्थानमा देवदेवीहरूको स्थापना गर्दै हलचोकमा पनि बाह्रजना गण भएका भैरवको स्थापना गर्नुभयो । त्यसपछि राजा अमर मल्लले त्यसै हलचोकमा भैरवको नाटक बनाइदिनुभयो जसमध्ये इन्द्रयात्राको बखत आठ दिनसम्म दुइजना सब, भक्कू नामक गणसहित आकाश रंगको भैरवको नृत्य नचाउने र १२ वर्षमा एकपटक सबै गणसहितको नृत्य नचाउने प्रथा पनि चलाइदिनुभयो । त्यसकारण इन्द्रयात्राको बखत सब, भक्कु र भैरवको तीन जनाको नृत्य बर्षेनि इन्द्रयात्राको बखत नचाइन्छ ।"

फेरि मजिपाट लाखेको नाच इन्द्रयात्राको बखत गर्नेबारे पनि यस्तो भनिएको छ—

"कलिगताब्द ४३५९ मा काठमाडौंको टोलैपिच्छे एक एकजना ठकुरी राजाले राज्य गरिरहेको बखत मनुष्यरूप धारण गरेको मजिपाट लाखे चिकंमुगल टोलमा रहेकी एउटी स्त्रीसंग भुलिरहेको कुरा थाहापाई त्यस लाखेलाई पक्री इन्द्रयात्राको

CC-0. In Public Domain. Digitization by eGangotri

आठ दिनसम्म नाच्न आउनुपर्ने कबोल गराएअनुसार इन्द्रयात्राको बखत मजिपाट लाखे नचाउने प्रथा चलेको हो ।"

इन्द्रयात्राको बखत इन्द्रध्वजोत्थान गर्ने प्रथा भएकोमा पनि तिनीहरूको कथन यस प्रकार छ—"काठमाडौंमा हनुमानढोका दरबार अगाडि इन्द्रध्वज उत्थान गर्ने प्रथा नुवाकोटबाट काडमाडौंमा ल्याइएको हो ।"

त्यसरी 'यँया:' मा विभिन्न प्रथाहरू वेला वेलामा गाभिंदै गएको र 'यँया:' को सट्टा 'इन्द्रयात्रा' भन्ने नामसमेत प्रचलित भएको हो भन्ने तिनीहरूको कथन छ । यस कुराको विचार गर्दा 'यँया:' वा 'इन्द्रयात्रा' द्वापरयुगदेखि मनाइएको चाड-पर्व जस्तो देखिन्छ ।

अब हामी धार्मिक कथनमा आस्था राख्ने मानिसहरूको कथनमा विचार गरौं । तिनीहरूको कथनअनुसार 'यँ' को अर्थ नै 'इन्द्र' हो ।

त्यस दिनको भोलिपल्ट अर्थात् भादगाउँमा सिद्धपोखरीको मेला लाग्ने भाद्र शुक्ल पूर्णिमाको दिन कुमारी, भैरव र गणेशको रथयात्रा काठमाडौंको माथिल्लो टोलबाट गरिन्छ र यात्रा सकिएपछि टोलटोलमा हाथुद्य: र 'दल्लुमत' नामक आकाश बत्तीको पूजा गरी चिउरा, भटमास, अदुवा र उसिनेर सांधिराखेको मासु मिश्रित समेबजी वितरण गरिन्छ । इन्द्रचोकको आकाश भैरव रहेको स्थानमा र हनुमानढोका दरबार-संगैको भैरव रहेको स्थानमा पनि समेबजी वितरण गरी 'हाथु हायेक्यगु' भनी उपर्युक्त भैरवहरूको मुखबाट बाहिर निकालिएका जाँड खुवाइन्छन् । अनि सबभन्दा पछिल्लो दिन अर्थात् आश्विन कृष्ण चौथीको दिन फेरि 'ननिचाया' अर्थात् किलागल टोलमा रहेको आफ्नी रानीलाई रथयात्रा देखाउन भनी राजा जयप्रकाश मल्लले नै चलाएको तथा एक दिन थप गरिएको यात्रा भनी कुमारी, भैरव र गणेशको रथयात्रा शहरको मध्यभाग किलागल टोलबाट गरिन्छ र आठै दिनसम्म स्थापना गरी ठड्याइराखिएको इन्द्रध्वजको लिङ्गोलाई पनि यसै दिन ढालिन्छ । यसपछि आठ दिनसम्म मनाइएको इन्द्रयात्रा समाप्त हुन्छ ।

यो चाडको बखत आठ दिनसम्म हनुमानढोका दरबार र आसपासका स्थानमा दीपावली गरिन्छ जसको लागि लाग्ने खर्च पहिले पहिले सरकारी कर्मचारीहरूको तलबबाट कटाइन्थ्यो । तर आजकल सो कर्मचारीहरूको तलबबाट बत्तीको लागि तेल खर्च कटाइने प्रथा पनि बन्द भएको छ ।

यी कथनहरू सबैमा केही न केही तथ्य कुरा रहेको देखिन्छ । तर कुनचाहिं कथन पूरारूपले सत्य हो भन्न गाह्रो छ । त्यसकारण वास्तविक दृष्टिकोणबाट विचार गर्दा

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो नेपाल कृषिप्रधान देश भएकोले सफलतापूर्वक रोपाई कार्य गर्ने वर्षा गरिदिए-को हुनाले वर्षाको देवता भनी मानिएका इन्द्रलाई अनेक प्रकारबाट उत्सव, यात्रा र पूजा गरी 'इन्द्रयात्रा' भनी चाड मनाउने प्रथा चलाइएको जस्तो देखिन्छ । जे होस्; संस्कृति नै देशको सभ्यता नाप्ने साधन हो । कुनै देशका मानिसहरू कति सभ्य र असभ्य छन् भन्ने कुरा त्यस देशको संस्कृतिले नै देखाउँदछ । अतः देशमा प्रचलित चाड वा यात्रा, उत्सव आदिबाट पनि देशको संस्कृतिको झलक देखिने भएकोले तिनी-हरूबारे खोज-तलाश गर्नु आवश्यकजस्तो देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: १७ :

दशैं

'दशैं' यो द्वचाक्षरी शब्द कहीं लेखिएको देखिएमा वा कसैबाट त्यसको उच्चारण मात्र भएको सुनिएमा पनि आबाल वृद्ध वनिता सारा नेपालीमात्रको मनमा हर्षोल्लास र शरीरमा नयाँ जोश र नयाँ होश, नयाँ उमङ्ग र नयाँ उत्साह उत्पन्न हुन थाल्दछ, किनभने यो शब्द एकताको भावना भएकाहरूको निवासस्थान नेपाल अधिराज्यका विभिन्न चाड-पर्वोत्सवमध्ये प्रमुख राष्ट्रिय चाडको नाम हो। यो चाडलाई 'दशैं' को अतिरिक्त दुर्गापूजा, विजया, टीका, नवरात्री, नौरथा पनि भनिन्छ। वर्षेनि यो चाड शरद् ऋतुमा आश्विन शुक्ल प्रतिपदादेखि प्रारम्भ भई पूर्णिमाका दिन अन्त हुन्छ।

यस चाडलाई किन विभिन्न नामले पुकारिन्छ भन्न बारेमा यस प्रकारका कथनहरू छन्—यो चाड प्रत्येक वर्ष शरद् ऋतुमा आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म जम्मा पन्ध्र दिन रहे तापनि दश दिन मात्र अर्थात् आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म मात्र भव्यताका साथ मनाइन्छ। त्यही कारणले गर्दा यस चाडलाई दश दिनसम्म मानिने चाड भन्ने नामबाट 'दशैं' भनिएको होला भनी कोही कोही भन्दछन्। तर कुनै कुनै विद्वान्हरू यस चाडको नाम दशैं रहन गएको यस चाडको बखत गर्नुपर्ने दश संयमकाल नै अपभ्रंश नामकरण भएर 'दश संगम' भन्नुपर्ने ठाउँमा 'दशैं' बन्न गएको हो भन्दछन्। यस्तै प्रकारसंग फेरि कुनै कुनै मानिसहरूले यस दशैं चाडको समयावधिभित्र पर्ने दशमीका दिन अयोध्याका राजा दशरथका ज्येष्ठ पुत्र रामचन्द्रले आफ्नी पत्नी सीतालाई हरण गरेर लैजाने लङ्काका राजा रावणलाई रणमा हराउन प्रस्थान गर्नुभएकोले यस चाडको नाम विजया रहन गएको हो भन्दछन् त कुनै कुनै मानिसहरू यही दशमीका दिन रामचन्द्रले उक्त लङ्काका राजा रावणमाथि विजय गरी असुर शक्तिलाई संहार गर्नुभएकोले नै दशैंलाई 'विजया' भनिएको हो भन्दछन्। यस चाडको बखत विभिन्न देवदेवीहरूका अतिरिक्त विशेष प्रकारले देवी दुर्गा, भवानी, भगवतीको पूजा गरिने भएको हुनाले यो चाड 'दुर्गापूजा' नामले विभूषित भएको हो। उपर्युक्त कार्यका अतिरिक्त यस चाडको समयमा दशमीकै दिन मातापिता गुरु आदि श्रद्धेय व्यक्तिप्रति आस्था र निष्ठा राखी मस्तक झुकाई टीका थाप्दै अभिमान मेटाउने प्रथा भएको हुनाले

CC-0. In Public Domain. Digitization by eGangotri

हामी नेपालीहरूले यसलाई 'टीका' नामले पुकार्ने गरेको हो। यस चाडको वेलामा नौ दिनसम्म मानिसहरूले आधा रातदेखि उठेर नवरात्रिमा नुहाउन जाने भनी गाना बजाना गर्दै एक दिनमा एउटा एउटा तीर्थस्थलमा नुहाउन जान्छन् र भगवतीले नौवटा रूप लिनुभई गर्नुभएका कार्यको बयान भएका स्तोत्र आदि पाठ गर्दछन्। अतः तिनै कार्यले गर्दा यस चाडको नाम 'नवरात्रि' रहन गएको हो।

यो दशैं चाडको महत्ववारे 'दुर्गातन्त्रे विष्णुवचनम्' भनी यस्ता कुराहरू लेखिएका छन्—'दशैं' चाडको बखत विभिन्न देवदेवीहरूका मूर्ति स्वयं देवदेवीहरू प्रवेश गर्नुभई पूजा ग्रहण गर्नुहुन्छ। त्यस कारण यस अवसरमा भैरवादि अष्ट-मातृकाहरूको मूर्ति प्रदर्शन गरी पूजा गर्नुपर्दछ। यस चाडको बखत अष्टमी र नवमी तीथिका बीच पर्ने रातिलाई 'कालरात्रि' भनिन्छ र त्यस रात्रिमा बलिसमेत दिई पूजा गर्नुपर्दछ। अनि दशमीका दिन विसर्जन पूजा गरी खड्गसिद्धि प्राप्त गर्ने अभिलाषा गर्नुपर्दछ। यस चाडको बखत गरिने कार्यबाट सिद्धि लाभ हुन्छ।

यस्तै प्रकारसंग यस चाडको उत्पत्ति विषयमा 'देवीपुराण' नामक धर्मग्रन्थमा पहिलेपहिले सत्ययुगमा देवासुर-संग्राम भएको वेलादेखि यो चाड मनाउने प्रथा चलेको हो भन्ने कुराको उल्लेख गरिएको छ।

फेरि 'विष्णुधर्मोत्तर पुराण' र 'सूर्य पुराण' आदि ग्रन्थमा पनि दशैंको महत्व र दशैंको बखत गर्नुपर्ने कार्यविषयक कुराहरूको विस्तृत वर्णन गरिराखिएका छन् जो यहाँ लेखेर साध्य छैन।

यो दशैं चाड हाम्रो यस नेपाल अधिराज्यमा यस प्रकार मनाइन्छ—यो दशैं शुरू हुनुभन्दा केही दिनअगाडिदेखि सारा नेपालीहरूले घर घरमा लिपपस, सफा-सुग्घर गरी खाने लाउने कुराको जोरजाम गर्न थाल्दछन् र आफ्नो घरबाट टाढा टाढा गइरहेका मानिसहरू पनि घर आई आ-आफ्नो गच्छेअनुसार सपरिवार बसी चाड मनाउँछन्। अरू बेलामा आगो र पानीझैं नमिल्ने व्यक्तिहरू पनि यस चाडमा बैरभावलाई त्यागेर मेलमिलाप गर्दछन्। अनि यो चाडको सबभन्दा पहिलो दिन आश्विन शुक्ल प्रतिपदाको दिनलाई 'घटस्थापना' को दिन भनी त्यस दिन प्रातः-कालमा अभ्यङ्ग स्नान आदि गरी शुद्ध भएर आ-आफ्नो कुलाचारअनुसार पूजा-कोठा, दशैं-घर आदि स्थानमा शुद्ध माटो र बालुवा राखी त्यसमा दशैंको पूजालाई नभई नहुने 'जमरा' नामक यवाङ्कुर उमार्ने जौ र मकै छरिन्छन् र घटस्थापना गरी दुर्गा भवानी भगवतीको आवाहन गरिन्छ। त्यसै दिनदेखि नवरात्रिको आरम्भ हुन्छ र त्यसै दिनदेखि नौ दिनसम्म आधारातदेखि उठेर मानिसहरूले नवरात्रिमा नुहाउन जाने भनी प्रत्येक दिन एक एक तीर्थमा नुहाउन जाने र विभिन्न देव-

CC-0. In Public Domain. Digitization by eGangotri

देवीहरू तथा दुर्गा भवानी भगवतीको पाठ पूजा, भजन, कीर्तन आदि कार्य गर्ने गर्दछन् । यस्तै कार्य घरघरमा पनि भई कर्तै शङ्ख-घण्टको ध्वनि हुन्छ त कतै डमरूको डिमडिम आवाज हुन्छ बाटोमा तरह तरहका बाजाहरूको आवाज सुनिन्छ । अनि तिनै बाजाहरूको तालमा कुनै केटाकेटीहरू नाच्दै हिंड्छन् त कुनै गीत गाएर ।

यस प्रकारका दिनचर्या तीन चार दिनसम्म गरिसकिएपछि आश्विन शुक्ल पञ्चमीको दिन काठमाडौंका पञ्चलिङ्ग भैरव (पचली भैरव) र अजिमा नामक देवीहरूको यात्रा ठूलो भव्यताका साथ हुन्छ । त्यस पञ्चलिङ्ग भैरवको विषयमा वंशावलीमा यस्तो लेखिएको छ—"कलिगत ३८२५ सालमा सूर्यवंशी राजा गुण-कामदेवले महालक्ष्मीबाट स्वप्नमा आज्ञा भएअनुसार कान्तिपुर शहर बनिसकेपछि देशरक्षार्थ अरू देवदेवीहरूको स्थापना र पञ्चलिंगेश्वर भैरवलाई गणेश अष्टमातृ-गणले सहित गरी देशको दक्षिण भागमा स्थापना गर्नुभएको थियो ।

आश्विन शक्ल सप्तमीको दिनदेखि दशैंको विशेष उत्सव हुन थाल्दछ । सप्तमीको दिनलाई फूलपाती ल्याउने दिन भनी फलफूल र पत्र आदि वस्तु भगवतीलाई पूजा गर्ने स्थानमा ल्याइन्छन् । काडमाण्डौमा यस दिन जङ्गी तथा निजामतीतर्फका उच्च पदाधिकारीहरूसमेतको एक जुलूसले जमल नामक स्थानमा फूलपाती लिन जाने गर्दछन् । यस प्रकारको कार्य नेपाल अधिराज्यभरमा मुख्य मुख्य स्थानमा गरिन्छ । यस दिन काठमाडौंको टुंडिखेलमा वढाई पनि हुन्छ । यो काठमाडौ उपत्यकाको वर्णन हो । यस्तै उत्सव नेपाल अधिराज्यभर विभिन्न स्थानमा पनि मनाइन्छ ।

त्यसपछि महाष्टमी र महानवमीको दिन दुर्गा भवानीको विशेष पूजा हुन्छ । यो दिन ठाउँ ठाउँका भगवतीका मन्दिर, पीठहरू तथा कोत मौला र घर घरमा पनि अघिदेखि चली गरिआएका विधिविधानपूर्वक पूजा आजा, पठनपाठन गरिन्छ । हाँस, कुखुरा, राँगो, बोका आदि बलि दिएर ठाउँ ठाउँमा देवी भागवत, कालिका पुराण तथा अरू स्तोत्रहरू पनि पाठ गरिन्छन् । यस दिन दुर्गा भवानी भगवती-बाहेक महाकाली, महालक्ष्मी, महासरस्वतीका प्रतीकस्वरूप आफ्ना घरमा भएका शस्त्र, धान चामल, पैसा र पुस्तकहरूमा पनि पूजा गरिन्छ । यो दिन विशेष गरीकन तलेजु भवानीको मन्दिरमा बिहान झिसमिसे उज्यालो भएदेखि मानिस-हरूको ठूलो घुइरो चल्दछ । अष्टमी र नवमीका बीचमा पर्ने रातलाई कालरात्रि भनिन्छ, जो रात वर्षदिनभित्रमा पर्ने मोहरात्रि, सुखरात्रि, शिवरात्रि र कालरात्रि नामक चार मुख्य रात्रिमध्ये पनि एक रात्रि हो । यस दिन रातमा पनि हाँस,

CC-0. In Public Domain. Digitization by eGangotri

कुखुरा, राँगो आदिको बलि चढाइन्छ । नवमी तिथिको दिन कुछि ख्वय् नामले काठमाडौ उपत्यकामा प्रख्यात छ । त्यस दिन नेवार जातिका मानिस आ-आफ्नो कुलका परिवार मात्र बसेर भोज गर्दछन् ।

त्यसपछि दशैंका मुख्य मुख्य दिनहरूमा सबभन्दा पछिल्लो दिनलाई विजया दशमी वा टीकाको दिन भनिन्छ । त्यस दिन भगवती दुर्गाको तथा अन्य देवदेवीहरूको विसर्जन पूजा गरी प्रतिपदाको दिन स्थापना गरिएको घडाको जलले अभिषेक लिइन्छ, भगवतीको प्रसाद तोरण लिई टीका लगाइन्छ । त्यसै सिलसिलामा मान्यजन तथा घरका जेठाबडा माउहरूले आफूभन्दा सानालाई आशीर्वादको रूपमा टीका लगाइदिन्छन् । त्यस्तै प्रकारले मानिसहरू आ-आफ्नो घरमा टीका लगाइसकेपछि आ-आफ्ना नातादारहरूकहाँ र मान्य व्यक्तिहरूकहाँ दशैंको लागि तयार पारी राखिएको विशेष किसिमका लुगा लगाई ठाँटिएर टीका लगाउन जान्छन् । त्यसरी टीका थापेर हिंड्ने काम पूर्णिमासम्म जारी रहन्छ । अनि पूर्णिमादेखि रमाइलो दशैं चाडको अन्त हुन्छ ।

काठमाडौं उपत्यकामा टेबहा, कोहिटी, असन, काठमाडौं, मखन, यटखा आदि टोलहरूमा तान्त्रिकमतानुसार बौद्धमार्गीहरूले पनि नवमी र दशमीका दिन खड्गयात्रा गर्दछन् ।

यो दशैं चाडको उत्पत्ति नेपालमा कुन वेलादेखि भयो भन्ने विषयमा दुई मत देखिन्छ । एक मतअनुसार नेपालमा दशैंको बखत खड्गयात्राको प्रथा भएकोले यस चाडको प्रथा नेपालमा तन्त्रयानको प्रादुर्भाव भएदेखि नै भएको हुनुपर्दछ भन्ने छ । अर्को मतअनुसार राजा हरिसिंहदेवले नेपाल सम्वत् ४४४ मा तुलजा भवानीसमेत साथ लिई नेपाल प्रवेश गरी राज्य गर्नु भएदेखि मात्र दशैं चाड मनाउने प्रथा नेपालमा चलेको हुनुपर्दछ भन्ने छ । जे होस्, यस विषयको तथ्य समयको खोज तलाश गर्ने कार्य इतिहासकार विद्वान्हरूकै जिम्मामा रहेको छ ।

यो दशैं चाडबारे बाह्य दृष्टिकोणबाट मात्र हेरी विचार गर्दा यसको उत्पत्ति धार्मिक तथा आध्यात्मिक कारणले गर्दा भएको होला र उसको उपयोगिता पनि वस्त्रको लागिभन्दा परत्रको लागि मात्र होला भने जस्तो भान पर्न आउँदछ । तर यसमाथि गहिरे विचार गरिएमा यसको उत्पत्ति धार्मिक तथा आध्यात्मिक कारणका अतिरिक्त मनोवैज्ञानिक, सामाजिक, राजनीतिक तथा स्वास्थ्यरक्षा आदि विषयका कारणबाट भएको हुनुपर्दछ र यसको उपयोगिता पनि परत्रको लागिभन्दा वस्त्रको लागि नै विशेष किसिमबाट छ भन्न सकिन्छ । किनभने यस चाडले वर्षौं वर्षौंसम्म आगो र पानी झैं नमिल्ने गरी शत्रुताको भावना भएका आफन्तहरूका मनमा मित्रताको भाव

CC-0. In Public Domain. Digitization by eGangotri

जगाइदिने, टाढा टाढा गइरहेका मानिसहरूको मनमा पनि आफ्नो घरमा फर्केर आफ्ना परिवारसँग बसी आफ्नो आर्थिक स्थितिअनुसार एक दुइ छाक खानेकुरो खाने भावना आउने तुल्याइदिने कार्यसमेत गरी सामाजिक बन्धनलाई मजबूत गरिदिनुका साथै मनोवैज्ञानिक परिवर्तनसमेत गरिदिन्छ। अर्को कुरो, यस चाडको नाताले गर्दा अरू बेलामा भएदेखि आफ्नो घरलाई सुगुरको वा कुकुराको खोरझैं फोहर पारी राख्ने र आफ्नो शरीरलाई फोहर मैलले भर्न दिई बसिरहने मानिसहरूले समेत यस चाडमा आफ्नो घरलाई सफासुग्घर राख्ने र आफ्नो शरीरमा झुत्रो भए तापनि एक दुई जोर सुकिलो लुगा लाउन इच्छा गर्ने भएको हुँदा यस चाडले स्वास्थ्य-रक्षाको शिक्षा पनि घुमाउरो तवरबाट प्रदान गर्दछ। फेरि आफ्नो देशमा सङ्कट आइपर्दा र कुतत्वहरूले दुःख दिन खोज्दा सामूहिक शक्ति निकाली त्यस्ता सङ्कट र कुतत्वहरूसँग सामना गर्न कस्सिनुपर्दछ अनि त्यसरी कस्सिन सकेमा असत्यमाथि सत्यले विजय प्राप्त गर्न सक्छ भन्ने राजनीतिक प्रेरणा पनि यस चाडबाट प्राप्त गर्न सकिन्छ। अतः यो दशैं चाड नेपालको लागि उपयोगी नै सिद्ध हुन्छ।

*

CC-0. In Public Domain. Digitization by eGangotri

: १८ :

तिहार : यमपंचक

संसारको सर्वोच्च शिखर सगरमाथा तथा सयौं शान्त सुन्दर सरोवर आदिले सुशोभित सार्वभौम सत्ता-सुसम्पन्न स्वदेश हाम्रो यस नेपालाधिराज्यमा शत सहस्रौं वर्षदेखि सालसालै मनाउँदै आइरहेका अनेकौं चाड पर्वमध्ये सर्वश्रेष्ठ सर्वोत्तम र सर्वतोमुखी भन्न सुहाउने चाड 'तिहार' हो । वर्षेनि बाक्लो बादलले व्योम र बाह्य वातावरणलाई वशमा लिने वर्षाऋतुको बेला बितेर स्वच्छ, शीतल, शरत्ऋतुको शुभागमन भइसकेपछि निर्मल नभले नौंलो नेत्र लिई निहारिरहेको बखत यो चाड देखापर्दछ । अनि कसै कसैले शास्त्रोक्त कथनको अनुसरण गरी यसलाई कार्तिक कृष्ण द्वादशीकै दिनदेखि गज र गणेशको पूजा गरी स्वागत गर्न थाल्दछन् । तर व्यावहारिक तवरबाट यस चाडलाई धेरैजसो मानिसहरूले कार्तिक कृष्ण त्रयोदशीको दिनदेखि कार्तिक शुक्ल द्वितीयाको दिनसम्म जम्मा पाँच दिन मात्र प्रत्येक दिन विविध प्रकारले पाठ, पूजा, उत्सव तथा अन्य अनेक कार्य गरी पाहुनाको रूपमा मान्दछन् ।

यस चाडमा पाँच दिनसम्म धर्मराजले पनि आफ्नो दैविक कार्यलाई स्थगित राखी आफ्नी बहिनी जमुनाकहाँ पाहुना बनी बस्न जाने गर्नुहुन्छ भन्ने किंवदन्ती छ । त्यसैले यो चाड 'यमपंचक' भन्ने नामले पनि प्रख्यात छ । यस चाडको आगमनमा मानिसहरूले आफ्नो हार्दिक हर्षोल्लास दर्शाउन गर्ने विभिन्न कार्यमा विशेष किसिमको कार्य यस चाडको बखत लक्ष्मीपूजाको दिनदेखि भाइटीकाको दिनसम्म जम्मा तीन दिन बेलुकी आ-आफ्नो घरको दैलो-संघार, झ्याल, ढोका, चोटा, कोठा, अटाली; कौसी, बरण्डा, भन्याङ आदि ठाउँ ठाउँमा दियो, पाला, पातको खोरी वा केराका सुल्लाहरूमा घिउ वा तेल हाली बत्ती बाली झलमल्ल हुने गरेर दीपावली गरिने हो । त्यसकारण यस चाडलाई 'दीपावलीको चाड' पनि भनिन्छ । फेरि यसै चाडलाई नेवारी भाषाबाट 'स्वन्ति नखः' अर्थात् 'स्वन्ति चाड' भनिन्छ । शायद यो चाडको पाँच दिनभित्रमा गाई-तिहार नामले प्रसिद्ध औंसीको दिन् ज्योषिशास्त्रअनुसार स्वाति नक्षत्रले संयुक्त भएको दिन परेकोले त्यही स्वाति नक्षत्रको अपभ्रंश नाम 'स्वन्ति'बाट यस चाडभरिकै नामकरण गरिएको हो कि ? किनभने 'गाईयात्रा' एक दिनको त्यस यात्राको आठ दिनको नाम 'गाईयात्रा' भन्ने रहेको र विजयादशमीको अपभ्रंश 'दशैं' नामले नौरथाभरिकै नाम 'दशैं' भन्ने रहेकोबाट यस कुराको अनुमान गर्न सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

तर कुनै कुनै मानिसहरूले तिहारलाई नेवारी भाषाबाट स्वन्ति नख: भनिएको बारेमा यस कुराको चर्चा गर्दछन् । पहिलेपहिले नेपाल उपत्यकामा तिहारको चाड लक्मीपूजा देखि भाइटीकाको दिनसम्म जम्मा तीन दिन मात्र मानिन्थ्यो । त्यस कारण यो चाडलाई 'स्वन्हु तिथि नख:' अर्थात् 'तीन तीथिको चाड' भनिन्थ्यो । पछि हुँदा हुँदा उक्त 'स्वन्हु तिथि नख:' भन्न थालेका हुन् । जे होस्, यस चाडका अरू नामभन्दा 'तिहार' र 'स्वन्ति' भन्ने नाम नै ज्यादै प्रचलित छन् ।

यसरी तिहार, स्वन्ति, दीपावली र यमपंचक आदि विभिन्न नामले प्रख्यात भएको यस चाडको बखत प्रकृतिका पवित्र प्रतीकहरूले प्रशस्त मात्रामा परिपूर्ण यस पुण्यभूमिको प्रत्येक परिवारले भावानुभूतिको भाव-भङ्गीमा भव्यताका साथ भाग लिएको भान पर्ने गरी भडकिलोपनले भाव व्यक्त गरी अनेक कार्यकलापहरू-लाई पनि कार्यान्वित गर्दछन् । यी कुराको विचार गर्दा यो तिहारको चाड बहाडका निमित्त मात्र नभई जीवनपर्योगी महत्वपूर्ण कुराको खानि भएको पहाड जस्तो पनि देखिन आउँछ । अनि यस चाडलाई परम्परागत चाड भनी प्रतिवर्ष भोज र मौज मात्र गरी मनाउने गर्नुको सट्टा यसलाई मनन र चिन्तनसमेत गरी केही ज्ञान प्राप्त गर्न यस चाडबारे केही खोज गर्नु आवश्यक देखिन्छ । त्यसकारण सर्वप्रथम हाम्रो यो चाड किन र कसरी मनाउँछौं भन्ने कुराको लेखाजोखा गरौं ।

यो तिहारको चाड मनाउने तरीकाबारे पद्मपुराणे ब्रह्मवचन भनी यस्तो लेखिएको छ—कार्तिक कृष्ण द्वादशीको दिन हात्ती र गणेशको पूजा, त्रयोदशीको दिन कागको पूजा, चतुर्दशीको दिन कुकुरको पूजा र स्वाति नक्षत्रले संयुक्त भएको औंसीको दिन बिहान गाई-पूजा र बेलुकी लक्ष्मीको पूजा गर्ने र अनि कार्तिक शुक्ल प्रतिपदाको दिन बिहान गोवर्धन र बलिको पूजा गरी आ-आफ्नो शरीरको समेत पूजा गरी केही खेलवाड गर्ने र त्यसको भोलिपल्ट अर्थात् द्वितीयाको दिन दिदीले भाइलाई वा बहिनीले दाजुलाई पूजा गरी तिहारको चाड मनाउने ।

यो भयो तिहारको चाड मनाउनेबारे पद्मपुराणको कथन । यसबाट हामीले तिहारको चाड मनाउनेबारे केही कुरा थाहा पाई तिहारबारे आगोको फिलिङ्गोबाट निस्केको एक झिल्कोजस्तो प्रकाश मात्र पाउँदछौं । त्यसकारण हामीले अब यस चाडबारे विस्तृत ज्ञान हासिल गर्नाको लागि चारैतिर आँखा फैलाई मन कुँदाई यस चाडको बखत गरिने व्यावहारिक कार्यविधि तथा यस चाडबारेका लोकोक्ति र शास्त्रोक्त कथन आदिको पनि विचार गर्नु बेस होला ।

दशैंको चाड आउन लागेको बेलामा झैं यो चाड आउन लाग्दा पनि केही दिन-

CC-0. In Public Domain. Digitization by eGangotri

अघिबाट घरघरमा लिपपोत, सफासुग्घर गरिन्छ पूजा र खाने कुराका सरजामहरू जोरजाम गरेर राखिन्छन्। कुनै चाडमा मासुलाई प्रधानता दिइने, कुनै चाडमा सखरखण्ड र पिंडालुलाई प्रधानता दिइने आदि कार्य गरिएझैं यो चाडको बखत अनेक थरीका मिठाई र फलफूललाई प्रधानता दिइने प्रथा छ। त्यसकारण यो चाडको समय अरू कुरामा भन्दा मिठाई र फलफूलको जोरजाम गर्नमा नै सारा ध्यान दिन्छन्। यो तिहारको बखत धनाश्रीरागको नारायणको महिमाबारेको गीत गाइन्छ।

तिहारको पहिलो दिन कागतिहार नामक त्रयोदशीको दिन पर्दछ। त्यसैले यस बिहानैदेखि घर घरबाट केटाकेटीहरू काग बोलाउन थाल्दछन्। अनि अरू बखतमा भएदेखि मानिसलाई अजम्बरी हुने मौकाबाट वञ्चित हुने गरी अमृतको घडा घोप्टयाइदिने चण्डाल झैं धेरैजसो मानिसहरूले यातना दिने खोज्ने कागलाई 'यमदूत' र 'संदेशवाहक' को प्रतीक मानी गृहस्थीहरू सबैले पूजा गरी केही खाने-कुरो ख्वाउने गर्दछन्। यो दिन कागको पूजा नगरी खाएमा पापको भागी बनिन्छ भन्ने लोकोक्ति छ। फेरि यसै त्रयोदशीको दिन भैषजशास्त्रका धन्वन्तरिले अवतार लिनुभएको दिन भनी शास्त्रोक्त कथनअनुसार यस त्रयोदशीलाई 'धन त्रयोदशी' पनि भनिन्छ, र यस दिन विशेष गरी वैद्यराज र अरूहरू पनि धेरैले धन्वन्तरिको पूजा गरी उत्सव मनाउँछन्।

त्यस दिनको भोलिपल्ट चतुर्दशीको दिनलाई 'नरक चतुर्दशी' वा 'कुकुर तिहार' भन्दछन्। यस दिन पनि मानिसहरूले बिहान सबेरैदेखि उठी स्नान आदि कार्य गरिसकेपछि यमराजको पूजा र नदीहरूमा बत्ती बगाउने कार्य गर्दछन्। त्यसपछि अरू बखत हेलाको दृष्टिले हेरिने र कसैलाई हेला गरी नामोच्चारण गर्नुपर्दा 'कुकुर' भनिने प्राणीलाई पनि 'यमदूत' र भैरवको वाहनको प्रतीक मानी अनेक खाने कुरो ख्वाई फूलमालाले सिंगारी पूजा गर्दछन्। त्यस दिन कुकुरलाई कसैले कुट्ने पिट्ने गर्दैनन्।

तिहारको तेस्रो दिन 'गाई-तिहार' र 'लक्ष्मीपूजा'को दिन नामले प्रख्यात छ। यो औंसीको दिन पर्दछ। यो दिन चाड पर्वादिमध्ये रमाइलो चाड तिहारको पाँच दिनमध्ये पनि सबैभन्दा रमाइलो दिन हो। यस दिन बिहान मानिसहरूले गाईलाई लक्ष्मीको प्रतीक मानी पूजा गर्दछन्। अनि "लक्ष्मीपूजाको रात सारा संसारमा लक्ष्मी डुल्छिन् र उज्यालो नभएको घरमा उनी जान्नन्" भन्ने लोकोक्तिको अनुसरण गरी बेलुकी आफ्नो घरमा लक्ष्मीको वास होस् भन्ने हेतुले प्रत्येक गृहस्थी-हरू आ-आफ्ना घरमा लिपपोत गरेर शुद्ध पारी घरभरि तिहारका अरू दिनभन्दा

CC-0. In Public Domain. Digitization by eGangotri

बढी बत्ती र अनेक सुगन्धी धूप बाल्दछन्, रुपियाँ, पैसा, धान, चामल, किसिम किसिमका फलफूल, रोटी, फूलका माला र चौरासी किसिमका व्यंजन आदि अनेक पदार्थ चढाई सुन चाँदीका लक्ष्मीको मूर्ति या कागजमा लेखिएका लक्ष्मीको चित्र र धनदेव अर्थात् अष्ट दिग्पालमध्ये उत्तर दिशाका दिग्पाल कुबेरको पनि पूजा गर्दछन् । साथै घरघरमा छोरीहरूलाई पनि लक्ष्मीको प्रतीक मानी पूजा गर्दछन् । त्यसै अवसरमा भकारी, सेफ र ढुकुटीको पनि पूजा गरिन्छ । यस दिन मध्याह्न समयदेखि नै लक्ष्मीको स्वागत गर्नको लागि प्रत्येक घरका केटाकेटीहरूले आ-आफ्नो घरको ढोकादेखि लक्ष्मी-पूजा हुने ठाउँसम्म डोरो पर्ने गरी लिप्दै लगेर ढोकाको, झ्यालको र भन्याङ-दायाँ-बायाँ चक्का चक्का पारेर लिप्दै तिनीहरूमाथि अक्षता, फूल, सिंदूर र फल-फूल राखी सिंगार्दछन् । यो लक्ष्मीपूजाको दिन झ्याल ढोकाहरू सबै ठाउँमा फूलका मालाहरू राखिन्छन् र घर घरका दैलाहरूमा बसी लक्ष्मीलाई अनेक गानाहरू गाई वा केही भाषा भटचाई बोलाइरहेका केटाकेटीहरूको मयालु स्वर गुञ्जिरहन्छ ।

लक्ष्मीपूजा गरिसकेपछि लक्ष्मीको फूल-प्रसाद लिई भोज खाइन्छ । यस्ता कार्यले गर्दा लक्ष्मीपूजाको दिनले भन्दा रातले हाम्रो हृदयमा चिरस्मरणीय छाप लगाइदिन्छ । लक्ष्मीपूजा गरिसकेपछि त्यस दिन आफूसंग भएको पैसा वा कुनै पदार्थ बाहिर पठाउन हुन्न लक्ष्मी जान्छिन् भन्ने लोकोक्ति छ । त्यसकारण शहरतिरका कुनै कुनै मानिसहरूले लक्ष्मीपूजाको दिन लक्ष्मीपूजा गरिसकेपछि आफूलाई नभई नहुने पदार्थ किनमेल गर्ने कार्यसमेत गर्दैनन् । तर गाउँ घरतिर यसै लक्ष्मीपूजाको राती 'भैलो' र 'द्यौसी' भाने भनी केटाकेटीहरू र युवक युवतीहरू एक एक जमात मिली भैलो गीत (एक किसिमको गीत) गाउनेलाई पैसा वा खाने कुरो दिने पनि गर्दछन् ।

लक्ष्मीपूजा गर्ने तरीकाबारे पनि लक्ष्मी कुलार्णव तन्त्रमा उल्लिखित गरिएको कुरा भनी नेपाल वर्षक्रिया नामक पुस्तकमा यस्तो लेखिएको छ—"लक्ष्मीपूजाको दिन घरमा लिपपोत गरी बढाग्सिकेपछि बिहान गाईको पूजा गर्ने, बेलुकी घरभरि दीपा-वली गर्ने र सुगन्धी धूप बाल्ने । अनि ढुकुटीमा अबीरादि पाँच रंगले लक्ष्मीको मण्डप पनि बनाई लावा, अक्षता, धान तथा सुगन्धी फूल र तेलको मण्डप पनि बनाउने । कुचो, पूर्ण जलघडाको पनि स्थापना गर्ने । अनि दही, बिमिरो, केरा, मूला आदि नाना प्रकारका फलफूल र रोटी चढाई पञ्चोपचारसहित लक्ष्मीको पूजा गर्ने । पूजा गर्दा महालक्ष्मी पहेंलो वर्णकी, पहेंलो वस्त्र धारण गरेकी, रत्नका गहना लाएकी, घुँगुरिएका कपाल भएकी, मुस्कुराएकी, पद्मको आसनमाथि ललितासन गरी कछुवाको शरीरमाथि विराजमान भएकी भनी सम्झी ध्यान र पाठ गर्ने, त्यसपछि चौरासी व्यञ्जनले संयुक्त भएको खानेकुरो र दक्षिणा चढाई प्रार्थना आदि कार्य गर्ने र लक्ष्मी

CC-0. In Public Domain. Digitization by eGangotri

को प्रसाद टीका र फूल आफ्नो परिवारले लाउने ।" आजकल पनि लक्ष्मीको पूजा गर्दा हूबहू यही कुराअनुसारको कार्य गरिन्छ । तर साँच्चै भनौं भने यही लक्ष्मीपूजाको दिन गरिने कार्यकलाप र दीपावलीले गर्दा नै तिहारको नाम नै दीपावली गरिनेबारे यस प्रकारका पौराणिक कथन यस प्रकारको छ—"बलिले थुनिएको लक्ष्मीलाई नारायणले लक्ष्मीपूजाको दिन छुटाइल्याउनु हुंदा देवताहरूले ठूलो उत्सव मनाएका थिए । त्यसै कारण सबैले आ-आफ्ना घरमा लक्ष्मीको पूजा गरी दीपावली गर्ने प्रथा चलेको हो ।" अर्को कथन छ—"बलिले पातालको राज्य यो दिन पाउँदा उत्सव मनाएकोले यो दिन उत्सव मनाई दीपावली गरिएको हो ।" फेरि अर्को कथन छ—"विष्णुले सो दिन नरकासुर राक्षसलाई मारी सुख-शान्ति दिएको उपलक्ष्यमा उत्सव मनाइएकोले यो दीपावली गरिएको हो ।" फेरि अर्को कथन छ—"यो दिन रामचन्द्रले राजसिंहासन आरोहण गर्नुभएको शुभ उपलक्ष्यमा महालक्ष्मीको पूजा गरी बत्तीको लहर लगाई उत्सव मनाइएकोले लक्ष्मीपूजा र दीपावलीको प्रथा चलेको हो ।" कोही भन्दछन्—"आर्य-संस्कृतिअनुसार नयाँ वर्षको प्रारम्भ हुन लाग्दा उत्सव मनाउने प्रथा छ । त्यसकारण हाम्रो नेपालमा नेपाल सम्वत्अनुसार नयाँ वर्ष प्रारम्भ हुने दिन भएको हुनाले लक्ष्मीपूजाको दिन भएको लक्ष्मीपूजाका साथै दीपावली गरी उत्सव गरिएको हो ।" यस प्रकारका कथनहरू धेरै छन् । यी कथनहरू सबैमा केही न केही तथ्य कुरा भएकोले कुनचाहि सत्य हो भनी छुट्टयाउन गाह्रो नै छ तापनि यो दीपावली प्रथा हर्षोल्लास र शुभसूचक कार्य हो भनेर भन्न सकिन्छ ।

अब हामी तिहारको चौथो दिनमाथि विचार गरौं । तिहारको चौथो दिन कार्तिक शुक्ल प्रतिपदाको दिनमा पर्दछ । यो दिन गोवर्धन पूजाको दिन भनी प्रख्यात छ । यो दिन गोवर्धनको, बहरहरूको र बलिराजाको पूजा गरिन्छ । हाम्रो नेपालमा नेवार जातिमा मानिसहरू यस दिनलाई म्हपूजाको दिन भन्दछन् । अरू पूजाको अतिरिक्त आफ्नो शरीरको पनि पूजा गरी भोज खाने गर्दछन् । यो प्रतिपदाको दिन गोवर्धन पूजा गर्ने चलनबारे यस्तो पौराणिक कथन छ—"उहिले द्वापरयुगभन्दा पहिले गोकुलनिवासीहरूमा इन्द्रको पूजा गर्ने प्रथा थियो तर द्वापरयुगमा कृष्णले गोकुलनिवासीहरूलाई इन्द्रको पूजा गर्ने प्रथा बन्द गराई गोवर्धन पर्वतको पूजा गराउन लगाउनुभयो । आफूलाई पूजा नगरेकोले इन्द्र रिसाई ठूलो वर्षा गराइदिए । तर श्रीकृष्णले आफ्नै हातले गोवर्धनपर्वतलाई उचाली गोकुलनिवासी गोपालहरूलाई वर्षाबाट बचाउनुभई इन्द्रको घमण्ड नष्ट गरिदिनुभयो । त्यस कार्यले गर्दा इन्द्र स्वयं कृष्णको दर्शन गर्न आए । त्यसै वेलादेखि यस दिन गोवर्धन पर्वत र बहरहरूको पूजा गर्ने प्रथा चलेको हो ।"

यसै कार्तिक शुक्ल प्रतिपदाको दिन बलिराजाको पूजा गरिनेबारे पनि यस्तो

CC-0. In Public Domain. Digitization by eGangotri

लोकोक्ति छ—"बलिराजाले लक्ष्मीलाई समेत आफ्नो कब्जामा राखिछोड्नुभएको थियो । त्यसकारण उहाँ सम्पत्तिले सुसम्पन्न हुनुहुन्थ्यो । साथै उहाँ खूब दानी पनि हुनुहुन्थ्यो र उहाँले आफ्ना घरमा जुनसुकै वस्तुको अभिलाषा गरी आएका व्यक्तिहरूलाई पनि खाली हात फर्काउने गर्नुहुँदैनथ्यो । कालान्तरमा एकदिन नारायण वामनको अवतार लिई बलिराजाकहाँ आउनुभयो । अनि वामनरूपी नारायणले बलिराजासँग तीन पाइला जमीन माग्नुभई विशाल काया धारण गरी एक खुट्टा आकाशमा र एक खुट्टा पृथ्वीमा टेकेर एक खुट्टाले बलिराजाको टाउकोमा टेकी बलिराजालाई पातालमा पठाउनुभयो । त्यसै अवसरमा नारायणले बलिराजालाई पातालको राज्य प्रदान गरी लक्ष्मीलाई उहाँको कब्जाबाट छुटाउनुभयो । त्यस बेलादेखि बलिराजाले पातालमा राज गरी यस पृथ्वीको भार वहन गरिरहनुभएको गुणको बदलामा कार्तिक शुक्ल प्रतिपदाको दिन पूजा गरिने चलन चलेको हो ।"

यस प्रकार यसै कार्तिक शुक्ल प्रतिपदाको दिन नेवार जातिहरूले 'म्हपूजा' गर्ने भनी आफ्नो शरीरको पूजा गर्नेबारे पनि शास्त्रोक्त कथन र वंशावलीका कथनहरू छन्, जसमध्ये नेपाल वर्षक्रियाको शास्त्रोक्त कथन यस प्रकारको छ—कार्तिक शुक्ल-पक्ष प्रतिपदाको दिन चन्द्रमा उदाउने प्रमाण मानेर बिहान दुइ घडी मात्र प्रतिपदाको तीथि पर्ने भए तापनि यस दिन चन्द्रमा सम्मुख पारी स्नान, दान तथा शुद्ध वस्त्र धारणादि कार्य गरी गोवर्धन र बहुरको पूजा गर्नको साथै बलिराजाको पूजा गरेको भनी विचार गरेर चन्द्रमाको पूजा गर्ने । त्यसपछि अबीर, सिन्दूर आदि पाँच रंगको घेरा भएको मण्डप बनाई त्यसको बीच आगमा तेलको मण्डप पनि बनाउने । उक्त मण्डपको वरिपरि धान, लावा, 'आँखे' नामक अक्षता र फूलले घेर्ने र मण्डपको अघिल्तिर बिमरो, केरा, ओखर तथा अनेक प्रकारका फलफूल तथा मखमली फूल, धागोको डोरो राखी सिगार्ने । अनि पूर्ण घट र कुवो तल-माथि स्थापना गरी पंचोपचारले आ-आफ्नो शरीरलाई पूजा गर्ने । त्यसपछि दही र फूलका सगुन लिई मङ्गल गर्ने । जुनसुकै कार्यमा पनि सगुन लिनु मंगल कार्य हो । सगुन लिदा चन्द्रमा नदेखिने गरी लिनु हुँदैन अमङ्गल हुन्छ । सगुन लिदा चन्द्रमालाई अगाडि वा दाहिने पार्नु पर्दछ । वर्ष दिनमा एकपटक आफ्नो शरीरको कल्याणको लागि बिहान चन्द्रमा उदाउने प्रमाणबाट आफ्नो शरीरको पूजा गरी सगुन लिनाले वर्ष दिनसम्मलाई मङ्गल हुन्छ, तर चन्द्रमा नउदाईकन त्यो कार्य गरेमा वर्ष दिनसम्मलाई अमङ्गल हुन्छ । यही कारणले गर्दा बिहान चन्द्रमा उदाउने प्रमाणबाटै कार्तिक शुक्ल प्रतिपदाको दिन नेपाल सम्वत् फेरिन्छ । यसै दिन सगुन लिएर मङ्गल गर्ने भनी दही, फूल आदिको सगुन लिने र आफ्नो जीवनस्तरअनुसार भोजन गरी मुख शुद्धिको लागि पान, सुपारी आदि पनि खाने । यो दिन रातमा सुत्न हुँदैन । पैसाको आवाज आउने गरी केही

CC-0. In Public Domain. Digitization by eGangotri

खेलबहाड गर्नुपर्दछ । यो दिन खेलिने खेलमा जितबाजी गर्ने सकेमा वर्षभरलाई अफल हुन्छ ।" यो भयो 'ह्यपूजा' गर्नेबारेको शास्त्रोक्त कथन ।

अब हामी यसै 'ह्यपूजा' गर्नेबारे वंशावलीको कथनमा विचार गरौं । उक्त कथन यस प्रकारको छ–"आजभन्दा १०८९ वर्ष पहिले काठमाडौं निवासी शंखधर (साख्वाः) नामक एकजना फौवज्जारले नेपालमा त्यस बखत ऋणी व्यक्ति भन्ने कोही नरहने गरी सारा ऋणीहरूको ऋण तिरिदिए । ऋण मुक्त गरेर 'नेपाल सम्वत्' नामक आफ्नै राष्ट्रिय सम्वत् चलाए । त्यसकारण नयाँ सम्वत् चलाइएको संझनास्वरूप वर्षेनि कार्तिक शुक्ल प्रतिपदाको दिन राष्ट्रिय चाडको रूपमा त्यस वेलाका नेपाल उपत्यका-निवासीहरूले शास्त्रोक्त कथनमा उल्लेख गरिएका तरीकाबमोजिम 'ह्यपूजा' गर्ने भनी आ-आफ्नो शरीरको पूजा गर्ने चलन गरे । त्यसै वेलादेखि 'ह्यपूजा' गर्ने प्रथा चलेको हो ।

अनि उक्त शंखधर नामक एकजना साधारण फौवज्जारले नेपाल निवासी सारा ऋणी व्यक्तिहरूलाई ऋण मुक्त गर्न कहाँबाट पैसा पाए भन्ने बारेमा यस्तो कुरा लेखिएको छ—"आजभन्दा १०८९ वर्ष पूर्व भादगाउँका एकजना ज्योतिषीले ज्योतिष-शास्त्रअनुसार साइत हेर्दा भद्रमती र विष्णुमती नदीको बीच पर्ने लखुतीर्थ नदीमा सुनको बालुवा लिन पठाए । ती मानिसहरूले उक्त लखुतीर्थको बालुवा लिई आउँदा काठमाडौंका उक्त शंखधर (साख्वाः) फौवज्जारले कुनै कामको लागि ती मानिसहरूले बोलेर ल्याएका बालुवा किनेर लिए । ती मानिसले पनि आफूले बोकी ल्याएका बालुवा साधारण किसिमका मनिठानेर बेचेछन् । तिनीहरूले फेरि लखुतीर्थबाट अरू नै बालुवा लिएर भादगाउँका ज्योतिषीलाई बुझाएछन् । तर विनासाइतको वेलाको बालुवा भएको हुनाले ती बालुवाहरू सुन नभएको भयो । यता शंखधरले किनेको बालुवामा मात्र सुन पाइयो । साधारण बालुवामा सुन पाइएको हुनाले शंखधर साहुँ ताज्जुब भए । उक्त शंखधर (साख्वाः) खूब उदार र धार्मिक प्रवृत्तिका थिए । त्यसकारण उनले विनापरिश्रमबाट प्राप्त उक्त सुनबाट कुनै एउटा ठूलो कार्य गर्ने विचार गरे । अनि आफ्नो विचारअनुसार उनले त्यस वेलाका काठमाडौं शहरका राजा जयदेवबाट स्वीकृति लिई आफ्नो देशका सारा ऋणी व्यक्तिहरूको ऋण तिरेर नेपाल सम्वत् अर्थात् राष्ट्रिय सम्वत् चलाए । त्यस वेलादेखि उक्त शंखधरको सुकार्यले गर्दा नेपाली हरू वर्गवाद जातिवादको आधारमा नामकरण भइरहेका शक सम्वत् र ठकुरी सम्वत् तथा व्यक्तिवादको आधारमा नामकरण भइराखेको विक्रम सम्वत्लाई करैले मान्नुपर्ने कार्यबाट पनि मुक्त भए । त्यसकारण उक्त महान् दिनको संझनामा 'ह्यपूजा' गरी उत्सव मनाउने प्रथा चलिआएको हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

आजकाल पनि नेपाल उपत्यकानिवासी तथा प्रवासी नेवार जातिका मानिस हरूले कार्तिक शुक्ल प्रतिपदाको दिन बेलुकी देहशुद्धि तथा कल्याण गर्नको लागि भनी हूबहू माथि शास्त्रोक्त कथनमः उल्लेख गरिएका विधिअनुसार कुचो, घैंटो, नांग्लो र यमदूतका प्रतीकस्वरूप मण्डपहरूको स्थापना गरी ह्रपूजा गर्दछन् ।

यी कुराहरू भए कार्तिक शुक्ल प्रतिपदाका दिन मनाइने तिहारोत्सवको वर्णन । अब हामी कार्तिक शुक्ल द्वितीयाका दिन गरिने कार्यकलापहरू र ती कार्यहरू गरिने कारणबारेका कथनहरूबारे विचार गरौं ।

रमाइलो चाड तिहारको अन्तिम दिन अर्थात् कार्तिक शुक्ल द्वितीयाको दिनलाई 'भातृ द्वितीयाको दिन' अर्थात् 'भाइटीकाको दिन' भनिन्छ । यो दिन दशैं चाडको 'विजयादशमी' का दिन मानिसहरूले आफना मान्यजनको हातबाट टीका थाप्ने कार्य गरेझैं आफना दिदी वा बहिनीहरूका हातबाट दाजु वा भाइले टीका लाउने गर्दछन् । त्यसरी दिदी वा बहिनीका हातबाट दाज्यू वा भाइले लाउने टीका वा लिने अनेक प्रकारका मेवा, मिष्ठान्न, फलफूल, मसला, ओखर, कटुस आदि खाद्य पदार्थहरू पहिले यमराज, यमुना, चित्रगुप्त, चिरञ्जीवीहरूको विधिपूर्वक पूजा गरिसकेर बाँकी रहेका शेष प्रसादहरू हुन्छन् । यस दिन दाज्यूभाइले आ-आफना दिदी वा बहिनीहरूले दिएका खाद्य पदार्थहरू भोजन गर्नुपर्ने र दिदीबहिनीहरूलाई केही रुपियाँ पैसा र वस्त्र दिनुपर्ने चलन छ । यो दिन आफनै दिदी-बहिनी र दाज्यूभाइ नहुने कसै कसैले सो सम्बन्ध लगाएर भए पनि भाइटीका गर्दछन् । काठमाडौंमा दाजुभाई नहुने दिदीबहिनीहरूले रानीपोखरीको बीचमा रहेको गोपालको पूजा गर्दछन् ।

यस भाइटीकामा गर्ने कार्यको महत्वबारे शास्त्रोक्त कथन यस प्रकारको छ—

"भ्रातृ द्वितीयाका दिन आ-आफना दाज्यूलाई यमराजको र भाइलाई चित्रगुप्तको स्वरूप मानी विधिपूर्वक तेलको मण्डपसमेत बनाई पूजा गर्नुपर्दछ । पूजा सकिएपछि सगुन दिई भोजन गराई मुख शुद्धिको लागि पान, सुपारी दिनुपर्दछ । तेलको मण्डप नसुकुञ्जेलसम्म प्रदान गरिने ओखर पानीले नछाडियुञ्जेलसम्म यमराज र चित्रगुप्तले दाज्यूभाई दिदीबहिनीहरूलाई रक्षा गरिराख्दछन् । अनि दिदीबहिनी, दाज्यूभाइहरू निरोगी र आयु बढेका भई वर्ष दिनसम्म महामङ्गलैश्वर्य वृद्धि भएका र कल्याण भएका पनि हुन्छन् । भ्रातृ शब्द दाज्यू र भाई दुवैलाई लाग्ने भएकोले दिदीले भाइलाई र बहिनीले दाज्यूलाई पूजा गर्ने चलन चलेको हो ।"

यही भाइटीकाको बारेमा पौराणिक कथन यस प्रकारको छ—"उहिले कार्तिक शुक्ल द्वितीयाका दिन यमुनाजीले आफना दाज्यू यमराजलाई निमन्त्रणा गरी परस्परमा

CC-0. In Public Domain. Digitization by eGangotri

भोजन, पूजन गरेर यमराजको मनोरथ पूर्ण गराइन् । त्यसै बखतम. यमुनाजीले यमराज संग 'मानिसहरूले पनि ह्याम्फैं भाइबहिनीले परस्परमा पूजनादि गरि अभीष्ट सिद्धि प्राप्त गर्न पाउन्" भनी वरदान मागिन् । यमराजले पनि "हुन्छ" भनी वरदान दिनुभयो । त्यसै कारण यस भ्रातृ द्वितीयाको दिन 'भाईटीका' गर्ने प्रथा चलेको हो ।

फेरि यही भाइटीका कार्यले गर्दा आयु समाप्त भइसकेको एकजना व्यक्तिको आयु थपिएको बारेमा एउटा प्रचलित किंवदन्ती पनि छ, जो यस प्रकार छ—

"एक समय आयु समाप्त भइसकेको एकजना व्यक्तिलाई यमदूतहरू र स्वयं यमराजसमेत आई लिन आएका थिए । तर उक्त व्यक्तिकी दिदीले यमराजसंग "भाइटीका गरुञ्जेलसम्मलाई मेरो भाइलाई नलैजानुहोस्" भनी आग्रह गरिन्, किनभने त्यस दिन भाइटीकाको दिन परेको थियो । तिनको आग्रहअनुसार यमराजले पनि उक्त व्यक्तिलाई भाइटीका गरुञ्जेलसम्म नलगी आफू र आफ्ना दूतहरूले पर्खिरहने विचार गरे । उक्त व्यक्तिलाई उनकी दिदीले विधिपूर्वक तेलको मण्डलाकार बनाई, ओखर आदि फलफूल प्रदान गरी 'ग्वेस्वाँ' नामको फूलको माला पहिराई पूजा गरिन् । साथै यमराज र यमदूतहरूलाई पनि दिदीबहिले ठूलो सेवा श्रद्धा-भक्तिपूर्वक पूजा गरिन् । तिनले गरेको आदर सत्कार सेवा र भक्तिले यमराज साह्रै खुशी हुनुभयो । अनि उहाँले दिदीबहिलाई आफ्नो इच्छानुसारको वर माग भनी आदेश दिनुभयो । त्यस अवसरमा दिदी बहिले मौका छोपी 'मेरो भाइलाई तपाईंले लैजाने नै हुनुभएको छ, किनभने मेरो भाइको आयु सिद्धिसकिएको छ । तपाईंसंग म यही एउटा वर माग्दछु—त्यो के भने मेरो भाइलाई आज मैले पूजा गर्दा दिएको ओखर पानीले नछाडियुञ्जेलसम्म बनाइएको तेलको मण्डप नसुकुञ्जेलसम्म र पहिराएको 'ग्वेस्वाँ' नामक फूलको माला नओइलाउञ्जेलसम्म तपाईंले उनलाई नलैजानुहोला' यो कुरा सुन्दा आफूलाई गरिएको पूजा र सत्कारले खुशी भएका यमराजले झुकिएर मागिएको वर प्रदान गर्नुभयो । अनि त्यही वरले गर्दा उहाँले उक्त आयु समाप्त भइसकेको व्यक्तिलाई लान पाउनुभएन, किनभने ओखर कहिले पनि पानी नछाड्ने फल थियो र ग्वेस्वाँ फूल पनि कहिल्यै नओइलाउने फूल थियो र साथै तेलद्वारा बनाइएको मण्डप पनि कहिल्यै नसुक्ने मण्डप थियो । यस प्रकारको चातुर्यपूर्ण दिदीबहिको माग र भाइटीकाको कार्यले गर्दा यमराजलाई करैले उक्त आयु समाप्त भइसकेको व्यक्तिलाई नलगी रक्षा गरिराख्नुपऱ्यो । त्यसकारण भाइटीकाको कार्य दिदीबहिनी र दाज्यूभाइहरूका लागि कल्याणकारी कार्य संझिएको छ ।"

यो कथन माथि उल्लेख गरिसकिएको यमपञ्चकविषयक कथनसंग मेल खाँदैन । किनभने उक्त यमपञ्चकसम्बन्धी कथनमा यमपञ्चकभरि यमराजले आफ्नो दैनिक

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यलाई समेत स्थगित राखी आफ्नी बहिनी यमुनाकहाँ वस्न जाने गर्नुहुन्छ भनिएको छ। तर यस कथनबाट भने यमपञ्चकका समयमित्र पनि यजराजले आफ्नो दैनिक कार्य जारी नै राखनुहुँदो रहेछ भन्ने प्रमाण देखिन आउँछ। तर यी कथनहरूका कुरा भए। त्यसकारण हामीलाई यी कुराहरूमा त्यत्तिको तर्क गरिरहनुपर्ने आवश्यकता देखिदैन।

अब हामी यो तिहारको चाड कुन वेलादेखि मनाउने गरिआएका होलान् भन्ने कुरामा विचार गरौं। यो तिहारको चाडको उत्पत्तिकालको सम्बन्धमा अनुमान लगाउनुसिवाय निश्चितरूपले भन्न गाह्रो पर्दछ। किनभने यस चाडबारेका शास्त्रोक्त कथन, पौराणिक कथन तथा लोकोक्तिअनुसार यस चाडको उत्पत्तिकालमा भिन्नता देखिन आउँछ। उदाहरणार्थ, यमपञ्चकसम्बन्धी कथनबाट यो चाडको उत्पत्ति सत्ययुगदेखि नै भएको हो कि भनेजस्तो देखिन आउँछ। फेरि यस चाडको बखत गरिने बलिपूजा, गोवर्धनपूजा, लक्ष्मीपूजा आदिबारेका कथनअनुसार विचार गर्यौं भने यस चाडको उत्पत्ति नारायणले वामन अवतार लिनुभएको वेलादेखि वा त्रेता र द्वापरयुगदेखि मात्र भएको हो कि जस्तो पनि भान पर्न आउँछ। त्यसकारण यी कथनहरूका कुरालाई एकातिर राखी विकासवाद सिद्धान्तको अनुरूप विचार गर्यौं भने यस चाडको प्रारम्भिक रूपमा उत्पत्ति मानिसहरूले पारिवारिक जीवन व्यतीत गर्न जानिसकेपछि मात्र भएको होला र पछि बखत बखतमा यस चाडमा विभिन्न पर्वोत्सव थपिँदै गएका होलान् भनी अनुमान गर्न सकिन्छ। तर भ्रमात्मक प्रमाणबाट होस् वा अनुमानात्मक प्रमाणबाट होस्, यो चाड धेरै प्राचीन समयदेखि मनाइने गरिआएको हुनुपर्दछ भनी दृढताका साथ भन्न सकिन्छ।

यो यमपञ्चक, तिहार, दीपावली, स्वन्ति, आदि अनेक नामयुक्त चाडको सम्बन्धमा उल्लेख गरिसकिएका विभिन्न कथनको आधारमा मात्र विचार गर्दा यस चाडको महत्त्व, उपयोगिता तथा उत्पत्तिका कारण केवल धार्मिक तथा आध्यात्मिक कुराहरू मात्र देखिन आउँछन्। तर यस चाडको बखत गरिने अनेक व्यावहारिक कार्यकलापहरूमा पनि दृष्टि पुऱ्याई यस चाडको लेखाजोखा गरिएमा यस तिहार चाडको महत्व, उपयोगिता तथा उत्पत्तिकारणहरूमा धार्मिक तथा आध्यात्मिक कुराहरूका अतिरिक्त सामाजिक, राजनीतिक, नैतिक तथा कूटनैतिक आदि कुराहरू पनि समावेश हुन आइरहेको फेला पार्न सकिन्छ। उदाहरणार्थ, कागतिहार नामक यस तिहार चाडको पहिलो दिन कागलाई यमदूतको प्रतीक तथा सन्देशवाहक मानी पूजा गर्ने गरिआएको, मुख्य कारणहरू धार्मिक र आध्यात्मिक कुराहरू हुन् भन्ने जस्तो देखिएका र लोकोक्ति पनि त्यस्तै भएको भए तापनि त्यस दिन वर्ष-

CC-0. In Public Domain. Digitization by eGangotri

भरिमा एकपटक कागपूजा गर्ने गरिआएको वास्तविक कारण निम्नलिखित किसिम-को देखिन्छ। एक त कागले यो संसारमा फैलिरहेका अनेक भयानक रोगका कीटाणुहरूलाई खाइदिएर मानिसहरूलाई डरलाग्दा रोगहरूबाट बचाइदिन्छ। यदि यो संसारमा काग नहुँदो हो त मानिसहरूलाई प्रचलित विभिन्न रोगबाहेक अरू कैयौं भयानक रोगहरूले हमला गर्ने थिए। त्यसकारण त्यस्ता रोगहरूबाट बचाई मानवमात्रको कल्याण गरिदिएमा कागलाई वर्षमा एकपटक पूजा गर्ने रीतिलाई विद्वान्हरूले सर्वसाधारण जनतालाई नैतिक तथा सामाजिक प्रेरणा लिन लगाइ-राखेको हुनुपर्दछ। अर्को कुरा, काग एक चंचल प्राणी पनि हो। यो जत्तिको चतुरो प्राणी संसारमा विरलै छ। यो संसाररूपी युद्धभूमिमा जीवनसंग्राम गरेर विचलित नभई कालयापन गर्न चतुर तथा चंचल व्यक्तिले मात्र सक्तछ। अतः संसारका पशु-पक्षी, कीटपतङ्ग आदि प्राणीहरूमध्ये सर्वश्रेष्ठ प्राणी कहलिएका मनुष्यमात्रलाई सुलभ र शान्त तरीकाले जीवनयापन गर्न उपयोगी चतुर्याइ गुण हासिल गराउन चतुरो प्राणी कागको पूजा गराउन लगाई कूटनैतिक प्रेरणा लिन लगाइराखेको हुनुपर्दछ।

यस्तै प्रकारले कुकुर तिहारको उदाहरण लिए पनि तिहारबारे निम्न प्रकारका वास्तविक कारणहरू देखिन आउँदछन्। तिहारको दोस्रो दिन अर्थात् कुकुर तिहार-को दिनमा कुकुरलाई पनि यमदूतको प्रतीक तथा भैरवको वाहन मानी पूजा गर्ने प्रथा छ। तर कुकुरलाई पूजा गर्न उक्त प्रथाको वास्तविक कारणहरू धार्मिक तथा आध्यात्मिकबाहेक अरू नै देखिन थाल्दछन्। यो संसारमा जन्म भइसकेपछि मानिसहरूले राजभय, चौरभय, अकाल मरणभय, परमचक्रभय, र जन्त्र-मन्त्र-तन्त्रभय आदि थुप्रो भयबाट बची जीवन बिताउन खूब होशियार रहनुपर्दछ। साथै अरूले आफ्नो लागि गरिदिएको ठूलो या सानो कार्यको गुन संझन सक्ने भइसकेमा आफूले पनि त्यस्तो गुन नै गर्ने बानी गर्नुपर्दछ। अतः यस्ता सतर्कता र गुण ग्राह्यताको गुण आफूमाथि उत्पन्न गराउन र सामाजिक तथा नैतिक प्रेरणा ग्रहण गर्न लगाउनको लागि नै कागलाई झैं कुकुरलाई पनि वर्षको एकपटक पूजा गर्ने प्रथा चलाइराखेको कुरा हुन आउँदछ। किनभने काग चतुरो प्राणी भएझैं कुकुर पनि खूब होशियार तथा कसैले आफूमाथि गरिएको गुन संझन सक्ने प्राणी संसारमा अरू पाउन गाह्रो छ।

यस्तै प्रकारसँग गाईतिहार र लक्ष्मीपूजाको तेस्रो दिन गरिने कार्यको उदाहरण दिइएमा पनि उपरोक्त कागतिहार र कुकुरतिहारको झैं मानवोपयोगी कुराहरू भेटिन आउँछन्। हुनत त्यस दिन लक्ष्मीको प्रतीक मानेर गाईलाई र लक्ष्मीको चित्र

CC-0. In Public Domain. Digitization by eGangotri

तथा मूर्तिलाई पूजा गरिन्छ, तर वास्तविक रूपमा शान्त स्वभाव अपनाई सामाजिक प्रेरणा प्राप्त गर्ने लक्ष्मीको चित्र या मूर्तिलाई पूजा गराउन लगाइराखेको कुरा सिद्ध हुन आउँछ। अनि त्यस लक्ष्मीपूजाको रातिदेखि दीपावली गर्ने प्रथा चलाइराखेको कार्यमा त पूर्णरूपले स्वास्थ्यरक्षाको कारण पत्ता लाग्दछ। किनभने देशव्यापी दीपावली गरी त्यस बखत बालिने घिउ तथा तेलको धूवाँबाट र बत्तीको रापबाट वर्षाऋतुमा उत्पन्न भइराखेका अनेक रोगका कीटाणुहरू मर्दछन्। त्यस कारण यो दीपावली गर्ने कार्यको पृष्ठभूमिमा "अँध्यारो घरमा लक्ष्मी आउनुहुन्न" भन्ने आध्यात्मिक कुराको अतिरिक्त स्वास्थ्यरक्षाको साधन बारेका कुरा पनि भएको प्रत्यक्षरूपले देखिन आउँदछ।

अब फेरि यही तिहारको चौथो दिनमा गरिने गोवर्धन र बहरको पूजा, बलिपूजा, ह्यपूजा (शरीरको पूजा) आदि कार्यको उदाहरण लिएमा पनि उपर्युक्त तिहारको अरू दिनमा गरिने कार्यमा झैं मानवोपयोगी सामाजिक आर्थिक कुराहरू लुकिराखेको पत्ता लगाउन सकेन्छ। बहरको पूजा गर्ने कार्यबाट आलस्यबाट भन्दा परिश्रमबाट सफल तथा सुखमय जीवन उपलब्ध गर्न सकिंदो रहेछ भन्ने सामाजिक शिक्षा पाई बहरले झैं परिश्रम गर्ने प्रेरणा पाउन सकिन्छ। साथै हाम्रो नेपालजस्तो कृषिप्रधान देशमा खेतको कामको लागि दरकार पर्ने पशु बयल (गोरू)-को कदर गरी खेतबाट उब्जनी धेरै गरेर आर्थिक विकास गर्ने प्रेरणा पनि बहर पूजा र गोवर्धन पूजाबाट मिल्दछ। त्यस्तै किसिमले पृथ्वी बोकिरहने व्यक्ति भनी बलिराजाको पूजा गर्नाले आफ्नो जीवनकालमा पर्िआएका अनेक विघ्नबाधा, दुःखकष्टलाई धैर्यपूर्वक सहेर बहन गर्ने प्रेरणा पाउन सकिन्छ। फेरि 'नेपाल सम्वत्' नामक नयाँ सम्वत् प्रचलन भएको खुशीयालीमा प्रत्येक नेपाल उपत्यकानिवासीहरूले उत्सव मनाएको भनी वा आत्मालाई शरीरमा बस्न दिएको गुणको बदलामा आत्माले शरीरलाई पूजा गरेको भनी ह्यपूजा (शरीरको पूजा) गर्ने कार्यबाट शरीरको रक्षा हरतरहले गर्नुपर्दो रहेछ भन्ने स्वास्थ्य रक्षासम्बन्धी प्रेरणा प्राप्त गर्न सकिन्छ।

अन्त्यमा तिहारको अन्तिम दिनमा भाइतिहार भनी दिदीले भाइलाई र बहिनीले दाज्यूलाई पूजा गर्ने कार्यको उदाहरण लिइएमा ऐनामा अनुहार देखिएझैं सांसारिक सम्बन्धको गतिविधि छर्लङ्गसंग देखिन आई सामाजिक शिक्षाको प्रेरणा मिल्दछ। यो भाइतिहारको दिन दाजुभाइ दिदीबहिनीहरूको आयु बढ्ने कार्यमा आध्यात्मिक कारण देखाइराखेको छ तापनि यस दिन गरिने कार्यको वास्तविक कारण दिदी-बहिनीहरूका साथ दाजुभाइहरूको सम्बन्ध अटूट गराउनका लागिको देखिन्छ, किनभने दिदीबहिनीले वैवाहिक जीवनमा प्रवेश गरिसकेपछि एकै आमाको पेटबाट

CC-0. In Public Domain. Digitization by eGangotri

जन्मेका दाजुभाइहरूसंग दिदीबहिनीहरू बाह्यरूपबाट देखिने गरी छुट्टिएर बसे तापनि भित्री रूपमा मन नछुट्टियोस् भन्ने हेतुले पारस्परिक सम्बन्ध विच्छेद नगराउनाको लागि नै भाइतिहार मनाउने प्रथा गराइराखेको स्पष्टतया बुझिन्छ ।

यस प्रकार चाडको पृष्ठभूमिमा हाम्रो देश, काल र परिस्थिति सुहाउँदा धेरै उपयोगी कुराहरू भएकाले यो चाड प्राचीन चाड भए तापनि आधुनिक समयको लागि उपयुक्त र सुहाउँदो छ । यो चाड मनाउनाले नेपालीमात्रलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा लायक भएर बस्ने प्रेरणा मिल्दछ । नेपाल अधिराज्यका हामी निवासीहरूमा अरू देशका जनताहरूसंग काँधमा काँध मिलाई अघि बढेर देश, नरेश तथा जनताको र आफ्नो हितको ख्याल राखी कल्याणकारी निर्माण कार्यहरू गर्ने प्रोत्साहन, अभिलाषा आदि सद्गुणहरू उत्पन्न हुन्छन् । साथै आफ्नो देशको संस्कृति पनि दिगो रहन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: १९ :

धान्य पूर्णिमा

बहुउद्देश्यपूर्ण संस्कृतिका अनुयायीहरूको निवासस्थान नेपाल अधिराज्यम प्रत्येक महीनाको धेरैजसो चान्द्रतिथिका दिनहरूलाई पवित्र दिन मानी ती तिथिका दिनमा चाड-पर्व तथा व्रतोत्सव मनाउने चलन छ । त्यसकारण त्यस्ता तिथिहरूका दिनहरूमध्ये ज्योतिषशास्त्रानुसार चन्द्रमा मृगशिरा नक्षत्रमा पर्ने मार्ग महिनाको धान्य पूर्णिमा नक्षत्रक पूर्णिमाको दिनलाई पनि यहाँ एक विशेष चाड-पर्व र व्रतोत्सवको दिन मान्ने परम्परागत प्रथा छ ।

यस पूर्णिमाको दिन पहाड तथा गाउँ घरतिर गँडु पूजा गर्ने भनी गोठमा पूजा गर्ने चलन छ । अतः पहाड तथा गाउँघर निवासीहरू यस पूर्णिमालाई 'गँडु पूर्णिमा' पनि भन्दछन् । फेरि त्यस्तै प्रकारसग काठमाडौं उपत्यकानिवासीहरूले यस पूर्णिमाको दिन नयाँ धानको चामलबाट बनेको वा पुरानो धानको चामलबाट बनाइएको पीठोले 'योमह्रि' भन्ने विशेष प्रकारको रोटी पकाएर खान्छन् । उक्त पीठोको 'योमह्रि' नामक रोटी चाकुको झालमा तिलको धूलो मिसाइएको पदार्थ-भित्र राखी अंडीर फलको आकार पारेर बनाइन्छ । यो पूर्णिमाको दिन बेलुकी साँझ परेपछि तिहारको बखत पहाडतिर 'भैलो' र 'द्यौसी' माग्न आउनेहरूले झैं विशेष किसिमको भाषा भटघाई माग्न आउने ठिठाठिठीहरूलाई 'योमह्रि' रोटी वितरण गरिन्छ । त्यसकारण त्यस रोटीको नामबाट काठमाडौं उपत्यकामा यो पूर्णिमा 'योमह्रि' भनेर मनपर्ने रोटीलाई र 'पुन्ही' भनेर पूर्णिमालाई भनिन्छ ।

यस धान्य पूर्णिमाको महत्वबारे 'विष्णुपुराणे नारायण वचन' भनी यस्तो लेखिएको छ—

"मार्ग शुक्ल पूर्णिमाका दिन धान वा चामल राखिएको भकारीमा रोटीका कुबेर लक्ष्मी र गणेश बनाएर राखी चार दिनसम्म दिनदिनै विधिपूर्वक पूजा गरी रोटीहरू चढाउने अरूलाई दान गर्ने र आफूहरूले पनि खाने । यस कार्यले गर्दा एक वर्षसम्मलाई धनसम्पत्ति र अन्न स्थिर रहन्छन् र साथै लाभ पनि हुन्छ ।"

फेरि यसै पूर्णिमाका दिनको महत्वबारे र यस दिन खाइने तथा दान गरिने 'योमह्रि' नामक रोटीको बारेमा 'रत्नावदाने बुद्ध-वचन' भनी यस्ता कुराहरू लेखिएका छन्—

CC-0. In Public Domain. Digitization by eGangotri

"मार्ग शुक्ल पूर्णिमाका दिन पाँचाल देशनिवासी सुचन्द्र नामक गृहस्थ महाजनको सम्पत्ति कतिका भक्तजन रहेछन् भनी बुझ्न कुबेर एक दिन बिहान दरिद्रको रूप धारण गरी हातमा एउटा बिमिरो लिई उक्त महाजनको घरमा माग्न जानुभयो। सुचन्द्र गृहस्थकी धर्मपत्नी सुशीला थिइन्। त्यसकारण तिनले झ्यालबाट तल हेर्दा एक दरिद्र पुरुषले आफ्नो घरमा माग्न आएको देखी झटपट तल ओर्लेर उक्त दरिद्र भेष-धारी कुबेरलाई आदर सत्कार गरी घरमाथि लगेर नयाँ लुगा लाउन दिई सम्मान-पूर्वक अनेक खाद्य पदार्थहरू खुवाइन्। तिनले खाएका मीठा-मीठा अनेक खाने कुरो खाई सन्तोष भएका दरिद्र भेषधारी कुबेरले खुशी भएर गुप्त कुरा प्रकट गर्दै सुचन्द्र गृहस्थकी धर्मपत्नीलाई आफ्नो सकली रूप देखाउनुभयो। उहाँले तिनलाई चाहिंदो ज्ञान र बुद्धिका कुरा सुनाई आफूले लिएर आएको बिमिरो पनि तिनैलाई प्रदान गरेर अन्तर्ध्यान भएर जानुभयो। कुबेरले ज्ञान र बुद्धिका कुरा बताउँदा भन्नुभएका कुरा सबै आफ्ना स्वामी सुचन्द्र गृहस्थलाई सुनाएर सल्लाह गरी उक्त सुचन्द्र गृहस्थकी धर्मपत्नीले कुबेरको वचनानुसार तिलको धूलो र चाकुको झोल मिश्रित पदार्थ भित्र राखी चामलको पीठोको 'योमह्रि' रोटी र रोटीकै कुबेरदेव बनाई अन्न राख्ने भकारी भित्र राखिन्। अनि कुबेरले प्रदान गर्नुभएको बिमिरोलाई पनि त्यहीं स्थापना गरी विधिपूर्वक चारदिनसम्म छोपेर राखी पूजा गरिन्। त्यस कार्यमा साथै अन्न, द्रव्य र त्यस 'योमह्रि' रोटी अरूलाई दान गरिन्। योमह्रि रोटी आफूहरूले पनि खाए। उक्त कार्यको प्रभावले गर्दा सुचन्द्र गृहस्थ महाजनको घरमा धनसम्पत्तिको वृद्धि भयो र जति जति खर्च गर्‍यो त्यति त्यति बढेर आउने पनि भयो। त्यसैले सोही बेलादेखि उपर्युक्त किसिमले मार्ग शुक्ल पूर्णिमाका दिन चाड-पर्व मनाउने प्रथा चलेको हो। यस दिन चाड-पर्व मनाएको कार्यले गर्दा घरमा धनसम्पत्ति, अन्न आदिबाट दुःख हुँदैन, निःरोगी भएर शरीर पुष्ट हुन्छ।"

सो धान्य पूर्णिमा अर्थात् मार्ग शुक्ल पूर्णिमाका दिन थोरै मानिसहरूले माथि उल्लेख गरिएका शास्त्रोक्त वचनानुसारका कार्य गरी चाडपर्व र व्रतोत्सव गर्दछन्। तर धेरैजसो मानिसहरूले यस प्रकारका कार्यहरू गर्दछन्। बिहानपख अरू अरू चाड-पर्व र व्रतोत्सवका दिनहरूमा झैं नुहाइधुवाइ देव-देवीहरूको दर्शन, पूजन, भजन गर्दछन्। साथै धान्य दान पनि गर्दछन्। यो दिन विशेष गरीकन स्वयम्भू चैत्य रहेको स्थान व्रत-उपवास बस्ने मानिसहरू धेरै हुन्छन्। कुनै कुनै मानिसहरूले यो दिन देवालमा पूजा पनि गर्दछन्।

यो पूर्णिमाका दिन काठमाडौंदेखि पाँच कोस जति पूर्वस्थित बनेपा नामक स्थान-मा रहेको धनेश्वर महादेवको मेला लाग्दछ। हजारौं नर नारीहरू मेला भर्न त्यहाँ

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छन् र उक्त महादेवको दर्शन पूजन गरी । जाग्राम बस्ने, बत्ती बाल्ने आदि कार्य-हरू गर्दछन् ।

यो पूर्णिमाका दिन गरिने कार्यहरूका कारण पनि उपर्युक्त शास्त्रोक्त वचनानुसार विचार गर्दा धार्मिकै जस्तो देखिन आए तापनि वास्तविक दृष्टिकोणबाट विचार गर्दा अरू अरू चाड-पर्वहरूको वास्तविक कारणहरूझैं स्वास्थ्य लाभका तथा नयाँ धानजस्ता नयाँ नयाँ पदार्थहरूको पैदाइश गर्ने प्रेरणा लाभका कुराहरू देखिन आउँछन् । अनि यस पर्वोत्सवको उत्पत्ति पनि नयाँ धानबाट प्राप्त चामलको विभिन्न प्रकारले प्रयोग गर्ने ज्ञान प्राप्त भएको वेलादेखि भएको होला भनी अनुमान गर्न सकिन्छ ।

☆

CC-0. In Public Domain. Digitization by eGangotri

: २० :

मकर-संक्रान्ति

हाम्रो नेपाल अधिराज्यमा मनाइने विभिन्न चाड-पर्वादिमा स्नान, दान आदि कार्यको ठूलो महत्व दर्शाएको चाड 'मकर संक्रान्ति' नामक चाड हो। यो चाड वर्षेनि ज्योतिष-शास्त्रानुसारका मेष, वृष, मिथुन, कर्कट आदि १२ राशिहरूमध्ये मकर नामक दशौं राशिमा जुन दिन सूर्यले प्रवेश गर्दछ त्यही दिन मनाइन्छ। यो दिन सालसाले गतेको (सौर तिथिको हिसाबले) माघ महीनाको पहिलो दिन पर्न आउँदछ र यसै दिन देखि सूर्यको उत्तरायणको पनि प्रारम्भ हुन्छ। त्यसैले मकर राशिको नामबाट नै यो चाडको नाम मकर संक्रान्तिको चाड भन्ने नामकरण भएको छ।

हामी नेपालीहरूमध्ये नेवार जातिहरू यो चाडलाई यसै दिन खाइने तिलको लड्डू घिउ, चाकु आदि मुख्य मुख्य खाद्य पदार्थको नामबाट 'हामो संल्हु र घ्योचाकु संल्हु' भन्दछन्। किनभने नेवारी भाषाबाट संक्रान्तिलाई 'सल्हु' भनिन्छ। अनि 'हामो' भनेर तिललाई र 'घ्य. चाकु, भनेर घिउ चाकुलाई भनिने हुनाले 'हामो सल्हु'को मतलब तिल संक्रान्ति र घ्यः चाकु संल्हुको' मतलब घिउ चाकु संक्रान्ति हुन जान्छ।

शास्त्रमा यो मकर संक्रान्तिको ठूलो माहात्म्य बताइएको छ। 'भविष्यपुराणे विष्णुवचन' भन्ने कथनानुसार यो संक्रान्तिको महत्वबारे यस्तो कुरा लेखिएको छ— मकर संक्रान्तिको दिन स्नानादि कार्य गरी घिउ, चाकु, तिलको लड्डू, सागपात, तरुल पानीको भाँडो र मकल आदि पदार्थसहितको सिधा दान गरेर आफूले उपर्युक्त प्रकारका खाद्य पदार्थ खानाले शरीर पोषिलो हुनाका साथै निरोगी होइन्छ।

फेरि धर्मसिन्धु नामक ग्रन्थमा पनि यस संक्रान्तिको बारे यस्तो कुरो लेखिएको छ—"मकर संक्रान्तिको दिन जो व्यक्तिले नहाइ धुवाइ गर्दैन त्यो व्यक्ति सात जन्मसम्म रोगी र निर्धन हुनेछ। सन्तानरहित व्यक्तिले यो दिन उपवास गर्नुपर्दछ। तर सन्तान भएकोले उपवास गर्नु हुँदैन। श्राद्ध गर्न हुने व्यक्तिले यो दिन श्राद्धसमेत गर्नु आवश्यक छ। यस दिन तिल दान र वस्त्र दान गर्नाले विशेष फल प्राप्त हुन्छ। यस दिनको कार्यले मानिस निरोगी हुन्छ।

यीबाहेक यस चाडको बखत नदीहरूका दोभान परेका देउघाट, शखमूल, टेकुदोभान, पनौती, दोलालघाट आदि तीर्थहरूमा मकरको मेला लाग्दछ। त्यसमा पनि सूर्यपुत्री यमुना र भगवान्को चरणादिक रूप गङ्गाजीको संयुक्त जल भएको तीर्थस्थान प्रयागमा ठुलो मेला लाग्दछ र वर्षेनि हजारौं नेपाली नरनारीहरू त्यस स्थानमा गई

CC-0. In Public Domain. Digitization by eGangotri

स्नान, दान तथा श्राद्धादि कार्य गर्ने गर्दछन् । कोही कोही त त्यहीं प्रयागमा महीना-भर कल्पवास गर्ने पनि हुन्छन् । यस मकर मेला पर्वको निमित्त गङ्गासागरमा समुद्रले समेत यात्रीका निमित्त ठाउँ छाडिदिन्छन् भन्ने किम्वदन्ती छ । त्यसै किम्वदन्ती अनुसारको कार्य पनि प्रत्यक्ष रूपले हुन्छ । अतः समुद्रको यस प्रत्यक्ष मर्यादाले पनि यस चाडको वखत गङ्गासागरमा प्रत्येक वर्ष नेपाली तीर्थस्थलहरूमा जान अनुकूल नमिलेका मानिसहरूले अरू कहीं नजीकका तीर्थहरूमा वा आफ्नै घर वा डेरामा भए पनि स्नानादि नित्य कर्म गरी अन्नवस्त्र दान गर्दछन् ।

यो चाडको समय अरू कुनै रागको गीत गाउन नहुने प्रथाले गर्दा 'बाह्रमासे' रागको गीत गाउने गर्दछन् ।

यस चाडको उत्पत्ति कुन कारणले गर्दा भयो होला भनी विचार गर्नु परेमा यथि उल्लेख गरिसकिएका शास्त्रोक्त वचन वा कथनहरूको मात्र आधार लिइएमा यो मकर संक्रान्तिको चाड खालि पारलौकिक तथा आध्यात्मिक कारणबाट उत्पन्न भएको जस्तो देखिन आउँदछ । त्यस कारण यस चाडदारे शास्त्रोक्त वचनको मात्र आधार नलिई नेपालका अरू चाडसरह यस चाडको वखत गरिने विभिन्न विधिहरूको पनि आधार लिइएमा यस चाडको उत्पत्ति शारीरिक र मानसिक लाभ हुने दृष्टिकोणबाट भएको बुझिन आउँछ । उदाहरणार्थ यस चाडको वखत खाइने तथा दान गरिने खाद्य पदार्थहरूमा घिउ, चाकु, तिलको लड्डू आदि वैद्यशास्त्रानुसार शरीरमा गरमीको मात्रा बढाई तागत दिने पदार्थ हुन् । अनि छोराछोरीहरूको टाउकोमा लगाइदिने वा शरीरमा घसिदिने गेडी मास हार्ला पकाइएको तेल पनि शीतदोष शान्त गरी गरमीको मात्रा बढाइदिने हुन् । फेरि अधिकांश रोगको उत्पत्ति चर्मसम्बन्धी मलिनताबाट र उदरको अशुद्धिबाट हुने भएकोले यस चाडको वखत गरिने स्नान, तेलको कार्य र खाइने वस्तुबाट धेरैजसो रोगहरू नाश भई निरोगी बन्ने हुन्छ । यस प्रकार यो दिन दाउरा र मकल दान गरी आफूले पनि मकल ताप्ने कार्यबाट पनि शरीरमा गरमी पुऱ्याउन सकिन्छ । यसरी यस वखत गरिने कार्यहरू सबै आफू र अरूहरूको समेत शारीरिक र मानसिक कल्याणको लागिको भई वैज्ञानिक ढङ्गको देखिन आउँदछ र साथै विभिन्न तीर्थस्थलहरूमा गई नुहाउन जानाले पर्यटनबाट हुने आनन्द प्राप्त भई मानसिक विकासमा सहायता गर्दछ । यी उपर्युक्त कारणहरूले गर्दा यो चाडको वास्तविक तात्पर्य बुझी मनाउने गरिएमा आधुनिक समयको लागि समेत उपयुक्त देखिन्छ । कारण यो चाड मनाउनाले हेमन्तऋतुको जाडोले गर्दा कुङ्कुक्क परेको मन तथा शरीरलाई स्फूर्ति प्रदान गरी आ-आफ्नो परिवारको तथा देशको विकास गर्ने प्रेरणा मिल्दछ र साथै आफ्नो देशको हावापानीअनुसारको संस्कृतिको पनि रक्षा हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: २१ :

श्रीपंचमी : वसन्त पंचमी

नेपाल अधिराज्यका परम्परागत चाड-पर्वहरूमध्ये माघ शुक्ल पंचमीको दिन मनाइने श्रीपञ्चमी वा वसन्त पञ्चमी नामले प्रख्यात सारस्वतोत्सव पनि एउटा हो।

यो पवित्र पर्वोत्सवको दिनदेखि पञ्चमीको व्रत प्रारम्भ हुन्छ। यस विषयमा लक्ष्मीले नारदलाई जुन सौभाग्यवती स्त्रीले यस माघ शुक्ल पञ्चमीको दिनदेखि छः वर्षसम्म प्रत्येक महीनाको पञ्चमीको दिन व्रत बस्तछे त्यो स्त्री उहाँझैं नै सुखी र पतिकी प्यारी हुन्छे भनी उपदेश गर्नु भएको थियो भन्ने पौराणिक कथन छ। त्यसै कारणले गर्दा यस दिनको नाम 'श्रीपञ्चमी' रहन गएको हो। फेरि ऋतु विज्ञान-अनुसार चैत्र र वैशाख दुई महीनालाई शुद्ध वसन्तऋतु मानिएका छ तापनि वासन्ती प्रकृतिको पूर्वरङ्ग यसै माघ शुक्ल पञ्चमीको दिनदेखि देखिई रूख तथा बिरुवामा नयाँ नयाँ पालुवाहरू देखिने, मानिसहरूको मानसिक प्रकृति बदलिने, शिशिरऋतुको बखतको मन्दा बेरलै किसिमको हावा बहने र बाह्य वातावरणले समेत प्रमुदित रूप धारण गऱ्यो कि भन्ने भान पर्ने हुनाले यसै दिनलाई वसन्त-ऋतुको पहिलो दिन मानी वासन्तोत्सव गर्ने प्रथा छ। यही कारणले गर्दा यस दिनको अर्को नाम 'वसन्त पञ्चमी' राखिएको छ।

यो पर्वोत्सव यस प्रकार मनाइन्छ। यो वसन्त पञ्चमी वा श्रीपञ्चमीको दिन-बिहान सबैरै देखि स्नानादि कार्यद्वारा देहशुद्धि गरी जगदम्बा वीणापाणि सरस्वतीको र पुस्तक, कलम तथा मसिनीबहरूको पूजा पुष्प धूपादि षोडशोपचारसहित गरिन्छ। सरस्वतीको स्तोत्र पाठ पनि गरिन्छ र ठाउँ ठाउँमा धमार र वसन्त रागका गीत गाई डफा बजाउन थालिन्छ। कुनै-कुनै मानिसहरूले यस दिन सरस्वतीको पूजा गर्नाका साथै 'हेमाद्रि' नामक धर्मग्रन्थमा उल्लेख गरिएका कथनानुसार विष्णुको पनि पूजा गर्दछन्। यस्तै प्रकारसंग कोही कोही यस दिन कृष्णको पूजा गरी आपसमा अबीर हाली फागु पनि खेल्दछन्। फेरि कुनै कुनै मानिसहरूले त 'चरक संहिता' नामक ग्रन्थमा लेखिएका कथनानुसार रति र कामदेवको समेत पूजा गर्दछन्। माथि उल्लेख गरिसकिएको कथनसंग मिल्ने गरी नेपाल अधिराज्यका तराई निवासी नेपालीहरू यस दिन आफना इष्टमित्र, नाता कुटुम्ब र परिवार जम्मा भई ठुलो हर्षोल्लासका साथ अबीर खेली फागुको बेलामा झैं उत्सव मनाउदछन्। नेपाल अधिराज्यका उपत्य-

CC-0. In Public Domain. Digitization by eGangotri

का र पहाडका मानिसहरू त्यसमा पनि विशेष गरीकन माघ स्नान गर्ने व्यक्तिहरू सफा र शुद्ध वस्त्र पहिरी माधव नारायणको वाद्यादिका साथ भजन गर्दै खूब रमणीय यात्रा गरेर विभिन्न स्थानमा रहेका सरस्वतीको दर्शन गर्न जान्छन् । कुनै कुनै व्यक्तिहरू त माघ महीनाको विहानको जाडोको कत्ति पनि परवाह नराखी नाङ्गो शरीरले 'सहस्र धारा' नामक पानीको घैंटो बोकी उपर्युक्त स्थानहरूमा जान्छन् । यस दिन काठमाडौं उपत्यकामा देउपाटन वत्सलानिरकी सरस्वती, टुकुचाको किनारकी सरस्वती र ठिमी सरस्वतीखेलकी सरस्वतीको, दर्शन, पूजन गर्न जाने तथा लेलेको सरस्वतीकुण्डमा नुहाउन जाने यात्रीहरूको ठूलो घुइँचो हुन्छ । त्यसमा पनि विशेष गरेर बौद्धमतावलम्बीहरूले मञ्जुश्री बोधिसत्व भनी पुकार्ने स्वयम्भू स्थाननिरकी सरस्वतीको दर्शन-पूजन गर्न जाने व्यक्तिहरूको भीड ज्यादै घेरै हुन्छ । यस दिन त्यस स्थानमा रहेका भित्ताहरूमा 'नमो वागीश्वराय' भनी सरस्वतीको नाम लेखिरहेका तथा स्मरणशक्ति बलियो पार्न भनी सरस्वतीको छातीमा हातले छोएर आफनो छाती मा छुवाइरहेका र सरस्वतीलाई पूजा गरिएका अक्षताहरू सात गेडा दाँतले नछुने गरी खाइरहेका बालबालिकाहरूको ताँति मिलेर बसिरहेको दृश्य खूब रमणीय हुन्छ ।

यो पर्वोत्सवको दिन काठमाडौं हनुमानढोका दरबारमा शास्त्रोक्त विधि-विधान-पूर्वक शुभमुहूर्तको समयमा वसन्त श्रवणको महोत्सव एक भव्य समारोहका साथ सम्पन्न हुन्छ । त्यस उत्सवमा श्री ५ महाराजाधिराजसमेत उच्चपदाधिकारीहरू पनि उपस्थित हुन्छन् । त्यस अवसरमा सर्वप्रथम गुरुपुरोहितद्वारा गीतगोविन्दोक्त वसन्त श्रवण हुन्छ । तदुपरान्त वस्ताद, भाटहरू तथा वेनवाट पनि वडो रमणीय तवरसंग वसन्त श्रवण गराउने कार्य हुन्छ ।

यो उपर्युक्त कार्यका अतिरिक्त यस श्रीपञ्चमी वा वसन्त पञ्चमीको अघिल्लो दिन बेलुकी काठमाडौं उपत्यकाका बालबालिकाहरू तथा आइमाईहरूले वसन्त पञ्चमी वा श्रीपञ्चमीको अघिल्लो दिन सरस्वती वर्षेनि ह्रासको बाटो गरी नेपाल आउनु-हुन्छ र सरस्वतीको थकाइ मेटाउन भनी सरस्वतीका मूर्तिहरूमा तेल घसिदिने गर्दछन् ।

यो श्रीपञ्चमी महोत्सवको महत्वबारे 'स्वयम्भूपुराणे बुद्धवचन' भनी यस्तो कुरा लेखिएको छ—"माघशुक्ल पञ्चमीलाई 'मञ्जु पञ्चमी' भनिन्छ र यस दिन जुन व्यक्तिले मञ्जुश्रीको स्तोत्र, जप, पाठ र पूजा, श्रद्धा भाव भक्तिका साथ गर्दछ त्यो व्यक्ति दरिद्र भए धनी र अज्ञानी भए ज्ञानी बन्नेछ ।" फेरि 'गान्धर्वपुराणे विष्णुव चन' भनेर पनि यसै पञ्चमीको महत्वबारे यी कुराहरू लेखिएका छन्—"माघशुक्ल पञ्चमीको दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरिएमा सर्वसिद्धि प्राप्त हुन्छ ।"

CC-0. In Public Domain. Digitization by eGangotri

यो माघशुक्ल पञ्चमीको दिन मनाइने सारस्वतोत्सवको महत्वबारे माथि उल्लेख गरिएका कथनहरूउपर वाह्य दृष्टिकोणबाट मात्र विचार गर्दा यसको उत्पत्ति [धार्मिक तथा आध्यात्मिक कारणबाट मात्र भएको जस्तो भान पर्न आउँदछ । यस-कारण यस पर्वोत्सवको उत्पत्तिको वास्तविक कारण पत्ता लगाउन यो पर्वोत्सवको समय यो पर्वोत्सव मनाइने व्यावहारिक कार्यहरूतर्फ पनि ध्यान दिनु उचित होला जस्तो देखिन्छ, किनभने यो पर्वोत्सव सर्वप्रथम मानिसहरूको मानसिक प्रकृति फेरिई अरू समयमा भन्दा चञ्चल भइरहने वसन्तऋतुको पूर्वरङ्ग देखिने समयमा मनाइने भएको हुनाले माथि उल्लेख गरिएको गान्धर्व पुराणको कथनअनुसार काम भई यस बखत विद्यारम्भ गरिएमा अरू बेलामा भन्दा स्मरणशक्ति बलियो भई विद्या आई सर्वसिद्धि प्राप्त हुने नै भयो । फेरि जुन सुकै कार्य गर्दा पनि कोही सहायता भएकोमा निडरपूर्वक सफल पार्न सकिने काम सहायता नभएमा झिनो असफल हुन सक्छ । यसकारण विद्या की देवी भनी मनले ठानेर सरस्वतीको पूजा गर्दा सरस्वतीको सहायता पाएको जस्तो भई मनोबल बढी विद्याध्ययनको काम सफल पार्न सकिने पनि भयो । यी कुराहरूको विचार गर्दा यस पर्वोत्सवको उत्पत्तिको कारण मनोवैज्ञानिक कुरा पनि देखिन आउँदछ । यस पर्वोत्सवको बखतमा स्नान तथा गीत गाउने गर्नाले वैद्यशास्त्र-अनुसार स्वास्थ्य रक्षाको काम पनि हुन्छ । किनभने स्नानादि कार्यले गर्दा शरीर सफा रहन्छ र गीत गाउने गर्नाले यस पर्वोत्सवको समयमा मानिसहरूलाई हुने कफको रोग नाश हुन्छ । यसकारण यस पर्वोत्सवको उत्पत्तिको अर्को कारण स्वास्थ्यरक्षा पनि हो भन्न सकिन्छ । फेरि यस पर्वोत्सवको बखत पूजा गरिने सरस्वतीको वाहन हाँस हो भनिएको छ । अतः यदि ती सरस्वतीको वाहन हाँसलाई हाँसको दृष्टिकोणबाट मात्र हेर्नुको सट्टा हाँसले दूध र पानी छुट्टयाएझैं हामीले पनि झूठे कुरालाई सत्य वा असत्य कुरा भनी छुट्टयाउने शक्ति प्राप्त गर्ने प्रेरणा लिनुपर्दछ भनी विचार गर्यो भने यस पर्वोत्सवको उत्पत्तिको अर्को कारण नैतिक ज्ञान प्रदान गर्नलाई पनि रहेछ भन्ने देखिन आउँदछ । यी कुराहरूको अतिरिक्त यस पर्वोत्सवले सरस्वतीलाई झैं विद्वान् तथा ज्ञानी गुणी व्यक्तिहरूको आदर सत्कार गर्ने प्रेरणा पनि प्रदान गर्दछ । यसकारण यस्ता पर्वोत्सवहरू मनाउनाले देशको संस्कृतिको रक्षा हुनुको साथै हाम्रा विद्वान् पूर्वजहरूले अदृश्य तवरले प्राप्त गर्न सिकाइराखेका मनोवैज्ञानिक, वैज्ञानिक, नैतिक आदि शिक्षाहरू प्राप्त गर्न हामी सदा समर्थ भइरहने नै छौं भन्न सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

: २२ :

शिवरात्रि

शिव, रुद्र महेश अर्थात् महादेव आदि विभिन्न नामले विभूषित ईश्वर श्रीपशुपतिनाथ ज्योतिर्मय लिङ्ग विराजमान हुनुभएको देश नेपाल अधिराज्यका विभिन्न चाड-पर्वोत्सवमध्ये शिवजी उत्पत्ति हुनुभएको रातको नामले नामकरण भएको तथा मोहरात्रि, कालरात्रि, सुवरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिहरूमा नाम गनिएको 'शिवरात्रि' पनि एक ठूलो विशेषता भएको एक पवित्र पर्वोत्सव हो ।

यो पर्वोत्सव प्रत्येक वर्ष फाल्गुन कृष्ण चतुर्दशीको दिन मनाइन्छ । यसको बारे यस्तो कथन छ—फाल्गुन महीना शिशिरऋतुको दुई महीनामध्ये पछिल्लो महीनामा पर्दछ र यस महीनामा माघ महीनाको बखत महादेवको रुद्रतत्व अर्थात् जगत्लाई रुवाउने वा संहार गर्ने तत्वले गर्दा पत्रविहीन भई जीर्ण-शीर्ण भइरहेका रूख, बिरुवा तथा झारहरू उनै महादेवको शिवतत्व अर्थात् जगत्को कल्याण गर्ने तत्वले गर्दा पलाउन थाल्दछन् । त्यसरी जीर्ण-शीर्णलाई समाप्त गरी नवीनताको रूप प्रदान गर्ने शिवतत्व स्पष्टरूपले प्रकट हुने महीना भएकोले फाल्गुन महीनामा यो शिवरात्रि पर्वोत्सव मनाउने गरिएको हो ।

यो पर्वोत्सव यस्तो प्रकारले मनाइन्छ—बिहान सबेरैदेखि मानिसहरूले अरू अरू चाड-पर्व मनाउँदा झैं यस दिन पनि स्नानादि अनेक शुद्धाइँका कार्यहरू गरिसकेपछि देशभरका प्रायः सबै शिव-मन्दिरहरूमा आ-आफ्ना श्रद्धा-भक्ति विभव-अनुसार दर्शन, पठन-पाठन, प्रहर-प्रहरका पूजन, जप, ध्यान, दान, नाच गान, भजन आदि गर्दछन् । व्रत उपवास बस्नेहरूले घर घरमा पनि त्यस्तै कार्य गर्दछन् । यस दिन विशेष गरीकन पशुपतिनाथको मन्दिरमा ठूलो मेला लाग्दछ र त्यहाँ नेपाल अधिराज्यभरका अर्थात् पहाड, तराई र उपत्यकाका लाखौं नरनारीहरू र हजारौं संख्यामा विदेशीहरूसमेत जम्मा हुन्छन् । तिनीहरूले त्यहाँ शिवरात्रिको रातमा चार प्रहरको चार किसिमको पूजा गर्नको अतिरिक्त महादीप, अखण्डदीप, लक्षबत्ती आदि दीपोत्सवका साथ लक्ष विल्वपत्र अर्पणादि गर्दछन् । यसबाहेक शिवरात्रिको व्रत लिने मानिसहरूले त योभन्दा अघिल्लो दिन अर्थात् त्रयोदशीको दिनमा एक छाक मात्र खाई चतुर्दशीको दिन बिहान कालो तिल आदिले नुहाएर

CC-0. In Public Domain. Digitization by eGangotri

साँझमा वा राती एकपटक वा प्रत्येक प्रहरमा षोडशोपचारले शिवजीको पूजा गर्दछन् र पूजा गर्दा धतूरो, बेलपत्रादि पनि चढाउँछन् । यो पर्वोत्सवको दिन दिउँसो ट्रिङखेलमा बढाइँ गर्ने भनी तोप र बन्दूकको ब्ल्याङ्क फायर गरिन्छ र राती शिव-मन्दिरहरू र अरू अरू पनि देवदेवीहरूका मन्दिरअगाडि आगो बालेर भजन, कीर्तन गरी जाग्राम बस्ने गरिन्छ । त्यसरी राती बालिएका आगोमा हलुवा पकाउने तथा मकै, भटमास, बदाम आदि भुट्ने पनि गरिन्छ र ती वस्तुहरू जाग्राम बस्ने मानिसहरूले आफस आफसमा बाँडचुँड गरेर खान्छन् । योभन्दा अघि शिवरात्रिको दिन बेलुकीपख टोल टोलका केटाकेटीहरू एक एक हूल बाँधी "महादेवलाई जाडो भयो दाउरा दुइ दुइ कप्टेरा पाऊँ" भनी दाउरा माग्दै हिंडेको दृश्य खुब रमणीय देखिन्छ ।

यो शिवरात्रिको मेलामा पशुपतिनाथको दर्शन गर्न काठमाडौं उपत्यकामा आउने यात्रीहरूको सुख सुविधाको लागि सरकारतर्फबाट केही दिनअगाडिदेखि नै ठाउँ ठाउँका पाटी, पौवा, सत्तल, धर्मशालाहरू खुला र सफा सुग्घर गराई ठाउँ ठाउँमा छप्पडसमेत बनाउन लगाई चाहिने ठाउँमा अस्थायी अस्पतालहरू, पाइखाना इत्यादि जो चाहिने सबै कुराको बन्दोबस्त गराइन्छ । यात्रीहरूको लागि रेल, मोटर, लरी, कहार, कुल्ली, डोले भरियाहरूको पनि रेट ठीक गरी रेटदेखि बढी भाडा, महसुल र ज्याला लिन नपाइने प्रबन्ध पनि सरकारबाट मिलाइन्छ । फेरि शिवरात्रिको दुइ-तीन दिन अघिदेखि दुइ-तीन दिनपछिसम्म शिवरात्रि मेलामा पशुपतिनाथको दर्शन गर्न आएका सिद्ध, यति, साधु, सन्त तथा महात्माहरूलाई सरकारतर्फबाट सोदा, हण्डी र खानेकुरो तथा लत्ता-कपडाहरू पनि वितरण गरिन्छ ; यसबाहेक सामाजिक संस्थाहरू, स्वयसेवकहरू र स्कूल स्कूलका बालचरहरूले पनि अनेक प्रकारले यो शिवरात्रि चाड-पर्वोत्सवको बखत यात्रीहरूको सेवाकार्य गर्दछन् ।

यो शिवरात्रि पर्वोत्सवको महत्वबारे 'लिङ्गपुराणे महादेव वचन' भनी यस्तो लेखिएको छ—"फाल्गुन कृष्ण त्रयोदशीको दिन स्नानादि कार्य गरी व्रतोपवास बसेर त्यस दिन राती जाग्राम बस्ने र त्रयोदशी सिद्धिई चतुर्दशी लाग्नासाथ महादेव र शिवलिङ्ग परिक्रमा गरी अर्घ दिने अनि शिवरात्रिको दिन पनि जाग्राम बसी होम गर्ने । यी कार्यहरू गर्नाले सर्वसिद्धि लाभ हुन्छ ।" फेरि 'भारतीय व्रतोत्सव' नामक पुस्तकमा पनि अमान्तमासको दृष्टिकोणबाट भनी यस शिवरात्रि पर्वोत्सवको महत्वबारे शिवजीले पार्वतीलाई बताउनुभएको कुरा भनी यस्तो कुरा लेखिएको छ । पार्वतीले शिवजीसंग व्रतोत्सवमध्ये सर्वोत्तम व्रतोत्सव कुन हो भनी सोद्धा शिवले भने—"व्रतोत्सवहरूमध्ये सर्वोत्तम व्रतोत्सव शिवरात्रिको व्रतोत्सव हो र यस दिन

CC-0. In Public Domain: Digitization by eGangotri

जो व्यक्तिले शुद्ध भई शुद्ध चित्त राखेर व्रतोपवास बस्दछ त्यो व्यक्ति यमलोक जानुपर्ने कार्यबाट मुक्त हुन्छ ।" यस प्रकार यस पर्वोत्सवको महत्वबारेका कुराहरू लेखिएका छन् ।

यी उपर्युक्त कथनहरूको आधारमा मात्र विचार गर्दा यो पर्वोत्सवको उत्पत्ति तथा महत्वका कारणहरू धार्मिक तथा आध्यात्मिक कुराहरू मात्र हुन् कि भने जस्तो देखिन्छ । तर अलि गहेर विचार गऱ्यो भने यो शिवरात्रि पर्वोत्सवको उत्पत्ति तथा महत्वका कारणहरू ती उपर्युक्त कारणहरूको अतिरिक्त वैज्ञानिक, आर्थिक तथा स्वास्थ्य-रक्षा आदिका कारणहरू पनि हुन् भन्ने कुरा स्पष्टरूपले देखिन आउँदछ । उदाहरणार्थ, सर्वप्रथम शिव या रुद्र भन्ने जुन नामकरण भएको छ ती नामहरू नै प्रतिपल भइरहने प्राकृतिक परिवर्तनका नामजस्ता देखिन्छन्, किनभने हामीले प्रतिदिन प्रत्येक कार्य वा वस्तुमा जुन निर्माण, सृष्टि तथा विनाश देख्दछौं त्यो नै शिव या रुद्र हो । अतः यसबाट प्राकृतिक शक्तिको वास्तविक स्थितिलाई सम्झाउनको लागि नै शिवरात्रि-पर्वोत्सवहरूको बखतमा खोलामा स्नान तथा शू-याईंका कार्य गरिने हुनाले यस पर्वोत्सवबाट पनि स्वास्थ्य रक्षा हुने कुरा त देखिन्छ । फेरि अर्को कुरो यो शिवरात्रि-पर्वोत्सवको बखत देश-विदेशबाट धेरै मानिसहरू आउने हुँदा यहाँ बनाइएका विभिन्न प्रकारका वस्तुहरू बिक्री भई देशको लागि आर्थिक लाभ पनि हुन्छ । यसको साथसाथै देश-विदेशमा नेपालका वस्तुहरू प्रचार भई यहाँका शिल्पकार तथा कलाकारहरूलाई प्रोत्साहन मिली यस पर्वोत्सवबाट मनोवैज्ञानिक फाइदा पनि हुन्छ । यसरी मोटामोटी हिसाबले मात्र भए पनि यो शिवरात्रि पर्वोत्सव मनाएको कारणबारे अन्दाज मात्र गर्न सकिई यसबारे तथ्य कुरा अहिलेसम्म पत्ता लगाउन नसकिए तापनि यो पर्वोत्सव मनाउनाले फाइदा नै भई आफ्नो संस्कृतिको रक्षा भइरहन्छ । किनभने यो शिवरात्रि नेपाल अधिराज्यको राष्ट्रिय सांस्कृतिक पर्वोत्सव हो । यसमा कुनै शङ्का छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

: २३ :

फागु-महोत्सव : होली

नेपाल अधिराज्यमा प्रत्येक वर्ष आठ आठ दिनसम्म मनाइने राष्ट्रिय पर्वोत्सव-हरूमध्ये वसन्तऋतुमा फाल्गुन महीनाको शुक्लपक्ष अष्टमीदेखि पूर्णिमासम्म मनाइने फागु महोत्सव (होली) पनि एउटा हो ।

वसन्तऋतुको बखत मनाइने महोत्सवहरूमध्ये यो महोत्सवको ठूलो स्थान छ । किनभने यी महोत्सव मानव-मानवको मनमा सञ्चित हर्षोद्गारलाई वास्तविक वस्तु-को चिह्न दर्शाई प्रकट गर्ने प्रतीकजस्तो भएको एकमात्र पर्वोत्सव हो । त्यसैले यो महोत्सवलाई नेपाल उपत्यका र पहाड़ी क्षेत्रमा यस प्रकार मनाइन्छ । सर्वप्रथम फाल्गुन शुक्ल अष्टमीको दिन मुख्य स्थानहरू तथा महत्वपूर्ण स्थानहरूमा विभिन्न प्रकारका रङ्गीचङ्गी कपड़ाहरूले सिङ्गारिएका रूख अथवा छत्राकार पर्ने गरी बनाई राखिएका 'चोर' नामक वस्तुलाई गडिन्छ । उदाहरणार्थ, काठमाडौंमा हनुमान ढोका र गद्दीदरबार अगाडि त्यस्ता चोरहरू गाडिन्छन् । अनि त्यस दिनदेखि फागु फुकेको भनी साना साना बालकहरूदेखि लिएर बूढाबूढीहरूसमेत ठूलो आनन्दका साथ परस्परमा अबीर छर्दै, रङ्ग छ्याप्दै पूर्णिमाका दिनसम्म फागु खेल्दछन् र साथै चीर-लाई पूजा पनि गर्दछन् । शहरका गल्ली र सडकहरूमा युवकहरू 'गाली' नामक राग का गीत गाएर घुम्दछन् । वस्तादहरूले 'टप्पा' नामक राग गाउँदछन् । यसै बीच फाल्गुनशुक्ल द्वादशीका दिन पहिले पहिले नारायणहिटी दरबारमा फागु-महोत्सव मनाइन्थ्यो जसमा श्री ५ महाराजाधिराजसमेत सवारी होइबक्सिन्थ्यो र सरकारी निजामती तथा जङ्गीतर्फका उच्चपदाधिकारीहरू उर्दीको पोशाकमा सम्मिलित हुन्थे । आजकाल सो प्रथा बन्द भइसकेको छ । त्यसपछि पूर्णिमाका दिन राती विधि-पूर्वक पूजा गरिसकेपछि चीरलाई ढालिन्छ र नदीको किनारमा लगी जलाइन्छ । तदनन्तर फागु महोत्सव समाप्त हुन्छ । यो फाल्गुन शुक्ल पूर्णिमाको राती काठमाडौं को सदर टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई भात खवाउन लैजाने भनी इतुब-हालदेखि कही नविसाई बोकेर ल्याइएको दश पाथी चामलको भात र एउटा राँगोको मासु ल्याई टुँडिखेलमा भात खवाई उक्त गुरुमापालाई आजकाल मिलिटरी हस्पिटलको क्याम्पमा गाभिएको पाटीमा रहेको 'जधु' नामक धारामा चुठाउने प्रथा पनि छ ।

उपर्युक्त किसिमले नै नेपाल अधिराज्य तराई क्षेत्रमा पनि यो महोत्सव नेपाल-

CC-0. In Public Domain. Digitization by eGangotri

उपत्यकामा भन्दा बढी सजधजका साथ मनाइन्छ । तर त्यहाँ यो महोत्सव नेपाल-उपत्यकामा भन्दा केही दिन बढी पनि मनाइन्छ र अबीरभन्दा रङ्ग धेरै खेलिन्छ । कुनै कुनै मानिसहरू त यस अवसरमा घोट्टा (भाँग) पिई मस्त भइरहन्छन् । यसका अतिरिक्त नेपाल उपत्यकामा पुरानो खराबीलाई जलाउने भन्ने धारणा लिई चीर-दाह गर्नेझैं त्यहाँ केटाकेटीहरूले घर घरमा मागेर ल्याएका दाउरालाई एक ठाउँमा जम्मा गरी वर्षभरि उत्पन्न भइराखेका आपसी भेदभाव र विरोधलाई होलीको आगोमा जलाउने भनी बाल्दछन् । अनि वरपरका सबै छिमेकीहरू जम्मा भई सो आगो ताप्दछन् ।

यो महोत्सव किन मनाइन्छ र यसको महत्व के छ भन्ने विषयमा विभिन्न प्रकार का कथन, वचन तथा कथाहरू छन् । त्यस्ता कथनहरूमध्ये 'पद्मपुराणे कृष्णवचनम्' भनी फागु महोत्सववारे यस्तो कुरा लेखिएको छ—'फाल्गुन शुक्ल अष्टमीका दिन चीरोत्थान-महोत्सव गरी चीर गाडेर आठ दिन हर्षपूर्वक सुगन्धित वस्तु अबीरमा मिलाई कृष्ण भुवनमा जान पाउँ भन्ने कामना गर्दै परस्पर फागु खेलनाले श्रीकृष्ण खुशी हुनुहुन्छ ।"

फेरि फाल्गुन शुक्ल अष्टमीको दिन गाडिएको चीरलाई पूर्णिमाका दिन जलाउनाले वर्षदिनभित्रका सारा खराबी चीरसँगै जलेर जान्छन् भन्ने किंवदन्ती पनि छ ।

यस्ता दृष्टान्तहरू धेरै छन् । तिनीहरूमा प्रायः पापमाथि पुण्यको विजय हुन्छ भन्ने किसिमको आशय झल्किएको पाइन्छ । मानिसहरूको भनाइ छ, पहिले द्वापर-युगमा बालक कृष्णलाई मार्न उहाँको मामा कंसले पूतना नाम गरेको राक्षस्नीलाई पठाएको थियो । त्यस राक्षस्नीले श्रीकृष्णलाई मार्न विष भएको दूध खुवाएकी थिई । तर त्यस्तो विष भएको दूध खुवाए तापनि निर्विष श्रीकृष्णको देहान्त भएन बरु पूतना आफै मरी । अनि व्रजवासीहरूले फाल्गुन शुक्ल पूर्णिमाका दिन त्यस पूतना राक्षस्नीको लाश जलाएका थिए । अनि वृन्दावन, गोकुल, मथुरा तथा त्यहाँबाट नजीकका निवासीहरूले उक्त दिन यो फागुको महोत्सव मनाएका थिए । त्यसकारण श्रीकृष्णको समयदेखि नै फागु महोत्सव मनाउने प्रथा चलेको थियो ।

यस फागु-महोत्सवसम्बन्धी अर्को एक कथा पनि उल्लेखनीय छ । त्यस कथामा हाम्रो तराई प्रदेशतिर 'होलिका दहन' गर्ने भनी मागेर ल्याइएका दाउरा बाल्ने-चलनसंग मिल्ने कुराहरू तथा कारणहरू छन् जो यस प्रकार छ—"प्राचीन समयमा हिरण्यकश्यप नामक असुर राजाले आपनै छोरा प्रह्लादलाई भगवान्को भक्त भएकोले सहन सकेको थिएन । त्यसैले प्रह्लादलाई जलाउन आपनी बहिनी होलिकालाई पठाएका थिए, किनभने राजा हिरण्यकश्यपलाई आपनो छोराले भगवान्को भक्ति गरेको

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा मन परेको थिएन । धेरै पटक मनाही गर्दा पनि प्रह्लादले नमान्दा रिसाएर हिरण्यकश्यपले प्रह्लादलाई मार्ने विष खवाउने, सर्पले टोकाउने, पहाडबाट खसाल्ने दुस्साहस कार्य गरेको थियो । तर ती जम्मै कार्य विफल भए । पछिबाट उसले आगोले छुन नसक्ने भएकी आफ्नी बहिनी होलिका पठाई प्रह्लादलाई आगोमा होमेर मार्न पठाएको थियो । होलिका प्रह्लादलाई काखमा लिएर आफूसमेत आगोमा बसी । त्यस बेला आगोले नखाने भए तापनि होलिका आगाको ज्वालामा भस्मीभूत भई र भगवान्को भक्त भएका हुनाले प्रह्लादलाई आगोले छुन सकेन । प्रह्लाद जीवित रहे । होलिका पापवृत्तिको प्रतीक थिई । त्यसो हुनाले उ आगोले नखाने शक्ति भए तापनि आगोले भस्म भएर मरी । त्यस बेलादेखि होलीको आगोलाई हामीहरूसंग भएको पापवृत्ति लाई भस्म गरी समाप्त गर्ने प्रतीक ठानी फागुको बखत आगो बालेर ताप्ने चलत चलेको हो ।''

उपर्युक्त वचन, कथन तथा कथाहरूमाथि सरसरी विचार गर्दा यस महोत्सवको उत्पत्ति धार्मिक तथा आध्यात्मिक कारणबाट भएको देखिन आउँदछ । तर हामीले अरू अरू चाड-पर्वोत्सवको उत्पत्तिका कारणबारे विचार गरेझैं यस महोत्सवको बखत गरिने व्यावहारिक कार्य-विधिहरूमाथि पनि गहिरिएर विचार गरिदिएमा फागु-महोत्सवको उत्पत्तिका कारणहरूमा मनोवैज्ञानिक, सामाजिक तथा स्वास्थ्य रक्षाका कारणहरू पनि देखा पर्दछन् । किनभने भैषज-शास्त्रका ज्ञाताहरूका कथनानुसार यस फागु-महोत्सव मनाउन सच्चा तवरले तयार पारिएका रङ्ग तथा अबीर चर्मसम्बन्धी रोग निवारण गर्ने खालका हुन्छन् र फागु खेल्नाले शीतकालमा शरीरमा उत्पन्न भइराखेको कफको पनि विनाश हुन्छ । फेरि तिनीहरूकै अर्को कथनअनुसार यस महोत्सवको बखत बालिने आगोबाट उत्पन्न धुवाँले शीतकालमा उत्पन्न भइराखेका अनेक प्रकारका रोगका कीटाणुहरू पनि निर्मूल हुन्छन् । यस्ता कथनअनुसार विचार गर्दा फागु-महोत्सवको उत्पत्ति स्वास्थ्यरक्षाका कारणबाट भएको भन्ने कुरा स्पष्टसंग थाहा पाइन्छ । अर्को कुरो यस महोत्सवको शुभ अवसरमा नरनारी सबै मुक्तरूपमा भेला भई हार्दिक प्रसन्नता व्यक्त गर्दछन् । किनभने यो महोत्सव वसन्तऋतुको प्रभाव-ले गर्दा मनमा सञ्चित भइराखेका हर्षोद्गारलाई प्रत्यक्षरूपमा प्रकट गर्ने महोत्सव हो । यसकारण कोही कोही मानिसहरू यस महोत्सवलाई 'मदनोत्सव' पनि भन्दछन् र यस समयमा रङ्गबिरङ्गका रूख तथा बिरुवाहरूको रङ्गसंग आफूलाईसमेत मिला-उने प्रयत्न मानिसहरूले गर्दछन् । त्यस्ता कार्यबाट मनलाई शान्ति प्राप्त हुन्छ र गरे-का कार्य सफल हुन्छन् । यस दृष्टिकोणबाट हेर्दा फागु-महोत्सवको उत्पत्ति आमोद-प्रमोदको लागि मनोवैज्ञानिक तवरबाट भएको जस्तो बुझिन्छ । एवं रीतले यो महोत्सवको बखत धनी, गरीब, ठूलो जात र सानु जातमा भेदभाव राखिदैन । यस

CC-0. In Public Domain. Digitization by eGangotri

कार्यले यो महोत्सवको उत्पत्ति सामाजिक विकासको लागि भएको हो कि भन्ने पनि भाव पर्न आउँदछ । जे होस्, यदि यो महोत्सवको बखत गरिने कार्य-कलापहरूमा समयको प्रभावले गर्दा विकृति उत्पन्न नभएको वा खेलमा भेला नहुनेउपर पनि कर-बलको प्रयोग गरिने प्रथा नचलेको भए यो महोत्सव ठूलो प्रेरणादायक हुने थियो । यो महोत्सवले मानिसले मानिस चिह्नी, आपसी भेदभाव नराखी पारस्परिक प्रेमलाई व्यक्त गरी तथा हर्षोल्लासका साथ मिलीजुली बस्ने प्रेरणा दिन्छ । अतः यस महोत्सव-का प्रवर्तक हाम्रा पूर्वजहरूप्रति कृतज्ञताका साथ हाम्रो शिर झुक्दछ र झुकाउनु कर्तव्य पनि हाम्रो हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

: २४ :

घोडेजात्रा र पिशाच चतुर्दशी
पाशाचह्रेचाड

चतुर्दशीको दिन परम्परादेखि मनाईंदै आइरहेका नेपालका धेरैजसो चाड-पर्वहरू-मध्ये चैत्रकृष्ण चतुर्दशीका दिन मनाइने पिशाच चतुर्दशी (पाशाचह्रे) चाड पनि एउटा हो । यो चाडलाई कोही कोही मानिसहरूले यो चाडको दिन खाइने मुख्य मुख्य वस्तुहरूमध्ये प्रमुख वस्तु लसुन भएकोले त्यसैको नामबाट यस चाडलाई 'लसुने चाड' भनी अर्को नामले पनि पुकार्दछन् । अनि यस चाडको भोलिपल्ट गरिने रमिता घोडेजात्रा नामले प्रख्यात छ ।

यो चाडलाई हामी यस प्रकार मनाउँदै आएका छौं । हामी देशका विशेष गरीकन काठपाडौं उपत्यकाका निवासीहरूमध्ये धेरैजसोले यस चाडलाई दशैं र तिहारको चाडझैं मनाउने गरिआएका छन् । यो चाडको दिन बाल-बालिका, युवक-युवती, बूढाबूढी आदि सबैले बिहान सबेरै सूर्योदयभन्दा अघिदेखी नै उठी त्यसै वेलादेखि मध्याह्न कालसम्म ठूलो हर्षोल्लासका साथ भद्रकाली, रक्तकाली, श्वेत-काली कंकेश्वरी आदि आ-आफ्ना पीठका देवीहरू र भैरव, गणेश आदि देवताहरूको दर्शन, पूजन गर्न जाने गर्दछन् । दिउँसो मध्याह्न कालदेखि बेलुकी सायंकालसम्म आ-आफ्नो घरमा मानिसहरूले आफ्ना परिवारहरूसंग बसी विविध प्रकारका खाने-कुराहरू खाई चाड मनाउँदछन् । अनि सायंकालदेखि मध्यरातसम्म पनि लोग्ने-मानिसहरूमध्ये धेरैजसो घर घरबाट निस्की भद्रकाली, कंकेश्वरी, लुमडी रक्तकाली तथा अन्य देव-देवीहरूको खटयात्राका साथ शहर परिक्रमा गरेर हिंड्दछन् । कोही व्यक्तिहरू यसै चाडको बखत बजाइने नायखिचा नामक बाजा बजाएर ती जात्रा गरिएका देव-देवीहरूका खटयात्राको साथमा रहेर पनि डुलेर हिंड्ने गर्दछन् । त्यस्तै प्रकारले कुनै कुनै मानिसहरू आ-आफ्ना साथीभाइहरूसंग भेला भई करुणरसले परिपूर्ण भएको 'धातु' नामक रागका गीत गाएर हिंड्दछन् । तिनीहरूले उक्त रागमा "कहाँ जाउँ कहाँ बसुँ जाने ठाउँ छैन हे देव—यति रमाइलो रस छोडी कहाँ जाउँ हे देव" भन्ने गीत गाएर हिंडी यो संसार दुःखको खानि हो, दुःख पाउना-लाई मात्र यो संसारमा प्राणीहरूले जन्म लिन आउँदछन् । यो संसारमा चार दिन बाँच्नलाई के कुरा ख्याल राख्ने भन्ने कुरा प्रचार गरेर हिंड्ने निराशावादी दार्श-

CC-0. In Public Domain. Digitization by eGangotri

निकहरूलाई यो संसार सुखले परिपूर्ण भएको स्थान हो, यहाँ अनेक प्रकारका राग रंग गर्न पाइन्छ भनी उत्तर दिंदै हिंडेका हुन् कि भन्ने भान हुन्छ। फेरि बाल-बालिकाहरू, युवक-युवतीहरू र बूढाबूढीहरूले सूर्यास्त भएदेखि मध्यरातसम्मको समयसम्म पनि बसेर लुकुमहाद्य नामक महादेवको एक रूपलाई जाँड, रक्सी, लसुन, मासु तथा अन्य विभिन्न प्रकारका तामसिक खानेकुरो राखी पूजा गर्दछन्, रायोको सागमा र मूलाको सागमा फुल्ने लुँ बुँ, वहबुँ नामक फूल चढाउँदछन् र उक्त महादेवकहाँ बालिएका बत्तीबाट उत्पन्न भएको ध्वाँसोबाट गाजल बनाई आँखामा लाउँदछन्। उक्त महादेवकहाँ बालिएका बत्तीको ध्वाँसोबाट बनाइएका गाजल लाउनाले आँखाको रोग निको भई आँखा तेजिला हुन्छन् भन्ने कथन छ। त्यस कारण केटाकेटीहरूले "बाघको आँखा कानो सानो मूसाको आँखा तेजिलो" भन्ने नारालाई दोहऱ्याई तेहऱ्याईकन कराउँदै अनुहारै ख्याकको जस्तो देखिने गरी गाजल लाएर हिंड्ने गर्दछन्। यो दिन पूजा गरिने उक्त लुकुमहाद्य नामक शिवलिङ्ग खाल्डाहरूमा स्थापना गरी माटोले पुरेर राखेका हुन्छन् र शिवरात्रिको दिन एक दिन र यही पिशाच चतुर्दशी (पाशाचह्रे) चाडको दिन एक दिन खाल्डाहरूमा रहेका माटो झिकी उक्त लुकुमहाद्यलाई पूजा गरिन्छ।

त्यसपछि घर घरमा राती आधा राउसम्म आमा र बूढी बज्यैहरूले आफ्ना नातिनातिनाहरूलाई यही चाडसंग सम्बन्धित दन्त्यकथा र पौराणिक कथाहरू सुनाउने गर्दछन्।

उनीहरूले उक्त लुकुमहाद्य नामक महादेवको एक रूप शिवलिङ्ग खाल्डाहरूमा रहेको र महादेव भए पनि मद्य, मांस, लसुन आदि राखेर र लुँ बुँ, वहबुँ नामक रायोको साग र मूलाको सागमा फुल्ने फूलहरू (डुकु) चढाई पूजा गर्ने बारेको कुरा यस प्रकार सुनाउँदछन्—धेरै धेरै समयअगाडि सत्ययुगमा एकपल्ट पार्वती जसले आवश्यक परेको समयमा काली र भगवतीको रूप धारण गरी मद्य, मांस आदि भक्षण गर्ने गर्दथिन् उनले महादेवलाई भनिन्—"हे महेश, देव देवमा पनि महादेव कहलाउनुभएका तपाईंकी अर्धाङ्गिनी भएर म साह्रै सौभाग्यवती भएकी छु, मलाई यसमा ठूलो हर्ष छ। तर तपाईं र ममा एक कुरामा समान नभएकोले मलाई अति खेद लाग्छ। त्यो समान नभएको कुरा के हो भने मैले बखत बखतमा अनेक रूप धारण गरी मद्य, मांस आदि भक्षण गर्दछु तर तपाईंले उक्त पदार्थहरू भक्षण गर्नु-भएको कहिले पनि देखिनँ। त्यस कारण मलाई केही अपठ्यारो जस्तो लागि-रहेछ।" पार्वतीको यो कुरा सुनी महादेवले भन्नुभयो—"गौरी, तिमी भ्रममा परेकी रहिछ्यौ। तिमीले मात्र अनेक रूप धारण गरेर समय समयमा मद्य, मांस

CC-0. In Public Domain. Digitization by eGangotri

भक्षण गरेकी होइन, मैले पनि गरेको छु।" महादेवको यस वचनलाई सुनेपछि पार्वतीले आग्रह गरीकन महादेवले मद्य, मांस भक्षण गरेको हेर्ने मनसाय प्रकट गरिन्। उनको इच्छानुसार महादेवले पिशाच रूप धारण गरी रायोको र मूलाको साग उम्रिरहेको खेतमा जानुभई कसैले नदेख्ने प्रकारले खाल्डोमा बस्नुभई मद्य, मांस लसुन खाएर देखाई पार्वतीको चित्त शान्त गरिदिनुभयो। त्यसकारण त्यसै बेलादेखि फाल्गुन कृष्ण चतुर्दशीको दिनलाई पिशाच चतुर्दशी भनी उपर्युक्त प्रकारले महादेवको पूजा गरी चाड मनाउने गरी आएको हो। यो "लुकुमहाद्य" नामक महादेव खाल्टोमा रहेको र लुंबु, वहबु नामक रायोको साग र मूलाको सागमा फुल्ने फूल (डुकु) चढाउनुपरेको कारण पनि त्यसै बेलाको गतिविधिको अनुकरणले गर्दा हो।

त्यस्तै प्रकारसँग यस चाडको बखत जात्रा गरिने भद्रकाली, ककेश्वरी देवीहरूका बारे पनि उनीहरूले कथा सुनाउँदै लुतिमरू अजिमा (इन्द्रायणी) को जात्रा कुन कारणले गरी पिशाच चतुर्दशीको दिनमा नभई बालाचतुर्दशीको दिनमा भएको भन्ने बारेमा यस प्रकारका कुरा सुनाउँदछन्—कंकेश्वरी, भद्रकाली, श्वेतकाली, रक्तकाली, इन्द्रायणी, मैतीदेवी, टंकेश्वरी आदि देवीहरूका जम्मा आठजना दिदीबहिनीहरू छन्। जसमध्ये लुतीमरू अजिमा (इन्द्रायणी) सबभन्दा गरीब र धेरै छोराछोरीहरू भएकी थिइन्। त्यसकारण धेरै छोराछोरीहरूकी आमाले सुख पाउँदैनन् भन्ने आहानअनुसार उक्त लुतिमरू देवीले पनि सुख पाएकी थिइनन्। एक समय यही पिशाच चतुर्दशीको चाडको दिन एक ठाउँमा ती उपर्युक्त देवीहरूका सबै दिदीबहिनीहरूले भोजको निम्ता गरेछन्। त्यस बखत ती देवीहरूका दिदीबहिनीहरूमध्ये सबैलाई अनेक सम्मानका साथ स्वागत सत्कार गरियो तर इन्द्रायणी (लुतिमरूअजिमा) एउटीलाई गरीब भएकी हुनाले कसैले पनि सम्मान गर्ने कुरा त एकातिर नै छ एक लवजसम्म पनि कसैले बोलेन। त्यसै बखत उक्त अजिमाका केटाकेटीहरूले भोक लाग्यो, भोक लाग्यो भनी कराउँदै हल्ला मचाएछन्। उनीहरू कराएको आवाज उनीहरूलाई निम्तो गर्ने घरपतिलाई सुन्न मन लागेनछ। उ रिसले चुरमुरिई टाढाबाट "लौ खा" भन्दै सुकेर ढुङ्गाझैं साह्रो भइसकेका रोटीहरू हुत्याउन ल्याएछ। तिनमा एउटा रोटीले इन्द्रायणीदेवी (लुतिमरू) अजिमाको एकजना बालकको टाउकोमा चोट परी रगत निस्केछ। तर रगत जम्मै सुनमा परिणत भएछ। त्यसो भए तापनि आफुलाई अपमान गरेको सहन नसकी अपशोच गर्दै भोजै नखाईकन लगत्तै फर्केपछि फेरि त्यही पहिले भोज डाक्ने व्यक्तिले नै पहिलेझैं सबै उपर्युक्त देवीहरूका दिदीबहिनीहरूलाई भोजको निम्तो गरे। त्यस बखत उक्त इन्द्रायणी (लुतिमरू अजिमा) आफ्ना छोराछोरी जम्मैलाई अनेक गहना र

CC-0. In Public Domain. Digitization by eGangotri

पोशाक लगाउन दिई भोजको निम्तोमा गइन्। त्यस बेला भोज बोलाउने उक्त घरपतिले उनीहरूलाई खूब सम्मानपूर्वक स्वागत सत्कार गरेर भोज खुवाउन ल्याएछ। तर इन्द्रायणी र उनका छोराछोरीहरू कसैले पनि भोज नखाई आफूले लाएर आएका गहनालाई छोड्दै खाने कुरातिर राखी गहना र पोशाकको अन्धाले भोजमा सम्मान पाउँदो रहेनछ। यी भोजनहरू हामीलाई खुवाएको होइन गहना र पोशाकलाई खुवाएको हो भन्दै त्यस बेला पनि केही नखाई पहिलेझैं लगत्तै घर फर्केर आए। त्यस वेलादेखि इन्द्रायणी (लुतिमरू अजिमा) एउटीको यात्रा पिशाच चतुर्दशीको दिन नभई बालाचतुर्दशीको दिन गर्ने गरेको हो। यस प्रकार आमा तथा बूढीबज्यैहरूले यस चाडसंग सम्बन्धित कुराहरू सुनाउने गर्दछन्।

त्यसपछि यसै चाडको रातमा टुँडिखेलमा खट जुधाउने भनी बढी उमेरका देवीहरूलाई कम उमेरका देवीहरूले ढोगाउने कार्य गरिन्छ। अनि भोलिपल्ट असनमा पनि त्यस्तै प्रकारले खट जुधाउने भनी टुँडिखेलमा जस्तै बढी उमेरका देवीहरूलाई परिक्रमा गराउने र ढोगाउने कार्य गरिन्छ। फेरि टुँडिखेलमा पनि त्यस दिन घोडादौड र सर्कस आदि अनेक रमिता गरी समारोह गरिन्छ जसमा श्री ५ महाराजाधिराजसमेत सम्मिलित होइबक्सिन्छ। देशका विभिन्न भागबाट त्यो रमिता हेर्न मानिसहरू आउँदछन्। यही रमिताको कार्यले आजकाल पिशाच चतुर्दशीको चाडलाई नै घोडेयात्राको चाड भन्ने प्रथा चलिसकेको छ। वास्तवमा यो चाडको बखत पाश्चात्य देशको नक्कल गरी घोड-दौड गर्ने र सर्कस आदि रमिता गर्ने प्रथा ऐतिहासिक कुराअनुसार नेपालका स्वर्गीय प्रधानमन्त्री जङ्गबहादुर वेलायत भ्रमण गरी देशमा फिरिसकेपछि त्यस बेलादेखि चलिआएको जस्तो देखिन्छ। तन्त्र त शास्त्रको कुराअनुसार यस चाडको बखत एउटै मात्र घोडा दौडाउने प्रथा थियो। घोडे यात्राको दिन नेपाल उपत्यकाका धेरैजसो टोलहरूमा लुकुमहाद्य रहेका ठाउँहरूमा साना साना केटाकेटीहरूलाई पनि पूजा गरी "मलःजा खुवाउने" भनी खानेकुरो र भात खुवाइन्छ।

अब हामी यस चाडलाई हाम्रो पुण्यभूमि नेपालमा किन र कहिलेदेखि मनाउँदै आएको हो भन्ने कुरातर्फ विचार गरौं। यस चाडवारेका अरू निभिन्न प्रकारका कथनहरूको अतिरिक्त शास्त्रोक्त कथनअनुसार "महाकालतन्त्रे शिववचन" भनी यस्तो लेखिएको छ—"चैत्र कृष्णपक्षको चतुर्दशीलाई पिशाच चतुर्दशी भनिन्छ। यस दिनको लुकुमहाद्यः स्वरूपको अर्थात् पिशाचरूपी महादेवलाई लसुन, छ्यापी तथा मद्य, मांस राखी पूजा गरेर बत्ती चढाई गाजल बनाई आँखामा लगाई रायोको सागमा फुलने फुल तथा मूलाको सागमा फुलने फूल चढाई पूजा गर्नाले र पीठ सेवा अर्थात् कंकेश्वरी भद्रकाली आदि देवीहरूको सेवा गर्नाले सर्वसिद्धि प्राप्त गर्न सकिन्छ। फेरि त्यस

CC-0. In Public Domain. Digitization by eGangotri

दिनको भोलिपल्ट अर्थात् चैत्रकृष्ण औंसीको दिन उपर्युक्त किसिमले नै पाठ-पूजा गरेर घोडेयात्रा गरी रमिता गर्नाले मानिसहरूले भविष्यका कुराहरूको ज्ञान प्राप्त गर्न सक्छन् ।" त्यस तन्त्रमा यो पनि भनिएको छ—"घोड–दौडमा छोडिएको घोडा जति जति चर्को वेगले दौडन्छ त्यति त्यति छिटो हिसाबले दुःख पीडा दिन आएका शत्रुहरू पछि हटेर भाग्दछन्, शत्रुहरू नाश हुन्छन् , रोगादि दुःख निवारण भएर महासुख लाभ हुन्छ ।" यी कथनहरूमा विचार गर्दा यो चाड मनाउने प्रथा नेपालमा तन्त्रयान को बोलबाला भएपछि मात्र चलेको जस्तो भान पर्दछ । तर फेरि माथि बूढीवज्यैहरूले आफ्ना नातिनातिनाहरूलाई यस चाडको राति भन्ने कथा भनी उल्लेख गरिसकिएको महादेव पार्वतीको वार्तालापविषयक कुराको विचार गर्दा यो चाड सत्ययुगदेखि नै मनाउने गरिआएको हो कि भन्ने विचार उत्पन्न हुन आउँछ । तर यस चाडको उत्पत्तिबारेका कुराको पूर्ण ज्ञान प्राप्त गर्न धेरै समय लाग्दछ । अहिले तुरुन्त पत्ता लगाउन मुश्किलैको कुरा छ । अन्वेषण गर्नुपर्ने आवश्यक छ । किनभने वंशावलीको कथनअनुसार यो चाडको बखत खटयात्रा गरिने भद्रकाली, कंकेश्वरी, इन्द्रायणी (लुती) आदि देवीहरूको स्थापना कलिगत ३८२५ मा राजा गुणकामदेवले 'यँ' नाम गरिएको पहिलेको काठमाडौं शहरको क्षेत्र बढाई कान्तिपुर शहर भनी नामकरण गरेर देश-रक्षार्थ विभिन्न दिशामा स्थापना गरेको प्रमाण आउँदछ । फेरि ती देवीहरूको खट-यात्रा गर्ने र बाह्र वर्षमा एकपटक ती देवीहरूमध्ये धेरैजसोको नाच नचाउने प्रथा राजा अमर मल्लले नेपाल सम्बत् ५८० मा चलाएका हुन् भन्ने कुराको पनि ज्ञान प्राप्त हुन आउँदछ । त्यसकारण यी कुराहरूबारे राम्रो ज्ञान प्राप्त गर्न धेरै समय लाग्दछ र अहिलेलाई भूमिका मात्रको भए पनि प्रारम्भ गरी राख्न उचित देखिन आउँछ ।

साधारणतया आधुनिक दृष्टिकोणबाट हेर्दा यो चाडलाई पहिले पहिलेका विद्वान-हरूले अरू अरू चाडबाडलाई झैं आफ्नो कृषिप्रधान देश नेपालका जनतालाई केही दिन आराम विश्राम गराउन दिई हरबखत काममा व्यस्त रहेको मगजलाई विश्राम दिन लगाउनको लागि बनाइराखेको जस्तो देखिन आउँदछ । यस चाडको गतिविधि हेर्दा पनि मानिसहरूको स्वास्थ्य-रक्षा र आमोद-प्रमोदको लागि नै धार्मिक तथा तान्त्रिक रङ्गमा रङ्गाई यस चाडलाई मनाउन दिइराखेका हुन् कि भन्ने भान पर्न आउँदछ । आजकल कसै कसैले पहिलेका मानिसहरूलाई दोष लगाउँदै यी चाडबाडहरू पहिलेका मानिसहरूले आजकालको समयलाई नसुहाउने गरीकन मनाइराखे भन्ने कुरो कुनै मात्रामा सत्य भए तापनि हाम्रो देशको स्थिति र मानिसहरूको जीवन-स्तरबारेका कुरा विचार गर्दा अझै उल्टो कुरो हो भन्ने प्रतीत हुन आउँछ । किनभने यो चाडबारे अलि गहिरिएर विचार गर्दा अनेक शिक्षाप्रद कुराहरू दृष्टिगोचर हुन आउँदछन् । उदाहरणार्थ, यस लेखको माथिल्लो भागतिर उल्लेख गरिएका देवीहरूको कथाबाट

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले इष्टमित्र, साथी भाईहरू तथा नाताकुटुम्बहरूकहाँ जाँदा झुत्रो तथा मैलो लुगा लगाएर जानाले हेला हुन्छ, अपमान सहनुपर्ने हुन्छ, आफ्नो दिन-दशा बिग्रेको बखत आफ्नै घरमा बसिरहनु बेस हुन्छ, विचार नगरीकन कसैकहाँ एक-दुई छाक खान जानु-भन्दा आफ्नै घरमा ढिडो खोले फाँडो जे छ त्यही खाएर बसिरहनु ज्यादै कल्याण-कारी रहेछ भन्ने शिक्षा प्राप्त गर्न सकिन्छ । यो चाडको बखत सफा, सुग्घर, लिपपुत तथा नुहाउने जगर्ने व्यक्तिले पनि नुहाइ धुवाइ गरिने कार्यबाट स्वास्थ्य-रक्षा तथा सफा सुग्घरको कार्यमा बानी लगाउने शिक्षा ग्रहण गर्न सकिन्छ । यी कुराहरूका अतिरिक्त यस चाडको बखत टुंडिखेलमा र असनमा खट जुधाउने भनी क्रमैसंग बढी उमेरका देवीहरूलाई कम उमेरका देवीहरूले ढोगाई परिक्रमा गराउने कार्यबाट जुन-सुकै बेलामा र जहाँतही पनि तल्लो दर्जाका र कम उमेरका व्यक्तिहरूले माथिल्लो दर्जाका र बढी उमेरका व्यक्तिहरूलाई मान मर्यादा, आदर सत्कार तथा सम्मान गर्नु-पर्दो रहेछ भन्ने अनुशासन पालन विषयक व्यावहारिक ज्ञान हासिल गर्न सकिन्छ । यी कुराहरूले गर्दा यो चाड निरर्थक त्यसै मनाउन लगाइराखेको रहेनछ भन्ने कुरो स्पष्ट देखिन्छ ।

चाडबाड मनाउने प्रथा सभ्यताको चुचुरोमा पुगिसकेका देशहरूमा पनि छ । उनीहरूले आफ्नो परम्परागत चाडबाडलाई छोडेका छैनन् बरु सुधारवादी रङ्गमा रङ्गाउँदै मनाउने गरिआएकै छन् । त्यसकारण हामीले यो चाड तथा अरू पनि विभिन्न चाडबाडलाई आफ्नो देश-काल परिस्थितिअनुसार आफ्नो अवस्थासंग मिल्ने गरी मनाउँदै रहनुमा नै देशको गौरव छ । अरूले घोडा चढ्यो भन्दैमा आफूले घरको धुरी चढ्न खोजेर कुनै फाइदा छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

: २५ :

चैतेदशैं र राम-नवमी

नेपालका चाड-पर्वोत्सवहरूमा चैते दशैं र राम-नवमी पनि उल्लेखनीय राष्ट्रिय चाड-पर्वोत्सवहरू हुन्। यी पर्वोत्सवहरू प्रत्येक वर्ष क्रमशः चैत्र शुक्ल अष्टमी र नवमीका दिनमा मनाइन्छन्।

सर्वप्रथम हामी चैते दशैंको महत्व र अरू विषयका कुरातर्फ विचार गरौं। कृषिप्रधान देश नेपाल अधिराज्यमा वर्षको दुइपटक दशैं मनाइन्छ, एकपटक शरद-ऋतुको आश्विन महीनामा र अर्कोपटक वसन्तऋतुको चैत्र महीनामा। चैत्र दशैं त्यसै वसन्तऋतुको चैत्र शुक्ल अष्टमीका दिन मनाइने दशैं हो। त्यसैले यसलाई वासन्ती पनि भनिन्छ। यो दशैंको महत्वबारे "वर्षकृत्य प्रदीपक" नामक धर्मग्रन्थमा 'चैत्र शुक्ल अष्टमीको दिन भवानी उत्पन्न हुनुभएको दिन हो। यस दिन भवानीको पूजा गरी विधिपूर्वक पर्वोत्सव मनाइएमा रोग-शोक हटेर गई सधैं आनन्द र सुख हुनेछ भनी लेखिएको छ। त्यसकारण यस दिन ठाउँ ठाउँका भगवतीका मन्दिर पीठहरूमा कोह, मौलामा र घर घरमा पनि अधिदेखिको चलनअनुसार गरिआए को विधि-विधानपूर्वक पूजा-आजा, पठन-पाठन गरिन्छ, हाँस, कुखुरा, राँगो, बोका आदिको पनि बलि गरिन्छ र ठाउँ ठाउँमा देवी भागवत, कालिका पुराण तथा अरू स्तोत्रादि पाठ गरिन्छन्। यस दिन अशोकको फूल खानाले रोग-शोकादि नाश हुन्छन् भन्ने शास्त्रको वचनलाई पालन गरी कुनै कुनै मानिसहरूले शास्त्रोक्त मन्त्र जप्दै अशोकको फूल खान्छन् पनि।

फेरि यसै दिनदेखि वर्षेनि हुने काठमाडौं मछिन्द्र बहालमा रहेका श्वेत मछिन्द्र-नाथ (आर्यावलोकितेश्वर) को रथयात्रा पनि प्रारम्भ हुन्छ। त्यो रथयात्रा चैत्र शुक्ल अष्टमीका दिन तीनधारा पाठशाला (जमल) देखि असनसम्म, नवमीको दिन असनदेखि कालभैरव स्थानसम्म, दशमीको दिन कालभैरव स्थानदेखि लगनसम्म त्यो रथयात्रा हुन्छ। अनि एकादशीको दिन बेलुकी ठूलो स्वागतका साथ खटमा राखी श्वेत मछिन्द्रनाथलाई मन्दिरमा फिर्ता ल्याइन्छ।

श्वेत मछिन्द्रनाथको रथयात्राको महत्वबारे "स्वम्भूपुराणे भगवान् बुद्धवचनम्" भनी यस्तो कुरा लेखिएको छ—"चैत्र शुक्ल अष्टमीका दिन मञ्जुपत्तन (काठमाडौं)-

CC-0. In Public Domain. Digitization by eGangotri

मा यमलोकेश्वर (श्वेत मछिन्द्रनाथ आर्यावलोकितेश्वर)-को रथयात्रा हुन्छ । प्रत्येक वर्षमा हुने उक्त रथयात्राको प्रभावले गर्दा देशमा दुर्भिक्ष नाश भई सुभिक्ष हुनेछ ।"

चैत्रअष्टमी वा चैत्र दशैंको महत्ववारे माथि उल्लेख गरिएका कथन तथा वचनअनुसार यस पर्वोत्सवको उत्पत्तिका मुख्य कारणहरू पनि धार्मिक तथा आध्यात्मिक नै हुन कि भन्ने भान पर्दछ । तर राम्रोसग निहारेर विचार गर्दा यसको उत्पत्ति पनि धार्मिक तथा आध्यात्मिक कारणहरूका अतिरिक्त मनोवैज्ञानिक स्वास्थ्य-रक्षा तथा आमोद-प्रमोदका कारणहरूबाट भएको देखिन आउँदछ । किनभने यस चैत्र दशैंताका दिन लामो भई अलि अलि उराठलाग्दो वातावरण छाउन थाल्दछ । त्यसैले भगवती, भवानीको पूजा तथा रथयात्रा आदि कार्य हुँदा मन बहलाउ भई आमोद-प्रमोद हुन थाल्दछ । फेरि अरू अरू चाड-पर्वोत्सव मनाउँदा झैं नुहाइ-धुवाइ, सफा-सुग्घर, लिपपोत आदि कार्य पर्वोत्सवको बखत गरिने हुँदा स्वास्थ्यरक्षाको कार्य पनि घुमाउरो तवरबाट हुन्छ । त्यस्तै किसिमले उक्त पर्वोत्सवको बखत आफन्तहरूसंग भेट हुँदा र एक थरीले अर्को थरीलाई निम्तो आदि कार्यबाट पारस्परिक मेलमिलापको भावना जागृत हुन थाल्दछ, साथै एउटाले अर्कोलाई मद्दत गर्नुपर्दछ भन्ने प्रेरणा पनि मिल्दछ ।

यसपछि चैत्र दशैंको भोलिपल्ट भगवान् रामचन्द्रको जन्म दिवस मनाइन्छ । प्रख्यात भएको राम-नवमी, चैत्र शुक्ल नवमीको दिन पर्दछ । त्यस दिन रामभक्तहरू तथा अरू पनि मानिसहरूले भगवान् रामचन्द्रको जप, ध्यान, व्रत, पूजा गर्नुको अतिरिक्त रामगीता, अध्यात्म, वाल्मीकीय, अद्भुत, आनन्द, तुलसीकृत, भानुभक्तीय रामायण पाठ गर्दछन् । ठाउँ ठाउँमा रहेका राम-मन्दिरहरूमा नाच, गान, भजन कीर्तन तथा पूजन ठूलो भक्तिभावपूर्वक हुन्छ । यस दिन नेपाल अधिराज्यको जनकपुरमा ठूलो मेला लाग्दछ । देश-विदेशका हजारौं नरनारीहरू मेला गर्न जनकपुर आउँदछन् ।

रामनवमीको महत्वको विषयमा "गार्ग्यतन्त्रे कृष्णवचन" भनी यस्तो लेखिएको छ—"चैत्र अष्टमीको दिन अष्टमातृकालाई विधिपूर्वक पूजा गरिसकेपछि त्यसको भोलिपल्ट नवमीको दिन रामचन्द्रको पूजा गरी जप, पाठ, ध्यान व्रत गर्नाले मनले चिताएको कार्य सफल हुनेछ ।" यस्तै किसिमले 'व्रतार्क" नामक धर्मग्रन्थमा "अगस्त्य संहितामा" लेखिएको कुरा भनी यस नवमीबारे यस्तो बयान लेखिएको छ—'चैत्र शुक्ल नवमी रामचन्द्र जन्मनुभएको दिन हो । त्यसैले यो दिन व्रत-उपवास वसी श्रद्धा-भक्तिपूर्वक रामचन्द्रको पूजा गर्नाले अनेक जन्मका पाप नाश भई परलोक हुँदा वैकुण्ठवासको प्राप्ति हुन्छ । एवं रीतले राम-नवमीविषयक अनेक

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक कथनहरू छन् । यी कथनहरू तथा वचनहरूअनुसार विचार गर्दा राम-नवमीबाट आध्यात्मिक र धार्मिक लाभ हुने मात्र होइन देखिई यस पर्वोत्सवको उत्पत्ति पनि उपर्युक्त कारणबाट भएको होला भन्ने अनुमान हुन आउँदछ तर अलि गढेर विचार गर्दा राम एक आदर्श पुरुष भएका हुनाले उनको जीवनीको अध्ययन-बाट अनेक शिक्षा-दीक्षा प्राप्त गरी जीवन सार्थक गर्न नै यस राम-नवमी पर्वोत्सवको उत्पत्ति पहिलेका विद्वानहरूले गरेका होलान् भनी कल्पना गर्न सकिन्छ । जे होस्, लट्ठी पनि नभाँचिने सर्प पनि नमर्ने तरीकाले कार्य गर्न सकेमा चैते-दशैं र राम-नवमी हामी नेपाली मात्रको लागि वर्तमान समयमा पनि उपयोगी नै देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

A552

रत्न पुस्तक भण्डार
काठमाण्डौं, नेपाल

आवरण मुद्रक : जौहरी प्रिन्टिंग प्रेस
गदौलिया, वाराणसी • फोन) 66816